सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० असोज २०८२, सोमबार (6O ct 2M onday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पूर्वी नेपालमा ठुलो मानवीय क्षति

दुई दिनको बाढीपहिरोबाट देशभर ५२ जनाले ज्यान गुमाए, सात बेपत्ता । काठमाडौं उपत्यकासहित मध्य नेपाल पनि उच्च जोखिममा रहेको आकलन गरिए पनि तत्काललाई विपत्ति टरेको जल तथा मौसम विज्ञान विभागको भनाइ

कहाँ कतिको मृत्यु ?

इलाम : ३७ जना, पाँचथर : ८ जना,
उदयपुर : २ जना, खोटाङ : २ जना,
रौतहट : ३ जना, काभ्रे : १ जनाको मृत्यु
(लाङटाङमा ४, काठमाडौंमा १,
बारामा १ र इलाममा १ जना बेपत्ता)

मधेश जलमग्न

दुई दिनको भारी वर्षाले सप्तरीमा १५ सय, सर्लाहीमा करिब एक हजार र पर्सामा तीन सय घर डुबानमा

बाढीपहिरोले पूर्वमा १०५.४ मेगावाटका १३ आयोजना बन्द

न्यूनचापीय प्रणाली बाहिरियो, तत्काल ठुलो वर्षाको सम्भावना छैन



● **कमलराम जोशी,** महानिर्देशक जल तथा मौसम विज्ञान विभाग

हामीले अनुमान गरेभन्दा पाँच घण्टाअघि नै प्रणाली बाहिरियो, जसकारण पूर्वी नेपालमा आइतबार अनुमान गरिएको वर्षा टच्यो । काठमाडौंसहित मध्य नेपालबाट पनि शनिबार राति २ बजेपछि प्रणाली पूर्व लाग्ने ठानेका थियौं, १२ बजे नै सिफ्ट हुँदा यस क्षेत्रमा राति ठुलो पानी पर्न पाएन, जुन खुसीको कुरा हो । अब हिजोअस्तिजस्तो ठुलो वर्षा हुने सम्भावना देखिँदैन ।

■ रेकर्डब्रेक वर्षासँगै इलाममा पहिरोले तहसनहस

३७ को मृत्यु, एक बेपत्ता, २० घाइते



इलामको माइजोगमाई गाउँपालिका- ३ काफ्लेगाउँको पहिरो ।

शनिबार दिनभरको वर्षापछि गएको पहिरोमा परी इलाममा ३७ जनाले ज्यान गुमाएका छन् । एकजना बेपत्ता र २० जना घाइते भएका छन् । देउमाई नगरपालिका र माइजोगमाई गाउँपालिकामा आठ-आठजना, इलाम नगरपालिका र सन्दकपुर गाउँपालिकामा ६-६ जना, सूर्योदय नगरपालिकामा पाँचजना, माडसेबुङ गाउँपालिकामा तीनजना र फाकफोकथुम गाउँपालिकामा एकजनाको ज्यान गएको इलामकी प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताइन् ।

बिपी राजमार्गको १७ ठाउँमा साढे चार किमि सडक बगायो बाढीले

काभ्रेमा **इन्द्रबहादुर थापा**

रोशी खोलाको बाढीले पूर्वको लाइफलाइन बिपी राजमार्गको चौकीडाँडादेखि नेपालथोकखण्डमा १७ ठाउँमा साढे चार किलोमिटर सडक बगाएको छ । गत वर्ष असोजको बाढीले नौ किलोमिटर सडक बगाएकामा डाइभर्सनमार्फत यातायात सञ्चालन भइरहेकामा शनिबार र आइतबार फेरि सडक बगाएको सडक डिभिजन कार्यालय भक्तपुरका इन्जिनियर दुर्गा प्रसादले बताए ।

कहाँ-कहाँ छ राजमार्गमा सवारी अवरोध ?
(पृष्ठ ६)

उनका अनुसार पोहोर बाढीले बगाएको नौ किलोमिटरमध्येबाट ३५ सय मिटर सडक बगेको हो । '१७ ठाउँमा सडक बगेको छ, जसमध्ये धेरैजसो ठाउँ डाइभर्सन हो,' उनले भने, 'यसबाहेक १०-२० मिटरका दरले ठाउँठाउँमा बगेको छ । रोशीमा पानी घटेको छैन, त्यही भएर यकिन गर्न सकिएको छैन । मान्छे जान सक्ने अवस्था छैन ।' रोशीको बहाव घटेको चार-पाँच दिनमा डाइभर्सन बनाउन सक्ने आकलन रहेको

» पृष्ठ २ मा क्रमशः



बिपी राजमार्गअन्तर्गत नमोबुद्ध- ६ चौकीडाँडास्थित सडक गत वर्षको बाढीले बगाएपछि डाइभर्सन बनाएर यातायात नियमित गरिएको थियो । बाढीले फेरि डाइभर्सन नै बगाएको छ ।

उच्च सतर्कताले राजमार्गमा कम क्षति

● **दुईदिने झरी र त्यसको क्षतिबारे आइतबार जानकारी दिँदै ऊर्जा, भौतिक एवं सहरी विकासमन्त्री कुलमान घिसिङले भने-**



हामीले धेरै क्षतिको आकलन गरेका थियौं, धेरै जनशक्ति परिचालन गरेका थियौं, त्यसकारण हाम्रो संरचनामा क्षति भए पनि मानवीय रूपमा अति क्षति भएको छैन । केही बस्तीहरू बगाएर मानवीय क्षति भएको छ, नदीको नजिकको बस्ती र सडक बगाएर कुनै पनि क्षति भएको छैन । अब आइतबारदेखि नै सडक खोल्नेतर्फ हामी अघि बढिसकेका छौं । विशेष गरी नेपालथोकको सडक मर्मत गर्ने काम सुरु भइसकेको छ । अन्य सडकहरूमा भएको अवरोध हटाउन उपकरणहरू प्रयोग गर्ने र अहिलेलाई वैकल्पिक सडकहरू प्रयोग गर्न पनि अनुरोध गर्छौं । केही बेलिब्रिजमा क्षति भएको छ, ती स्थानहरूका बेलिब्रिज छिटोभन्दा छिटो जडान हुन्छ ।

सरकारले उच्च सतर्कता अपनाउँदा तुलनात्मक रूपमा यो वर्ष राजमार्गमा भने मनसुनजन्य विपत्को क्षति कम भएको छ । भारी वर्षाको प्रक्षेपणपछि शुक्रबार नै सरकारले लामो दूरीका यातायातमा रोक लगाउनुका साथै उपत्यका भित्रन तथा बाहिरिनसमेत बन्द गरेको थियो ।

शनिबार र आइतबारको वर्षामा बाढी-पहिरोका कारण राजमार्गमा कसैको मृत्यु नभएको प्रहरीले जनाएको छ । गत वर्षको असोजमा आएको बाढी-पहिरोमा राजमार्गमा ठुलो क्षति भएको थियो । यद्यपि, यसपटक गत वर्षको तुलनामा काठमाडौं उपत्यकाआसपास ठुलो पानी परेन । राजमार्गमा क्षति पनि कम भएको छ । यद्यपि, गत वर्षबाट पाठ सिकेर सरकारले उच्च सतर्कता अपनाएको थियो । बिहीबारदेखि नै रातिको समयमा अधिकांश सडकमा सवारी चलाउन रोक लगाइएको थियो । साथै शुक्रबारदेखि नै अत्यावश्यकबाहेक सवारी चलाउन रोक लगाइएको थियो ।

विपत्जन्य क्षति न्यूनीकरणका लागि सरकारका मन्त्रीहरू पनि खटिएका थिए । गृहमन्त्री ओमप्रकाश अर्याल तथा यातायातमन्त्री कुलमान घिसिङ निरन्तर खटिएका थिए । प्रधानमन्त्री सुशीला कार्कीले पनि शनिबार राष्ट्रका नाममा सन्देश जारी गरी विपत्को समयमा सतर्कता अपनाउन सबैलाई आग्रह गरेकी थिइन् । विपत्को क्षति न्यूनीकरणका लागि सर्वसाधारणलाई सचेतना बढाउनेदेखि पूर्वतयारीमा यसपटक धेरै मिहिनेत गरिएको गृहमन्त्री ओमप्रकाश अर्याल बताउँछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

यम बम, चिरञ्जीवी घिमिरे

दसैँलगत्तैको बाढीपहिरोका कारण पूर्वी नेपालमा ठुलो मानवीय क्षति भएको छ । काठमाडौं उपत्यकासहित मध्य नेपाल पनि उच्च जोखिममा रहेको आकलन गरिएको थियो, तर तत्कालका लागि जोखिम टरेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

गृह मन्त्रालयका अनुसार शनिबार बिहानदेखि आइतबार बेलुकासम्म बाढी, पहिरो, चट्याङ तथा दुर्घटनामा ५२ जनाको मृत्यु भएको छ भने सातजना बेपत्ता भएका छन् । जसमध्ये ४८ को मृत्यु कोशी प्रदेशमा भएको हो । काठमाडौं उपत्यका र आसपासका जिल्लामा पनि भारी वर्षाको पूर्वानुमान गरेर उच्च सतर्कता अपनाइए पनि तुलनात्मक रूपमा कम क्षति भएको छ । सबैभन्दा ठुलो क्षति इलाममा भएको छ । जहाँ ३७ जनाले ज्यान गुमाएका छन् । मनसुनको सेन्टरलाइन परेकाले इलाममा धेरै वर्षा हुँदा ठुलो क्षति भएको मौसमविद्ले बताएका छन् ।

जल तथा मौसम विश्लेषक डमिन्द्र दाहाल मध्य नेपालमा मनसुनको सेन्टरलाइन (केन्द्र रेखा) महाभारतभन्दा तलतिर रहेकाले काठमाडौंसहित पहाडी क्षेत्रमा शान्त भइसकेको अवस्थाको पानी परेको, तर त्यही केन्द्र रेखा पूर्वी नेपालमा पहाडतिर पर्न गएकाले घना पानी परेर क्षति धेरै भएको बताउँछन् । 'मध्य नेपालमा मनसुनको केन्द्र रेखा महाभारतभन्दा दक्षिणतिर रहेकाले चुरे र तराई-मधेशमा भीषण पानी पऱ्यो, त्यो पानी सजिलै निकास

» पृष्ठ २ मा क्रमशः

घर तोडफोड भएपछि दलित परिवारको बिचल्ली

'गाउँमा प्रहरी बोलाउने' भन्दै २०-२५ जनाको समूहले घर तोडफोड गरेपछि अस्थायी बसोबासको माग गरिरहेका दलित परिवार लगत्तै परेको वर्षामा ओत लाग्ने ठाउँसमेत नहुँदा बिचल्लीमा



लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको कल्याणपुर नगरपालिका- ८ अरङ गाउँको ठुलो पोखरीका दलित समुदाय बिचल्लीमा परेका छन् । विश्वकर्मा पूजाको आर्केस्ट्रामा भएको विवादपछि शान्तिसुरक्षाको माग गर्दै प्रहरी गुहारेका दलितहरूलाई 'प्रहरी बोलाउने' भन्दै शुक्रबार दिउँसो २०-२५ जनाको समूहले बस्तीका पाँच घर तोडफोड गरेको थियो । लगत्तै लगातार परेको वर्षाले ओत लाग्ने ठाउँसमेत नपाउँदा उनीहरू बिचल्लीमा परेका हुन् ।

» पृष्ठ २ मा क्रमशः

७३ वर्षीय बिन्दे पासमानले भने-

घामपानी छेक्ने झुपडीसमेत भत्काएर लुटपाट गरे । दुई दिनको वर्षामा टाउको लुकाउने ठाउँसमेत पाएनौं ।

भिडलाई उक्साएको आरोपमा वडाध्यक्ष प्रहरी नियन्त्रणमा

बस्ती तोडफोड र लुटपाटमा संलग्नहरूलाई उक्साएको आरोपमा प्रहरीले शनिबार कल्याणपुर- ८ का वडाध्यक्ष रामकिशोर यादवलाई नियन्त्रणमा लिएको छ । वडाध्यक्ष यादवलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर सोधपुछ गरिरहेको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माले जानकारी दिए । 'घटनामा संलग्न अन्य व्यक्तिहरूको पनि खोजी भइरहेको छ,' उनले भने । तोडफोड र लुटपाटको घटनामा वडाध्यक्ष स्वयं उपस्थित नभए पनि अन्यत्र बसेर भिडलाई उक्साएको बताइएको छ । केही दिन पहिले दलित बस्ती तोडफोड र लुटपाट गर्नेहरूलाई उनले बस्ती खाली गराउन वडा कार्यालयबाट सिफारिस दिएको खुलेको गाउँलेहरूको आरोप छ ।



रामकिशोर यादव, वडाध्यक्ष

प्रहरीकै उपस्थितिमा पाँच घरको दलित बस्ती तोडफोड र लुटपाट भएको घटनाको विषयमा शुक्रबार राति नयाँ पत्रिकाको अनलाइन संस्करणमा समाचार प्रकाशन भएपछि शनिबार प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीसहित जिल्ला प्रहरी प्रमुख शर्मा तोडफोड भएको बस्ती पुगेका थिए । बस्तीको स्थलगत अनुगमन र पीडितहरूसँग कुराकानी गरी फर्किएपछि प्रहरी प्रमुख शर्माले जिल्ला सुरक्षा समितिबाट पाँच पीडित परिवारलाई कम्बल, झुल र त्रिपाल दिइएको बताए । 'गाउँमा स्थानीयसँग सोधपुछसहित तोडफोड र लुटापाटमा संलग्न व्यक्तिहरूको घर खानतलासी गरिए पनि भेटिएनन्,' उनले भने, 'प्रहरीले खोजतलास जारी राखेको छ ।' उनका अनुसार पालिकालाई पीडितहरूको अस्थायी बसोबास र खाद्यान्नका लागि पहल गरिदिन आग्रह गरिएको छ । प्रहरीले घटना भएकै दिन शुक्रबार मिर्चैयाबाट गएको प्रहरीलाई दुर्व्यवहार र आक्रमण गर्न खोजेका स्थानीय करिब ६१ वर्षीय गणेश कामतीलाई नियन्त्रणमा लिएको थियो ।

आजदेखि सरकारी कार्यालयले सेवा सञ्चालन गर्ने

नयाँ पत्रिका

दसैँको बिदापछि आजदेखि सरकारी कार्यालयमा सेवा सञ्चालन हुने भएको छ । मनसुनजन्य विपत्को जोखिमका कारण गृह मन्त्रालयले १९ र २० असोजमा सार्वजनिक बिदा दिने निर्णय गरे पनि मौसम सफा हुँदै गएपछि सोमबार भने कार्यालय खोल्ने निर्णय गरिएको हो ।



राजमार्ग खुलाउने अधिकार सिडिओलाई

गृह मन्त्रालयले आइतबार ७७ जिल्ला प्रशासनलाई नै परिपत्र गरी विपत् जोखिम तथा प्रतिकार्यमा संलग्न नरहेका जिल्लाहरूले सार्वजनिक सेवा नियमित गर्न निर्देशन दिएको हो । सोहीअनुसार काठमाडौंसहित सबैजसो जिल्ला प्रशासन कार्यालयले सोमबारदेखि सेवा सुरु गर्ने भएका छन् । अन्य सरकारी कार्यालयलाई समेत सेवा सञ्चालन गर्न भनिएको छ ।

विपत्को जोखिमका कारण सोमबारसम्म लामो दूरीका यातायात बन्द गरिएपछि सार्वजनिक बिदा दिने निर्णय गरिएको थियो । यातायात बन्द भएसँगै कर्मचारीहरूसमेत फर्कन समस्या हुने भएपछि बिदा दिने निर्णय भएको थियो । पूर्वी नेपालका केही जिल्लाबाहेक अन्यत्र आइतबारदेखि मौसममा सुधार भएपछि सोमबारदेखि सरकारी कार्यालय खोल्न लागिएको हो ।

यो वर्षको दसैँको नियमित बिदा १८ असोजसम्म थियो । वर्षाका कारण बिदा लम्बिएको हो ।

त्यस्तै, गृह मन्त्रालयले परिस्थिति हेरेर राजमार्गहरू सञ्चालन गर्ने वा बन्द गर्ने अधिकार पनि सिडिओलाई दिएको छ । भारी वर्षाको आकलनपछि विभिन्न राजमार्गहरू रातको समयमा बन्द गर्ने निर्णय भएको थियो । धेरै राजमार्गमा त्यो नियम हटेको छ ।

■ रेकर्डब्रेक वर्षासँगै इलाममा पहिरोले तहसनहस

३७ को मृत्यु, एक बेपत्ता, २० घाइते

नयाँ पत्रिका



माङसेबुङ गाउँपालिका- १ पाटीगाउँमा पहिरोमा परेर घाइते भएका एकजना पुरुष र एक गर्भवतीलाई उद्धार गर्दै सेना

वडा कार्यालयले जस्तापाता सहयोग गरेपछि इलाम देउमाई नगरपालिका- ५, दुसेनीका ३० वर्षीय दीपक लिम्बूले ६ महिनाअघि मात्रै नयाँ घर बनाएका थिए। तर, नयाँ घरमा खुसीका साथ ६ महिना पनि बस्न पाएनन्।

वर्षासँगै शनिबार रातिको पहिरोले उनको नयाँ घरसँगै परिवार नै लग्यो। दीपकसँगै उनकी २७ वर्षीया श्रीमती ऋषिका र १० वर्षीया छोरी लिपिस्का तथा पाहुना आएका पाँचथर फाक्तेपका नौ वर्षीय बालक सौजन र ११ वर्षीय सौगात लिम्बूको ज्यान गयो। पाहुना आएकी एक बालिकालाई भने घाइते अवस्थामा उद्धार गरिएको देउमाई- ५ का वडाध्यक्ष तिलकबहादुर हेम्जनले बताए। 'परिवारलाई राम्रो घरमा राख्ने भनेर दीपकले घर बनाएको ६ महिना पनि भएको थिएन। हामी (वडा कार्यालय)ले नै जस्तापाता सहयोग गरेका थियौँ। तर, नयाँ घरमा पहिलो दसैँ पनि राम्ररी मानिसकन नपाउँदै परिवारकै ज्यान गुम्यो,' उनी भन्छन्, 'घरमाथिको बाँसको झ्याङ नै खसेर घर भत्काउँदा परिवारकै मृत्यु भएछ। घरमा आएका दुईजना पाहुना बालक पनि बिते। उनीहरूलाई शनिबार नै घर पठाउने तयारी रहेछ। तर, बालकहरूले जान मानेनछन्।'

दीपकको घर राति करिब २ बजे पहिरोले पुऱ्यो। वडाध्यक्ष हेम्जनलाई ३ बजे राति नै फोन आएको थियो। तर, बाटोका कारण उनी ७ बजे मात्र पुगे। 'आवाज ठुलो आएपछि छिमेकीले हेर्दा घर पुरेको रहेछ। त्यसपछि मलाई फोन आयो। बाटो सबै बिग्रिएका कारण हिँडेर जान मलाई दुई घण्टा लाग्यो,' उनले भने, 'यहाँ पहिरो जाला भन्ने त अनुमान पनि गरिएको थिएन। तर, बाँसको झ्याङसहित पहिरो खस्दा यही घरलाई मात्र क्षति भएको छ।'

देउमाई- ५ कै डाँडेमा दुईजनाले ज्यान गुमाएका छन्। राति सुतिरहेको अवस्थामा २२ वर्षीय रोशन लिम्बू र उनकी श्रीमती बेबिशा लिम्बूको ज्यान गएको वडाध्यक्ष हेम्जमले बताए। 'उनीहरूको विवाह भएको एक वर्ष नहुँदै दुर्वैजनाले पहिरोमा ज्यान गुमाए। घरमा दुईजना मात्र रहेछन्,' वडाध्यक्ष हेम्जम भन्छन्, 'बुबाआमा पाहुना गएकाले उहाँहरू जोगिनुभयो। साह्रै दुःखद घटना भयो।' रातको समय भएका कारण पहिरोमा परी ज्यान गुमाएको उनी बताउँछन्। 'रातको समयमा निदाएको वेला पहिरो आयो। कतै भाग्न पनि नपाई ज्यान गयो,' उनी भन्छन्।

माङसेबुङ गाउँपालिकाका अध्यक्ष हेमन्त राईले पनि नसोचेको विपत आइपरेको बताए। उनले माङसेबुङ- १ स्थित पाटीगाउँमा पहिरोले तीनजनाको ज्यान गएको बताए। यस्तै, गजुरमुखीमा देउमाई नदीले १३ घर बगाएको बताए। 'खासै जोखिम आकलन नगरेको ठाउँमा पहिरोले मान्छे पुऱ्यो,' उनले भने, 'देउमाईमा पहिला पनि बाढी आउँथ्यो। तर, यति ठुलो आएको थिएन। १३ वटा घर बगाएको छ।'

इलाममा मात्रै ३७ जनाले ज्यान गुमाए

शनिबार दिउँसोदेखिको वर्षापछि पहिरोमा परी इलाममा ३७ जनाले ज्यान गुमाएको इलामकी प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताइन्। एकजना बेपत्ता छन्। २० जना घाइते भएका छन्। देउमाई नगरपालिका र माइजोगमाई गाउँपालिकामा आठ-आठजना, इलाम नगरपालिका र सन्दकपुर गाउँपालिकामा ६-६ जना, सूर्योदय नगरपालिकामा पाँचजना, माङसेबुङ गाउँपालिकामा तीनजना र फाकफोकथुम गाउँपालिकामा एकजना गरी ३७ जनाले ज्यान गुमाएको प्रजिअ नेपालले बताइन्।

घाइते २० मध्ये तीनजनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरेर उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ। नौजना स्थानीय अस्पतालमा उपचारपछि डिस्चार्ज भएको उनले बताइन्। सूर्योदय नगरपालिकामा पाँचजना घाइतेको उद्धार गर्न नसकिएको उनले बताइन्। खराब मौसमका कारण हेलिकोप्टरमार्फत उद्धार गर्न असम्भव भएको प्रजिअ नेपालको भनाइ छ। 'आइतबार उद्धार गर्न सकिएन। उहाँहरूको स्वास्थ्य चौकीमा उपचार भइरहेको छ। बाटोका कारण गाडीबाट उद्धार गर्ने अवस्था छैन,' उनले भनिन्, 'सोमबार हेलिकोप्टरमार्फत उद्धार गरिनेछ। मौसम सफा भएन भने सुरक्षाकर्मीले बोकेर भए पनि उपचारका लागि लैजानुहुनेछ।'

दसैँको समय भएकाले इलामबाहिरबाट इलाममा आएका पाहुनाको पनि मृत्यु भएको उनले बताइन्। 'सबै विवरण त आइसकेको छैन। तर, मृत्यु हुनेमा इलामबाहिरका पनि छन्,' उनले भनिन्, 'दसैँको समयमा पाहुना आएकाहरूको पहिरोमा परी मृत्यु भएको पाइएको छ।' रातको समयमा पहिरो आएका कारण पनि मानवीय क्षति धेरै भएको उनी बताउँछिन्। 'यत्तिको क्षति राति केही घण्टा पानी आउँदा भएको हो। रातको समयमा भएका कारण निद्रामा परेकाहरूलाई घरसँगै पहिरोले बगाएको छ,' प्रजिअ नेपालले भनिन्।

सिडिओ नेपालले भने पूर्वसूचना र जानकारी पालिकामार्फत सबै जोखिमयुक्त ठाउँमा पठाइएको बताइन्। यसपटक भने पूर्वानुमान गरिएको ठाउँमा भन्दा विपत जोखिम आकलन नै नगरिएको ठाउँमा बढी क्षति भएको उनको भनाइ छ। 'पूर्वानुमान गरिएको ठाउँमा नागरिकलाई राति बस्न दिएनौं। सचेत गराउने काम पनि भएको हो। तर, पूर्वानुमान गरिएको ठाउँमा खासै केही भएन,' उनले भनिन्, 'हामीले पूर्वानुमान नगरेको ठाउँमा विपत आयो। पहाडी जिल्ला भएका कारण पनि मानवीय क्षति धेरै भयो।' सबै सुरक्षा निकाय मानवीय क्षति भएको ठाउँमा उद्धारमा खटिएका कारण सडक र अन्य भौतिक क्षतिको विवरण आइनसकेको उनले बताइन्। केही परिवार विस्थापित भएको जानकारी आएको, तर पूरा विवरण आइनसकेको उनको भनाइ छ। विस्थापितहरूलाई स्थानीय तहमार्फत सुरक्षित स्थानमा राखिएको प्रजिअ नेपालले जानकारी दिइन्।

कोशीका बाढीपहिरोमा ४३ जनाको मृत्यु

बाढीपहिरोमा परी कोशी प्रदेशमा शनिबार राति र आइतबार गरेर ४३ जनाले ज्यान गुमाएको कोशी प्रदेश प्रहरी कार्यालयले जनाएको छ। जसमा १५ जना पुरुष, १७ महिला, तीन बालक र आठ बालिका रहेको कोशी प्रदेश प्रहरीले जनाएको छ। मृत्यु हुनेमा सबैभन्दा बढी इलाममा ३७ जना रहेका छन्। जसमा १३ पुरुष, १४ महिला, तीन बालक र सात बालिका रहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दीपक पोखरेलले बताए। बाढीपहिरोमा परी मृत्यु हुनेमा पाँचथरमा दुई, उदयपुरमा दुईजना, मोरङमा एकजना र खोटाङमा एकजना रहेको प्रहरीले जनाएको छ। यस्तै, बाढीपहिरोमा परी पाँच महिला र पाँच पुरुष गरी १० जना घाइते भएको प्रहरीले जनाएको छ। एकजना बेपत्ता रहेका छन्। बाढीपहिरोमा फसेका ५३२ जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ।

आजसम्म कारागार नफर्कने कैदीबन्दीलाई थप सजाय हुने

काठमाडौं/ २४ भदौमा कारागारबाट भागेका कैदीबन्दीलाई कारागार प्रशासनले आजसम्म फर्कने अन्तिम म्याद दिएको छ। आजसम्म नफर्कनेमाथि कारागार नियमावलीअनुसार थप सजाय हुने भएको छ।

गत १० असोजमा बसेको गृह मन्त्रालयको बैठकले २० असोजसम्म कारागार फर्कनेलाई थप सजाय नहुने निर्णय गरेको थियो। तर, अझै करिब ६ हजार कैदीबन्दी कारागारबाहिर छन्। २४ भदौमा करिब १३ हजार कैदीबन्दी कारागारबाट भागेका थिए। भागेकामध्ये आधा फर्किए पनि आधा अझै बाहिरै छन्।

कारागार व्यवस्था विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार सोमबारसम्म कारागार नफर्कने कैदीबन्दीलाई कारागार ऐन, २०७९ अनुसार कारबाही हुनेछ। जसअनुसार कारागारबाट भागेको कसुरमा उनीहरूमाथि ५० प्रतिशतसम्म सजाय थप हुनेछ।

कारागारबाट फरार भएका कैदीबन्दी पक्राउ गर्न हरेक जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा 'फरार बन्दी खोजी तथा पक्राउ कार्यदल' गठन गरिएको छ। समितिलाई खोजतलास र निगरानीलाई सघन बनाउन गृह मन्त्रालयले निर्देशन दिएको छ। फरार कैदीबन्दीलाई लुकाउनेलाई समेत कारबाही गरिने विभागले जनाएको छ। साथै कारागारबाट भागेका बन्दीहरू कतै देखेमा नजिकको प्रहरीमा खबर गर्न आग्रह गरिएको छ।

सुदूरपश्चिमले कटौती गऱ्यो दुई अर्बका टुक्रे आयोजना

अब उपभोक्ता समितिमार्फत आयोजना कार्यान्वयन नहुने

धनगढी/ सुदूरपश्चिम प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को बजेटमा विनियोजन भएका १० लाखभन्दा कम लागतका टुक्रे आयोजना कटौती गरेको छ।

जेन-जी आन्दोलनबाट भएको क्षतिको पुनर्निर्माणका लागि स्रोत अभाव भएको भन्दै प्रदेशको मन्त्रिपरिषद्को शुक्रबारको बैठकले टुक्रे आयोजना कटौतीको निर्णय गरेको हो। यो निर्णयबाट कम्तीमा दुई अर्ब बजेटका योजना कार्यान्वयनमा नजाने मुख्यमन्त्री कार्यालयले जनाएको छ।

खर्च कटौतीसम्बन्धी नीति अघि बढाउने क्रममा मन्त्रिपरिषद्को बैठकले खर्च कटौती गर्न पाँचवटा निर्णय भएको मुख्यमन्त्री कमलबहादुर शाहले बताए। उनका अनुसार प्रदेश सरकारमातहतका निकायबाट सञ्चालन हुने आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने छैनन्। अब ठेक्का प्रणालीबाट मात्र कार्यान्वयन हुनेछन्। त्यस्तै, एउटै क्रियाकलाप नम्बरमा समावेश भएका दुई वा दुईभन्दा बढी खानेपानी तथा सिँचाइबाहेकका आयोजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने, हाल विनियोजित रकममा छपाइ तथा प्रकाशनतर्फ ७० प्रतिशत र बैठक भत्ता, भ्रमण भत्ता, अनुगमन तथा मूल्यांकन खर्च, तालिम, गोष्ठी तथा सेमिनारतर्फ विनियोजन बजेटको ५० प्रतिशत कटौती गर्ने निर्णयसमेत बैठकले गरेको छ। साथै, बैठकले अनुभव आदानप्रदान तथा अन्तरप्रदेश भ्रमण, दिवस, समारोह, उत्सवका कार्यक्रम कार्यान्वयन नगर्ने निर्णय गरेको छ।

प्रदेशमा खर्च कटौतीका लागि भन्दै मुख्यमन्त्री शाहले त्यसअघि बिहीबार धनगढीमा सर्वदलीय बैठक आह्वान गरेर योजना कटौतीको प्रस्ताव गरेका थिए। तर, सत्तारूढ एमालेले असहमति जनाएपछि निर्णय हुन सकेको थिएन। तर, त्यसको भोलिपल्ट मन्त्रिपरिषद्बाट निर्णय भएको हो।

पूर्वी नेपालमा...

पृष्ठ १ बाट क्रमशः

भयो। तर, मकवानपुर, काठमाडौं, काभ्रेलगायत क्षेत्रमा लगातार पानी परे पनि भीषण पानी पर्न सकेन,' दाहालले भने, 'पोहोर असोजमा महाभारत उत्तरी भूभागमा धेरै वर्षा भएको थियो। काभ्रे र काठमाडौं उपत्यकावरपर धेरै ठाउँमा आरीघोप्टे वर्षा (क्लाउड बर्स्ट) भएको थियो, जुन यसपालि भएन।'

काठमाडौंलगायत क्षेत्रमा शनिबार राति भीषण वर्षा गराउने आकलन गरिए पनि न्यूनचापीय प्रणाली पूर्वी नेपालतिर सरेको थियो। जसकारण मधेश र कोशीमा भीषण वर्षा भयो भने कोशीको इलामलगायत क्षेत्रमा पहिरोको विपत्ति निम्तियो। मनसुनी आँधी मध्यबाट पूर्वी नेपालतिर सर्दा नेपालको भूगोल आग्नेय दिशातिर मोडिएका कारण घना बादल महाभारतभन्दा उत्तरतिर हुँदै जाने हुनाले कोशी पहाडले ठुलो विपत्को सामना गर्नुपर्ने पूर्वसंकेत प्राप्त भइसकेको छ।

सरकारले काठमाडौं उपत्यकासँग जोडिएका तीनवटा राजमार्गमा शनिबार नै यातायात सञ्चालनमा रोक लगाउनुका साथै जोखिममा रहेका नदीछेउका बस्तीका बासिन्दालाई विद्यालयमा सारेर राम्रो काम गरेको जल तथा मौसम विश्लेषक दाहालले बताए। 'तर, सरकारको तयारी पूर्वी नेपालमा केन्द्रित हुन सकेन। त्यहाँका बस्ती पहिरोको जोखिमयुक्त ठाउँमा छन्। भूगर्भ विभागलगायतका निकाय सक्रिय हुनुपर्थ्यो त्यो भएन,' उनले भने।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराज जोशी समयमै पूर्वानुमान, आमनागरिकसमम्म सूचनाप्रवाह र राज्यका अंगबिच समन्वय एवं एकद्वार प्रणालीबाट काम हुँदा बाढीबाट मानवीय क्षति टरेको बताउँछन्। तर, पहिरो पूर्वानुमानको संयन्त्र नभएको र एकैपटक ठुलो पानी पर्दा इलामलगायत क्षेत्रमा क्षति भएको उनले बताए। 'शनिबार राति काठमाडौंमा पिक हुन्छ भनेका थियौं। तर, राति १२ बजे नै सिस्टम पूर्वीतिर सिफ्ट भयो, जसकारण उपत्यकामा २४ घण्टामा २०० मिलिमिटरसम्म पनि पानी पर्न पाएन, यसले जोगायो। इलामलगायत क्षेत्रमा ३०० मिलिमिटरमाथि पानी पर्दा ठुलो क्षति भयो। त्यहाँबाट पनि पाँच घण्टाअघि नै बाहिरियो,' उनले भने, ' 'हामीले अनुमान गरेभन्दा पाँच घन्टा अघि नै प्रणाली बाहिरियो, जसकारण पूर्वी नेपालमा आइतबार अनुमान गरिएको वर्षा टऱ्यो,' जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले भने, 'काठमाडौंसहित मध्य नेपालबाट पनि शनिबार राति २ बजेपछि प्रणाली पूर्व लाग्ने ठानेका थियौं, १२ बजे नै सिफ्ट हुँदा यस क्षेत्रमा राति ठुलो पानी पर्न पाएन, जुन खुसीको कुरा हो। अब हिजोअस्तीजस्तो ठुलो वर्षा हुने सम्भावना देखिँदैन।'

रौतहटको महेशपुरमा ३५८ मिलिमिटर वर्षा, चार स्टेसनमा रेकर्ड ब्रेक

२४ घण्टा शनिबार बिहानदेखि आइतबार बिहानसम्म सबैभन्दा धेरै वर्षा रौतहटको महेशपुरमा ३५८ मिलिमिटर भएको छ। जुन अत्यधिक धेरै वर्षा हो। तर, यो स्टेसन दुई वर्षअघि मात्र राखिएकाले जल तथा मौसम विज्ञान विभागले त्यहाँका लागि अहिलेसम्मकै धेरै हो, होइन भनेर प्रस्ट पारिसकिएको छैन।

यद्यपि, यो अवधिमा इलामको हिमाली गाउँ, रौतहटको गौर, पर्साको वीरगन्ज र इलामकै इलाम टी-इस्टेट स्टेसनमा अहिलेसम्मकै धेरै वर्षा मापन भएको विभागका मौसमविद् सुदर्शन हुमागाईंले बताए। शनिबार बिहानदेखि आइतबार बिहानसम्म इलामको हिमाली गाउँमा ३३२.६, गौरमा ३१५, वीरगन्जमा २९४.५ र इलाम टी-इस्टेट केन्द्रमा २८०.२ मिलिमिटर वर्षा मापन भएको छ। यसअघि हिमाली गाउँमा १५ जुलाई १९८३ मा ३२०.६, गौरमा १३ सेप्टेम्बर २०१२ मा ३०१.५, वीरगन्जमा १ अगस्ट १९८७ मा २८२.८ र इलाम टी-इस्टेटमा १० अगस्ट १९९७ मा २७३.२ मिलिमिटर वर्षा नै अहिलेसम्मकै अधिक थियो। तर, यी चारवटै केन्द्रमा अहिलेसम्मकै धेरै वर्षा रेकर्ड भएको हो।

विभागका अनुसार गत २४ घण्टाको वर्षाको विवरणअनुसार १८६ वटा केन्द्रमा वर्षा भएको छ। वर्षा मापन भएका केन्द्रमध्ये १०५ मा ५० मिमिभन्दा बढी, ६८ वटामा १०० मिमिभन्दा बढी, २१ वटामा २०० मिमिभन्दा बढी र पाँचवटा केन्द्रमा ३०० मिमिभन्दा बढी वर्षा मापन भएको छ।

राहतका लागि इलाममा ७० लाख निकासा

पहिरोबाट सबैभन्दा बढी प्रभावित इलाममा तत्काल आवश्यक राहतका ७० लाख निकासा भएको छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले अन्य प्रभावित जिल्लाको विपत् कोषमा पर्याप्त रकम रहेकाले तत्काल निकासा नभएको, तर इलामका हकमा ७० लाख निकासा भएको बताइन्। 'यो रकम तत्काल आवश्यक पर्ने राहतका लागि हो। जिल्लाबाट सम्बन्धित पालिकाका विपत् व्यवस्थापन कोषमा जान्छ,' उनले भनिन्, 'आवश्यक परेमा संघबाट थप रकम जान्छ।'

प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टको अध्यक्षतामा आइतबार बसेको मनसुन प्रतिकार्य कमान्ड पोस्टको बैठकले स्थानीय तहसँग समन्वय गरी मृतकका परिवारलाई मापदण्डबमोजिम (प्रतिपरिवार दुई लाख, एकै परिवारबाट एकभन्दा बढीको मृत्यु भएकाको हकमा थप एक लाखका दरले) तत्काल राहत उपलब्ध गराउन र घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने निर्णय पनि गरेको छ।

अतिभारी वर्षाका कारण उत्पन्न मनसुनजन्य विपत्का घटनाबाट पीडित तथा प्रभावित व्यक्तिको खोज, उद्धार, राहत तथा पुनर्स्थापना कार्यलाई निरन्तरता दिने निर्णय भएको प्रवक्ता महतले बताइन्। 'विपत्जन्य घटनाबाट भएको प्रारम्भिक क्षतिको आकलन, प्रभावित जनसंख्या तथा क्षेत्रको विवरण यथाशीघ्र संकलन गरी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउन सम्बन्धित निकायलाई अनुरोध गरिएको छ,' उनले भनिन्, 'विपत् प्रभावित व्यक्ति तथा परिवारलाई राहत, स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्य यथाशीघ्र सम्पन्न गर्न सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायलाई अनुरोध गरेका छौं।'

प्राधिकरणले अवरुद्ध सडकहरूको मर्मत-सम्भार गरी तत्काल सडक सूचारु गर्न, अत्यावश्यक सेवा, राजमार्गमा रोकिएका मालवाहक र यात्रुवाहक सवारीसाधन तथा छोटो दूरीमा सञ्चालन हुने सवारीसाधनहरूको हकमा स्थानीयस्तरको विपत् जोखिमको अवस्थालाई दृष्टिगत गरी अन्तरजिल्ला समन्वयमा आवागमन सुचारु गर्न र अवरुद्ध खानेपानी, विद्युत्, सञ्चारलगायतका अत्यावश्यक सेवा सञ्चालन गर्न पनि सम्बन्धित निकायलाई भनेको छ।

कहाँ कतिको मृत्यु ?

■ इलाम : **३७ जना** (**पहिरो**)

इलाम नगरपालिका- ६ घोषगाउँ बस्ने प्रकाश तामाङको घरमा पहिरो जाँदा २३ वर्षीय समीर देउजाली, २३ वर्षीय प्रवीण तामाङ, २३ वर्षीय विराज पाख्रिन तामाङ, झापा अर्जुनधारा नगरपालिका- ६ बस्ने अर्जुन दनुवारको छोरा तीन वर्षीय आवास दनुवार, ३२ वर्षीया अनु तामाङ र आठ वर्षीया प्रिन्सिखा मगरको मृत्यु भएको हो। यस्तै, सन्दकपुर गाउँपालिका- १ छाँगे बस्ने छविधन राईको घरमा पहिरो जाँदा सोही ठाउँ बस्ने ४३ वर्षीय भीमबहादुर राई, ६६ वर्षीया हरिमाया राई, सोही गाउँपालिका- ४ बस्ने ४७ वर्षीया देवी राई, ५४ वर्षीय शेखर राई, सोही गाउँपालिका- ३ बस्ने ७४ वर्षीया सारदा सेडाईं र ४८ वर्षीया तारादेवी राईको पुरिएर मृत्यु भएको प्रहरीले जनाएको छ। यसैगरी, माइजोडमाई गाउँपालिका- ३ प्याङ बस्ने ८२ वर्षीय बर्मलाल सोडमीको घरमा पहिरो जाँदा बर्मलालसहित ७० वर्षीया बुद्धमाया सोडमी, ४६ वर्षीय धनबल सोडमी, ४२ वर्षीया सरला सोडमी र १४ वर्षीया प्रकृति सोडमीको पुरिएर मृत्यु भएको छ।

सूर्योदय नगरपालिका- १ मानेभञ्ज्याङ बस्ने राजु क्षेत्रीको घरमा पहिरो जाँदा ६५ वर्षीया मनमाया क्षेत्री, १० वर्षीया रस्मिका क्षेत्री, दोलखा घर भएका ४५ वर्षीय दीप बस्नेत, उनकै श्रीमती ४४ वर्षीया भवानी बस्नेत र छोरी १२ वर्षीया दिव्या बस्नेतको मृत्यु भएको छ। देउमाई नगरपालिका- ५ ढुसेनी बस्ने ३० वर्षीय दीपक लिम्बूको घरमा पहिरो जाँदा दीपकसहित उनकी श्रीमती २७ वर्षीया ऋषिका लिम्बू, छोरी १० वर्षीया दिपिस्का लिम्बू, भतिजो ९ वर्षीय सौजन लिम्बू र ११ वर्षीय सौगात लिम्बूको मृत्यु भएको हो। सो पहिरोबाट प्रहरीले एकजनाको सकुशल उद्धार गरेको छ। यस्तै, देउमाई नगरपालिका- ५ झारे बस्ने मनकुमार लिम्बूको घरमा पहिरो जाँदा उनकै छोरा २२ वर्षीय रोशन लिम्बू र बुहारी २२ वर्षीया बेबिसा राईको मृत्यु भएको हो। देउमाई नगरपालिका- ३ लक्ष्मीबोटे बस्ने गणेश मगरको घरमा पहिरो जाँदा सोही ठाउँ बस्ने २८ वर्षीय कृष्ण मगरको पुरिएर मृत्यु भएको प्रहरीले जनाएको छ।

यसैगरी, माङसेबुङ गाउँपालिका- १ पाटीगाउँ बस्ने मदन लिम्बूको घरमा पहिरो जाँदा उनकै आमा ५७ वर्षीया कृष्णमाया लिम्बू, फुपू ५० वर्षीया माया लिम्बू र पाँचथर मिक्लाजुङ गाउँपालिका- ६ बस्ने १७ वर्षीया नेहा राईको मृत्यु भएको छ। त्यहाँबाट प्रहरीले पाँचजनालाई उद्धार गरेको छ। यसैगरी फाकफोकथुम गाउँपालिका-३ रातमाटे बस्ने २८ वर्षीय सुरेश लिम्बूको घरनजिकै गाईगोठ हेर्न जाने क्रममा पहिरोमा पुरिएर मृत्यु भएको छ। यस्तै, माइजोगमाई गाउँपालिका- ६ ओडारे बस्ने भक्तबहादुर थेबेको घरमा पहिरो जाँदा सोही ठाउँ बस्ने २८ वर्षीय किरण थेबे, १८ वर्षीया मनमाया थेबे, तीन वर्षीया मुनुसा थेबेको पुरिएर मृत्यु भएको छ।

- उदयपुर (२) : मन्जु अधिकारी (४५), रेविका राई (३)
- पाँचथर (८) : मिकेश नेम्वाङ (१७), कान्छीमाया सेर्मा (७९), मनीषा कार्की (२८), युना तामाङ (२९), धनकुमार चोमजोङ (३३), अभिशेक लिम्बू (३२), विनोद लंगवा (३३), गीता हांगाम (२१)
- खोटाङ (२) : सुमन विक (२१), राजेश रम्तेल (४०)
- रौतहट (३) : नवीन यादव (१६), सरोज लेहरी (रौतहट), पनवा देवी (७५)
- काभ्रेपलाञ्चोक (१) : विमलादेवी तामाङ (५७)

घर तोडफोडमा...

पृष्ठ १ बाट क्रमशः

'घामपानी छेक्ने झुपडीसमेत भत्काएर लुटपाट गरे,' ७३ वर्षीय बिन्दे पासमानले भने, 'दुई दिनको वर्षामा टाउको लुकाउने ठाउँसमेत पाएनौं।' खान जोहो गरेर राखेको अन्नपात भाँडावर्तनसमेत लुटेर लगेपछि एक छाक पेट भर्नसमेत मुस्किल परिरहेको उनको गुनासो छ। बस्तीमा तोडफोड र लुटपाट गरिएका पाँच परिवारका तीसजनाको बिचल्ली भएको उनले बताए।

स्थानीय दलितहरूले आफूहरूलाई उठीवास गराइदिने धम्की दिएकाले सुरक्षाका लागि शुक्रबार बिहानै कल्याणपुरस्थित इलाका प्रहरी कार्यालयलाई गुहारेको पीडित सोभित पासमानले सुनाए। 'कल्याणपुरका प्रहरीका इन्चार्ज सञ्जय शर्मा अर्का प्रहरीसहित बस्तीमा त आए, तर दलितहरूको घर तोडफोड र लुटपाट गरिरहँदा रोक्नेसम्म प्रयास गरेनन्,' उनले भने।

गत १ असोजमा गाउँमा ल्याइएको आर्केस्ट्रामा मदिरा सेवन गरेर पुगेका स्थानीय प्रभाषसिंह राजपुतसँग दलित युवाहरूको सामान्य विवाद भएपछि उनले दलित बस्ती उठाइदिन्छु भन्दै धम्क्याएको पीडितहरू बताउँछन्। 'त्यसलगत्तै कल्याणपुर प्रहरीमा ३ असोजमा शान्ति-सुरक्षाको माग गर्दै निवेदन दिएका थियौं,' पीडित राजकुमार पासमानले भने, '१२ असोजमा राखिएको छलफल नभएपछि २१ असोजका लागि तोकिएको थियो, चार दिनअगावै बस्ती प्रहरीकै अगाडि तोडफोड र लुटपाट गरे।'

स्थानीय प्रभाष सिंह, नितेशसिंह, शैलेन्द्र सिंह, राजकुमार सिंह, मुस्तफा राइन, रामनारायण सिंह, लक्ष्मी सिंहलगायत २०-२५ जनाको समूहले शुक्रबार दिउँसो करिब २ बजेतिर घर तोडफोड गर्नुका साथै घरमा रहेका सामान, सुनचाँदी, नगद लुटेर लगेको पीडितहरूको भनाइ छ। उक्त समूहले घर तोडफोड गर्दै दलितहरूको घरआँगनमा रहेका केरा, कागती, आँप, अम्बाका बोट भाँच्नुका साथै सुनचाँदीका गहना, नगद, अनाज फर्निचर लुटपाट गरेर लगेको उनीहरूको गुनासो छ। उक्त समूहले अशोकको घरबाट चारआना सुन र ३० तोला चाँदीको गहना, राजकुमारको घर तोडफोडसहित मजदूरी गरेर राखेको धानचामल, रासलालको घरमा राखिएको दालचामल, चारआना सुन र १० तोला चाँदीको गहनासहित १८ हजार रुपैयाँ नगद, बिन्दे पासमानको घरमा रहेको २० तोला चाँदीका गहना, दुईआना सुन र तीन हजार नगद लुटेर लगेको पीडितहरूको आरोप छ। प्रहरीको रेकर्डमा 'फरार' भनिएका प्रभाष ज्यान मार्ने उद्योग, चन्द्रदीप र लक्ष्मी अनुचित लेनदेन मुद्दाका प्रतिवादी रहेको बताइएको छ।

यस्तो थियो विवाद

१ असोजको विश्वकर्मा पूजाको दिन गाउँमा ल्याइएको आर्केस्ट्रामा हो-हल्ला भएपछि पासमान टोलका युवाहरूसँग प्रभास, नितेसलगायतको विवाद भएको थियो। 'त्यही वेला उठिबास गराउने धम्की दिएपछि ३ असोजमा इलाका प्रहरी कार्यालय कल्याणपुरमा शान्ति सुरक्षाका लागि निवेदन दिएका थियौं,' पीडित सोभितले भने '१२ असोजमा प्रहरीमा राखिएको छलफल नभएपछि २१ असोजका लागि तोकिएको थियो।' दलित भन्दै हेपेर शुक्रबार बस्तीमा आउँछौं भन्दै धम्क्याएपछि पीडितहरूले कल्याणपुर प्रहरीलाई बेलैमा खबर गरेको भए पनि त्यहाँबाट गएका प्रहरीकै अगाडि तोडफोड र लुटपाट भएको उनीहरूको गुनासो छ। 'प्रहरीले एकपल्ट रोक्नेसम्म प्रयास पनि गरेन,' उनले भने। प्रहरीको रेकर्डमा 'फरार' भनिएका प्रभास सिंह, चन्द्रदिप सिंह लागयतको समूहले प्रहरीकै अगाडि दलितको घर तोडफोड र लुटपाट गरिरहँदा कल्याणपुरबाट गएका प्रहरीले रोक्नेसम्म प्रयास नगरेको स्थानीय दलितहरूको गुनासो छ। प्रभास ज्यान मार्ने उद्योग र चन्द्रदिप अनुचित लेनदेन मुद्दाका फरार व्यक्ति रहेको बताइएको छ।

बिपी राजमार्गको...

पृष्ठ १ बाट क्रमशः

उनले सुनाए। भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले पनि आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बिपी राजमार्ग तीन-चार दिनमा सञ्चालनमा ल्याइने बताएका थिए।

रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाका अनुसार बोक्सेकुना, घुमाउने, चौकीडाँडा, डालाबैंसी, पिप्ले, माम्ती, चरगेफेदीमा अस्थायी रूपमा बनाइएको डाइभर्सन बगाएको छ।

गत वर्ष बाढीले राजमार्गको नौ किलोमिटर सडक बगाएको थियो। क्षति भएको राजमार्ग सडक डिभिजनले करिब १० करोडको लगानीमा डाइभर्सन बनाई अस्थायी रूपमा सञ्चालनमा ल्याएको थियो। यसको मर्मत गरेर राजमार्ग सञ्चालनमा ल्याउन करिब १० दिन लाग्ने गाउँपालिका अध्यक्ष लामाले बताए।

बिपी राजमार्ग ठप्प भएपछि पूर्वबाट आउने गाडीलाई पुष्पलाल मार्ग भएर काठमाडौं पठाउन थालिएको छ। रामेछापसहितका जिल्लाका सवारीसाधन काठमाडौं आवतजावतमा सहजता ल्याउन पुष्पलाल मार्ग सञ्चालनमा आएको हो। शनिबार साँझ यो मार्ग प्रयोग गरेर आएका सवारीसाधनलाई चरिकोटमा होल्ड गरिएको थियो।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालका अनुसार बिपी राजमार्गको वैकल्पिक मार्गका रूपमा सिन्धुलीको सित्खा, तेमाल-भकुन्डे सडकखण्ड हुँदै काठमाडौं प्रवेश गर्न सकिने भए पनि अहिले सो सडकखण्ड पनि अवरुद्ध छ।

त्यस्तै, अरनिको राजमार्गअन्तर्गत चौवन्नकिलो र खावा सडकखण्ड लेदोसहितको पहिरोले अवरुद्ध भएको थियो। अहिले पहिरो पन्छाएर राजमार्गमा यातायात सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी ढकालले बताए। काभ्रे र भक्तपुर जिल्लाको सीमाक्षेत्र साँगामा पनि पहिरो पन्छाएर यातायात नियमित गरिएको छ। हाल बिपी राजमार्ग पूर्ण रूपमा अवरुद्ध रहेको र अरनिको राजमार्गमा भने नियमित सञ्चालनमा आएको उनको भनाइ छ।

मधेश जलमग्न

दुई दिनको भारी वर्षाले सप्तरीमा १५ सय, सर्लाहीमा करिब एक हजार र पर्सामा तीन सय घर डुबानमा

राजविराजमा **सौरभ यादव**, सर्लाहीमा **श्रवण थापा**, रौतहटमा **अशोक पहाडी**, वीरगन्जमा **तिवारी यादव**, उदयपुरमा **विदुर कटुवाल** र महोत्तरीमा **रञ्जन भण्डारी**

शनिबार र आइतबारको भीषण वर्षापछि मधेशका आठवटै जिल्लाको जनजीवन प्रभावित बनेको छ। बंगालको खाडीमा विकास भएको न्यूनचापीय प्रणालीका कारण यसपटक मधेशमा भारीदेखि अतिभारी वर्षा भएको छ। जसकारण नदी र खोलामा बाढी आउँदा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका अधिकांश बस्ती डुबानमा परेका छन्। मानवीय क्षति नभए पनि भौतिक संरचना र सडकमा व्यापक क्षति भएको छ।

सप्तकोशी, जिता नदी र खाडोखोलाको बाढी बस्तीमा पस्दा सप्तरीमा करिब १५ सय घर डुबानमा परेका छन्। सप्तरीको कंकालिनी नगरपालिकाका पाँच सयभन्दा बढी, हनुमाननगर कंकालिनी नगरपालिकाका पाँच सयभन्दा बढी, तिलाठी कोइलाडी गाउँपालिकाका तीन सयभन्दा बढी, सप्तकोशी नगरपालिका एक सयभन्दा बढी घर डुबानमा परेको हो।

सप्तकोशीमा आएको बाढीले हनुमाननगर कंकालिनी नगरपालिकाका पाँच सयभन्दा बढी घर डुबानमा परेका छन्। कोशी पश्चिमी तथटबन्धभित्रका बस्तीमा शनिबार साँझदेखि पसेको बाढीले झन्डै पाँच सय घर डुबानमा परेको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ। कोशीमा शनिवारदेखि पानीको बहाव तीव्र रूपमा बढिरहेको अवस्था छ। हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ ,५,७, १२ र १३ का गरी पाँच सय घर डुबानमा परेको हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर वीरेन्द्र माझीले जानकारी दिए। बस्तीमा झन्डै पाँचदेखि सात फिटसम्म पानी जमेका कारण घरमा बस्न सक्ने अवस्था नरहेको उनको भनाइ छ।

शनिबार रातिको समयमा बाढी आएकाले घरबाट खाद्यान्नलगायतका महत्त्वपूर्ण सामग्री जोगाउन नसकिएको पीडितहरूको दुःखेसो छ। 'एकमुठी पनि खाद्यान्न निकाल्न सकिएन', पीडित गीता मण्डलले भनिन्, 'लत्ताकपडा, कागजात सबै घरभित्रै छन्। सबैतिर डुबेका कारण घरसम्म जान सक्ने अवस्था छैन।'

जिता नदी र खाडोखोलाको बाढी बस्तीमा पस्दा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका तीन सयभन्दा बढी घर डुबानमा परेका छन्। गाउँपालिकाका पाँचवटा वडामा बाढी पस्दा सयौँ परिवार प्रभावित भएका हुन्। वडा नम्बर २ लौनियामा खाडोखोलाको बाँधमा कटान हुँदा बस्तीमा बाढी पसेको छ।

त्रियुगा नदीमा आएको बाढीले सप्तकोशी नगरपालिकामा सयभन्दा बढी घर डुबानमा परेका छन्। सप्तकोशी नगरपालिका- ६ का चोरिया टोलका ४९ र मुसहरी टोलका २९ घर गरी ७८ घर डुबानमा परेको वडाध्यक्ष नन्दीलाल चौधरीले बताए। नदीको पानी ओभरफ्लो भएर ५-६ फिटसम्म घरमा पसेपछि अहिले उनीहरूलाई नजिकको सामुदायिक विद्यालयमा सारिएको उनले बताए। बाढीका कारण बोचही टोलका ६ परिवारको घर भत्किँदा उनीहरूलाई उद्धार गरी सुरक्षित स्थानमा सारिएको छ। सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलका अनुसार विस्थापित परिवारलाई तत्कालका लागि राष्ट्रिय आधारभूत विद्यालय बोचहीमा राखिएको छ।

सर्लाहीमा एक हजार ६ सय १९ परिवार विस्थापित

बाढी र डुबानका कारण सर्लाहीमा एक हजार ६१९ परिवार विस्थापित भएका छन्। विभिन्न स्थानमा बाढी तथा डुबानमा परेका १९ जनालाई सुरक्षाकर्मीले उद्धार गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार जिल्लाका एक हजार ६१९ परिवार बाढीबाट विस्थापित भई सुरक्षित स्थानमा बसिरहेका छन्। तीमध्ये चक्रघट्टा गाउँपालिका-१, पडरियामा लखन्देही नदीको पानी पस्दा २० वटा कच्ची घरमा पूर्ण क्षति पुगेको राईले जानकारी दिए।

अविरल वर्षापछि बलरा नगरपालिका- २ का सात सय घरमा पानी पसेको छ। वर्षाको पानीसहित लखन्देही खोलामा आएको बाढी पस्दा मलंगवा नगरपालिका-५ भाडसरमा करिब दुई सय घर डुबानमा परेका छन्। कौडेना गाउँपालिका- ७ शिवनगरमा लखन्देही खोलाले बाँध कटान गरेर बस्तीमा पसेपछि आइतबार बिहानैदेखि करिब चार सय घरधुरी घर फर्कन सकेका छैनन्। अविरल वर्षापछि सदरमुकाम मलंगवास्थित जिल्ला भन्सार कार्यालय, प्रहरीचौकी गोरखकालीसहित मलंगवा-सोनवर्षा मुख्य नाका पनि डुबानमा परेको छ। बाढी र वर्षाको पानी पस्दा हरिवन, कबिलासी, बरहथवा नगरपालिका तथा चक्रघट्टा, कौडेना, बसबरिया गाउँपालिकामा दर्जनौँ घर डुबानमा परेका छन्।

पर्सामा सिर्सिया नदीको बाढीले तीन सय बढी घर डुबानमा

सिर्सिया नदीको नदीको जलस्तर बढेर बस्तीमा पस्दा वीरगन्ज महानगरपालिकाका तीन सयभन्दा बढी घर डुबानमा परेका छन्। वीरगन्ज महानगरपालिका वडा नम्बर ९, १०, ११, २३, २३ र २४ मा दर्जनभन्दा बढी बस्तीमा बाढी पसेको हो। आइतबार साँझसम्म डुबानमा परेका बस्तीबाट पाँच सयभन्दा बढी मानिसलाई उद्धार गरेर सुरक्षित स्थानमा स्थानान्तरण गरेको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी जानकारी दिए। उनका अनुसार विद्यालय, धर्मशाला, क्लबका भवनलगायतमा लगेर राखिएका उनीहरूलाई वीरगन्ज उद्योग वाणिज्य संघको समन्वय वीरगन्ज महानगरपालिकाले ड्राइफुड, पानी र आवश्यक औषधि वितरण भइरहेको प्रजिअ अर्यालले बताए। वीरगन्जका मेयर राजेशमान सिंहले घरभित्र पानी पसेर अलपत्र परेका परिवारहरूलाई उद्धार गरेर नजिकको सुरक्षित स्थानमा राखिएको बताए।

चट्याङ र डुबेर रौतहटमा तीनजनाले गुमाए ज्यान

लगातारको वर्षासँगै हावाहुरी र चट्याङ लागेर रौतहटको कटहरिया नगरपालिका- २ स्थित हथियाही गाउँमा दुई किशोरको मृत्यु भएको छ। हथियाही गाउँका १६ वर्षीय सेराज लहेरी र १६ वर्षीय नवीन यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गौरका डिएसपी राजु कार्कीले जानकारी दिए। रौतहटको बागमती नदीमा आएको बाढीमा दाउरा टिप्न गएकी एक वृद्धाको आइतबार डुबेर मृत्यु भएको छ। माधवनारायण नगरपालिका- ८ का हरिवंश रायकी श्रीमती ७५ वर्षीया पन्मादेवी रायको दाउरा निकाल्ने क्रममा आइतबार बिहान डुबेर मृत्यु भएको डिएसपी कार्कीले बताए। पन्मादेवी घरदेखि झन्डै दुई किलोमिटर उत्तर पूर्वमा पर्ने बागमती खोलामा दाउरा टिप्न गएकी थिइन्।

उदयपुरमा सयभन्दा बढीको उद्धार

निरन्तर वर्षाका कारण उदयपुरको बेलका नगरपालिकामा सप्तकोशी तटीय क्षेत्रका बस्ती डुबानमा परेका छन्। उदयपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार सप्तकोशी तटीय क्षेत्रका बस्तीमा स्थानीय खोलाहरूको बाढी पस्दा डुबानमा परेका हुन्। 'सप्तकोशीको बाढी नभएर स्थानीय खोलानालामा बाढी आउँदा र आकाशबाट परेको पानीको निकास नहुँदा बस्ती डुबानमा परेका छन्। डुबानले जोखिममा परेका ज्येष्ठ नागरिक, गर्भवती महिला, बालबालिका जम्मा एक सय २८ जनलाई उद्धार गरिएको छ,' उनले भने।

उद्धारका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको टोली खटिएको थियो। उद्धार गरेकाहरूलाई सुरक्षित स्थानमा सारिएको छ। बेलका नगरपालिका मेयर अशोक कार्कीले सप्तकोशी तटीय क्षेत्रमा रहेका वडा नम्बर १, २, ३, ८ र ९ वडा जोखिममा परेको जानकारी दिए। उनले भने, 'अहिले डुबानमा परेका बस्ती पनि त्यही वडाका हुन्।'

निरन्तरको वर्षाले स्थानीय खोलानालामा पानीको बहाव बढेका कारण धानखेतीमा ठुलो क्षति पुगेको छ। उनले भने, 'अहिले डुबानको समस्या आकाशको पानीको निकास नहुँदा भएको हो। आकाशबाट पानी परेका कारण झन्डै १२ हजार जनसंख्या प्रभावित भएको छ।' बेलका क्षेत्र हाल विद्युत्विहीन भएको बताउँदै कार्कीले अकाशबाट पानी पर्न नछाडेसम्म जोखिम कायम रहने बताए। बाढीमा परेर उदयपुरमा दुईजनाको मृत्यु भएको छ। पहिरोको उच्च जोखिम रहेको र सडकको अवस्था जीर्ण रहेकाले गत १८ असोजदेखि २१ गते बिहान ५ बजेसम्मका लागि सिद्धिचरण लोकमार्गको कटारी-घुर्मी खण्डमा सवारी आवागमन बन्द गरिएको छ।

महोत्तरीको जनजीवन प्रभावित

अविरल वर्षापछि रातु नदीको तटबन्ध फुट्दा जलेश्वरसहित महोत्तरीको विभिन्न पालिका तथा बस्ती जलमग्न भएको छ। जलेश्वरको खैरा, रमौल, बजराही, फुलहट्टा, साहुजीपट्टी, धबौली, सुगा, सारी र मुसरपट्टीलगायतका बस्ती डुबानमा परेका छन्। रतवारा र महोत्तरी गाउँपालिका तथा बलवा नगरपालिकाका विभिन्न गाउँमा पानी पसेर जनजीवन प्रभावित भएको छ। हालसम्म मानवीय क्षति नभए पनि भौतिक रूपमा ठुलो नोक्सानी भएको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ। रातुनदीको पानी जलेश्वर प्रवेश गर्दा जलेश्वर कारागारमा रहेको २७० कैदीबन्दी असुरक्षित भएका छन्। कारागारभित्र करिब दुई फिट पानी पसेको छ।



बाढीले डुबानमा परेको पर्साको वीरगन्ज महानगरपालिका- ९ को रानीघाट क्षेत्र। तस्बिर : नयाँ पत्रिका



जलमग्न झापा गाउँपालिका। तस्बिर : **चिरञ्जीवी घिमिरे**/नयाँ पत्रिका

झापामा करिब ६ हजार घरपरिवार विस्थापित

अविरल वर्षासँगै आएको बाढीका कारण डुबान हुँदा झापामा पाँच हजार चार सय ८१ घरपरिवार विस्थापित भएका छन्। झापाको झापा गाउँपालिका, मेचीनगर नगरपालिका, भद्रपुर नगरपालिका, गौरीगन्ज गाउँपालिकालगायत ठाउँमा डुबानका कारण पाँच हजारभन्दा बढी घरपरिवार विस्थापित भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। सबैभन्दा धेरै झापा गाउँपालिकाको वडा नम्बर १, २ र ७ का विस्थापित भएका छन्। उनीहरूलाई विभिन्न सामुदायिक भवनमा राख्ने काम भइरहेको रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकालले जानकारी दिए। झापा गाउँपालिकामा कन्काई माईको पानी पसेको छ। बाढीमा फसेका १६ जनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको उनले बताए। मौसम खराब भएका कारण अन्यको उद्धार हेलिकोप्टरले गर्न सकेन। अन्य ५७ जनालाई नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको बोटमार्फत उद्धार गरिएको छ। बाढीपहिरोले कोशी प्रदेशमा पाँच हजार ९२५ घर विस्थापित भएको कोशी प्रदेश प्रहरीले जनाएको छ। जसमा १६ घर पूर्णरूपमा विस्थापित भएका छन्।

■ कुलेखानी-फाखेल सडकमा रात सवारी सञ्चालनमा रोक

त्रिभुवन, कान्ति लोकपथ र सिस्नेरी सडकमा अवरोध कायमै

मकवानपुरमा **पोष्टराज अधिकारी**

शुक्रबार रातिदेखि परेको अविरल वर्षाका कारण मकवानपुर हुँदै काठमाडौं जोड्ने अधिकांश सडक मार्ग अवरुद्ध भएका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार भीमफेदी-कुलेखानी-फाखेल-फर्पिङ सडक एकतर्फी सञ्चालन रहे पनि त्रिभुवन राजपथ, कान्ति लोकपथ र कुलेखानी-सिस्नेरी सडकमा अवरोध कायमै छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुर सापकोटाले हेटौँडालाई काठमाडौँसँग जोड्ने भीमफेदी-कुलेखानी-फाखेल-फर्पिङ सडकबाहेक अन्य सबै मार्ग पहिरोका कारण अझै पनि अवरुद्ध रहेको जानकारी दिए। उनका अनुसार त्रिभुवन राजपथका विभिन्न स्थानमा रुख ढलेका छन् भने केही स्थानमा पहिरोको समस्या छ। त्रिभुवन राजपथअन्तर्गत बाघमारा र महाभिर क्षेत्रमा पहिरो खसेको छ। पहिरो पन्छाउने प्रयास भइरहे पनि लगातारको वर्षाले कठिनाइ भएको उनले बताए।

भीमफेदी-कुलेखानी-सिस्नेरी-फर्पिङ सडक पनि अवरुद्ध छ। यस मार्गअन्तर्गत सिस्नेरी खण्डमा डोढारे खोलाले राजमार्ग नै बगाएपछि समस्या भएको हो। त्यसलाई पुरानै अवस्थामा ल्याउने काम भइरहेको प्रहरी निरीक्षक सापकोटाले बताए। यसै सडकखण्डको दक्षिणकाली मन्दिरनजिक पनि पहिरो गएकाले सिस्नेरी-दक्षिणकाली खण्डमा यातायात सञ्चालन असम्भव भएको उनको भनाइ छ।

कान्ति लोकपथअन्तर्गत ठिंगनदेखि बगुवा खोलासम्म तीनवटा ठुला पहिरो खसेका छन्, जसले सडकका केही भागसमेत बगाएको इलाका प्रहरी कार्यालय ठिंगनले जनाएको छ। कान्ति लोकपथमा हेटौँडादेखि बगुवा खोलासम्म नै सानाठुला गरी आधा दर्जनभन्दा बढी पहिरो गएको प्रहरी निरीक्षक सापकोटाले बताए। उनका अनुसार आइतबार साँझसम्म मुख्य सडक र जिल्लाका विभिन्न गाउँपालिकाका सदरमुकाम पुग्न सडकमा भएको अवरोधभन्दा अन्य कुनै ठुला घटनाका सूचना प्राप्त भएका छैनन्। उनले राक्सिराङ र कैलाश गाउँपालिकाको कार्यालयसम्म पुग्ने मार्गको केही स्थानमा बाढी र पहिरोले क्षति पुऱ्याएको बताए।

मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठका अनुसार अवरुद्ध सडकहरूमा डोजर परिचालन गरी पहिरो पन्छाउने प्रयास भइरहेको छ। अविरल वर्षापछि भएको क्षतिको विवरण संकलनको काम भइरहको उनको भनाइ छ। प्रजिअ श्रेष्ठले लगातारको वर्षाका कारण कतिपय स्थानमा सम्पर्क हुन नसकेकाले पनि तत्काल क्षतिको विवरण संकलन हुन नसकेको बताइन्।

अविरल वर्षा रोकिएपछि आइतबार बिहानबाट सञ्चालनमा आएको हेटौँडा-काठमाडौं आवागमन पुनः आइतबार साँझदेखि रोकिएको प्रहरी निरीक्षक सापकोटाले जानकारी दिए। उनका अनुसार सुरक्षाका कारण मकवानपुरका विभिन्न मार्ग हुँदै काठमाडौं प्रवेश गर्ने सवारीसाधनलाई अस्थायी रूपमा रोक लगाइएको छ। काठमाडौंतर्फ जाँदै गरेका सयौँ सवारीसाधनमध्ये केही हेटौँडामै रोकिएका र केहीले वैकल्पिक मार्गको प्रयोग गरेका छन्। हेटौँडा उपमहानगरपालिका- १ चौकीटोलदेखि माथिल्लो भागतर्फ सवारी सञ्चालनमा रोक लगाइएको उनले बताए।

यसअघि आइतबार बिहान भीमफेदी-कुलेखानी-फाखेल-फर्पिङ मार्ग हुँदै काठमाडौं आवतजावत खुला गरिएको थियो। तर, इन्द्रसरोवर गाउँपालिका- ४ महालक्ष्मी खोलानजिक निरन्तर पहिरो झरिरहेकाले र रातिको समयमा सुरक्षाको चुनौती बढेपछि पुनः रोक लगाइएको प्रहरी निरीक्षक सापकोटाले बताए। 'अहिले पनि महालक्ष्मी खोलाआसपासका क्षेत्रमा पहिरो झरिरहेको छ। सडकमाथिबाट ढुंगा-माटो खस्ने क्रम रोकिएको छैन,' उनले भने, 'सर्वसाधारणको सुरक्षालाई ध्यानमा राख्दै आइतबार साँझदेखि सोमबार बिहानसम्मका लागि यातायात सञ्चालनमा रोक लगाएका हौं।'

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण प्राधिकरणले जारी गरेको सूचनाअनुसार लगातारको वर्षाले पहिरो, बाढी र सडक अवरोधको जोखिम उच्च रहेकाले रातिको समयमा उपत्यका प्रवेशमा कडाइ गरिएको जिल्ला प्रशासन कार्यालय र प्रहरीले जनाएको छ।

विशेष महाधिवेशनबारे छलफल गर्न माओवादीले बोलायो सचिवालय बैठक

काठमाडौं/ माओवादीले विपत्पछिको अवस्था र आगामी विशेष महाधिवेशनबारे छलफल गर्न सचिवालय बैठक बोलाएको छ। पार्टी कार्यालय पेरिसडाँडामा सोमबार दिउँसो १ बजे बस्ने गरी सचिवालय बैठक बोलाइएको हो। बैठकमा बाढीपहिरोबाट जनधनको क्षति, महाधिवेशन र आगामी निर्वाचनबारे छलफल हुने माओवादीले जनाएको छ।

महाधिवेशनको मिति तय, प्रतिनिधि छनोट मापदण्डलगायतका विषयमा बैठकमा छलफल हुने सचिवालय सदस्य हरिबोल गजुरेलले जानकारी दिए। 'बाढीपहिरोबाट भएको जनधनको क्षति, उद्धार र राहत तथा पार्टीको महाधिवेशन र आगामी निर्वाचनबारे बैठकमा छलफल हुनेछ,' उनले भने, 'सचिवालय बैठकपछि महाधिवेशनको काम अघि बढ्छ।'

गत ९-१० असोजमा सम्पन्न केन्द्रीय समिति बैठकले केन्द्रीय समिति भंग गरी महाधिवेशन आयोजक समितिमा रूपान्तरण गरेको थियो। माओवादीमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड संयोजक, पूर्वपदाधिकारी सचिवालय र अन्य केन्द्रीय सदस्य महाधिवेशन आयोजक समितिको सदस्य छन्।

मंसिरमा महाधिवेशन गर्ने घोषणा गरिए पनि मिति भने तोक्न बाँकी छ। मंसिरको अन्तिम साता महाधिवेशन हुने नेताहरू बताउँछन्। माओवादीले केन्द्रीय समितिमा जेन-जीको अधिकतम प्रतिनिधित्व गराउने तयारी गरेको छ। माओवादीभित्र नेतृत्व हस्तान्तरणको मागसमेत उठेको छ। तर, अधिकांश नेताले हालको विषम परिस्थितिमा प्रचण्डको विकल्प नभएकोमा जोड दिँदै आएका छन्।

■ विप्लवले बोलाए बैठक

नेकपा महासचिव नेत्रविक्रम चन्द विप्लवले नियमित केन्द्रीय समिति बैठक सम्पन्न भएको एक महिनामै आकस्मिक बैठक बोलाएका छन्। जेन-जी आन्दोलनपछिको राजनीतिक अवस्था, वामपन्थी एकता र ध्रुवीकरणलगायतका विषयमा छलफल गर्न विप्लवले आकस्मिक केन्द्रीय समिति बैठक बोलाएका हुन्।

२४ असोजमा सच्यो एमाले सचिवालय बैठक

काठमाडौं/ एमाले केन्द्रीय सचिवालय बैठक स्थगित भएको छ। आइतबारका लागि तय भएको बैठक २४ असोजमा बस्ने गरी सारिएको एमाले केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीले जानकारी दिए। यसअघि १२ असोजमा गुन्डुस्थित अध्यक्ष केपी ओलीको नयाँ निवासमा भएको सचिवालय बैठकमा जेन-जी आन्दोलनपछि विकसित राजनीतिक परिस्थितिबारे केन्द्रित रहेर छलफल भएको थियो। बैठकमा ओलीले जेन-जी आन्दोलनलाई केन्द्रमा राखेर करिब साढे दुई घण्टा ब्रिफिङ गरेका थिए। ब्रिफिङ र रिपोर्टिङबाहेक आगामी रणनीतिबारे एजेन्डाकेन्द्रित छलफल नभएका कारण बैठक १९ र २० मा पुनः बस्ने गरी टुंगिएको थियो। तर, आवश्यक तयारी अभाव र एक्कासी मौसम परिवर्तनलाई कारण जनाएर एमालेले बैठक पाँच दिन पर सारेको छ।

जसले दिनरात मौसमबारे सूचना दिइरहे

दसैंका वेला एक्कासि मनसुन सक्रिय भएपछि विशेष बुलेटिन जारी गर्न मौसमविद्हरूलाई भ्याइनभ्याई

● **सञ्जीव अधिकारी**, मौसमविद्




सामान्यतया दसैंताका मनसुन बाहिरिसकेको हुन्छ। तर, यसपटक मनसुन बाहिरिएन। बरु बंगालको खाडीमा विकसित भएको न्यूनचापीय प्रणालीले ठुलो पानी पर्ने भएपछि रेडअलर्टसहितको चेतावनी नक्सा बनाउने, बुलेटिन जारी गर्नुपर्ने अवस्था आइलाग्यो। २४ घण्टा ड्युटी हाम्रो नेचर नै हो। तर, यसपटक दसैंका वेला मौसमी प्रणाली आएपछि झन् चटारो पऱ्यो।

यम बम/नयाँ पत्रिका

देश दसैंमा रमाइरहेका वेला मौसम पूर्वानुमान महाशाखाका मौसमविद्लाई भने बंगालको खाडीमा विकास भएको न्यूनचापीय प्रणाली अवलोकन गरेर विशेष बुलेटिन जारी गर्नु थियो। १४ असोज राति विशेष बुलेटिन जारी भएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलपरिसरमा रहेको महाशाखाका मौसमविद्हरूलाई चटारो पऱ्यो।

'सामान्यतया दसैंताका मनसुन बाहिरिसकेको हुन्छ। तर, यसपटक मनसुन बाहिरिएन। बरु बंगालको खाडीमा विकसित भएको न्यूनचापीय प्रणालीले ठुलो पानी पर्ने भएपछि रेडअलर्टसहितको चेतावनी नक्सा बनाउने, बुलेटिन जारी गर्नुपर्ने अवस्था आइलाग्यो,' मौसमविद् सञ्जीव अधिकारीले भने, '२४ घण्टा ड्युटी हाम्रो नेचर नै हो। तर, यसपटक दसैंका वेला मौसमी प्रणाली आएपछि झन् चटारो पऱ्यो।

महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धर र मीनकुमार अर्याल तथा मौसमविद्हरू बिनु महर्जन, सञ्जीव अधिकारी, रोजन लामिछाने, सरोज पुडासैनी र डेबिट ढकाल यो विसम मौसमी अवस्थाका वेला ड्युटीमा थिए। जसको नेतृत्वको महाशाखाका प्रमुखसमेत रहेका जल तथा मौसम विज्ञान विभागका उपमहानिर्देशक सुमनकुमार रेग्मीले गरिरहेका थिए।



मौसमबारे जानकारी दिँदै बाढी पूर्वानुमान महाशाखाका प्रमुख विनोद पराजुली

'नियमित मौसम पूर्वानुमान र विमान उडानको मौसमी पूर्वानुमान नियमित काम नै हो। तर, मध्य र पूर्वी नेपालमा धेरै पानी पर्ने देखिएपछि चेतावनी नक्सा, बिहान-बेलुकाको मौसमी बुलेटिन र सामाजिक सञ्जालबाट छिनछिनमा अपडेट पनि थपियो,' अधिकारीले भने, 'तीन-चार दिन कार्यालयलाई धेरै समय दिऔँ, महाशाखाको पूर्वानुमानमा रहेर सचेतना पनि अपनाइएको देखेर खुसी लाग्छ।' दसैंको दिन १६ असोजमा बिहान ६ बजेदेखि १० बजेसम्म मौसमविद् सञ्जीव अधिकारी र डेबिट ढकाल ड्युटीमा थिए भने त्यसपछि क्रमशः वरिष्ठ मौसमविद् प्रतिभा मानन्धर र मीनकुमार अर्याललले कमान्ड सम्हालेका थिए।

महाशाखाका प्रमुख तीन दिन कार्यालयमै

मौसम विज्ञान विभागले बाढीको पूर्वानुमान पनि गर्छ। कुन क्षेत्रमा कति वर्षा हुँदा बाढी आउँछ, नदीमा पानीको सतह कति छ भनेर विश्लेषण गरेर सम्बन्धित क्षेत्रका नागरिकमा सचेतनामूलक एसएमएस पठाइन्छ भने सम्बन्धित निकायलाई जानकारी पनि दिइन्छ। यही आधारमा सम्भावित जोखिमयुक्त क्षेत्रका नागरिकलाई उद्धार गर्ने गरिएको छ। यसपालि दसैंका वेला नै बाढीको जोखिम बढेपछि विभागको बबरमहलस्थित कार्यालयमा हाइड्रोलोजिस्टहरूलाई भ्याइनभ्याइ थियो। बाढी पूर्वानुमान महाशाखाका प्रमुखसमेत रहेका वरिष्ठ हाइड्रोलोजिस्ट विनोद पराजुली त तीन दिन कार्यालयमै रहे। '१७ बिहानदेखि कार्यालयमै थिएँ, जोखिम टरेपछि आइतबार दिउँसो घर फर्किएँ। दसैं मनाउन घर जानुभएका साथीहरू पनि फर्किएपछि सहज भएको छ,' उनले भने।

यो अवधिमा सहायक हाइड्रोलोजिस्ट साजन घिमिरे, हाइड्रोलोजिस्ट इन्जिनियर अमर चलाउनेले साथ दिए भने हाइड्रोलोजिस्ट इन्जिनियर सागर मिश्र र सौहार्द जोशीले उपत्यकाबाहिर घरबाटै अनलाइनमार्फत सहयोग गरे। उनीहरू आइतबार कार्यालय पुगेका छन्।

बाढी पूर्वानुमान महाशाखाले हरेक दिन बिहान बाढीको चेतावनी नक्सासहित बुलेटिन, तथ्यांकको विश्लेषण गरेर बाढीको पूर्वानुमान, सामाजिक सञ्जालबाट सूचना प्रवाहसँगै समुदायस्तरमा एसएमएस पठाउन तयारी गर्नुपर्थ्यो। यो अवधिमा एनसेल र नेपाल टेलिकमबाट ६५ लाख १६ हजार एसएमएस समुदायमा पठाइएको उनले बताए। महाशाखाको हटलाइन नम्बर ११५५ मा आउने फोन, मिडियालाई जानकारी र सम्बन्धित निकायमा ब्रिफिङका काम पनि रहे।

जनशक्ति अभावका कारण जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी शनिबार राति हटलाइनको फोन उठाउन आफैं बसेका थिए। 'यो अवधिमा मौसम पूर्वानुमान महाशाखा, बाढी पूर्वानुमान महाशाखाका साथीहरूसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रह्यो,' उनले भने।

जेन–जी आन्दोलनमा नेपाली सेनाको भूमिका

जेन-जी आन्दोलनका क्रममा संवैधानिक प्रक्रियाविनै सेना आफैं परिचालन भएको भए सेनाले 'कु' गऱ्यो भन्ने लाञ्छना लाग्न सक्थ्यो



● धर्म बानियाँ

अग्रलेख

जेन-जी पुस्ताका युवाको अगुवाइमा मिति २०८२/५/२३ र २४ गते देशव्यापी रूपमा भ्रष्टाचारविरुद्ध सञ्चालित शान्तिपूर्ण विरोध प्रदर्शनका क्रममा सरकारी पक्षबाट भएको अनपेक्षित शक्ति प्रयोगबाट तीन सुरक्षाकर्मीसहित ७४ जना नेपाली युवाले ज्यान गुमाए। यस आन्दोलनका क्रममा भएको राज्यशक्तिको दमनमा परेर करिब १३०० जना घाइते भएको तथ्यांक सार्वजनिक भएको छ। प्रारम्भिक आकलनअनुसार करिब रु. २५ अर्बबराबरका सार्वजनिक तथा निजी सम्पत्ति ध्वस्त भएका छन्। यद्यपि, जेन-जी आन्दोलनका अगुवाहरूले त्यस्ता घटनामा आफूहरूको समूह संलग्न नभएको र आन्दोलनमा घुसपैठ भएको अनि सरकारले समयमै यसलाई रोक्न नसक्दा यो विध्वंश भएको दाबी गरेका छन्। यस लेखले आन्दोलनका नाममा ऐतिहासिक एवं महत्त्वपूर्ण सरकारी संरचना जलिरहँदा नेपाली सेनाले ती स्मारक तथा व्यक्तिगत सम्पत्ति जोगाउन किन सकेन भन्नेबारे आमनागरिकको जिज्ञासालाई सम्बोधन गर्ने प्रयास गरेको छ।

सेनाको भूमिकाबारे स्पष्ट पार्नुअघि गत चैत्र १५ गतेको राजावादी आन्दोलनलाई पनि सम्झिनुपर्ने हुन्छ। उक्त प्रदर्शनमा पनि सरकारबाट संयमताविनै शक्ति प्रयोग हुँदा निर्दोष नागरिकको ज्यान गएको थियो। त्यस घटनाबारे निष्पक्ष र पारदर्शी तरिकाबाट छानबिन गरी वास्तविकता सार्वजनिक गरिएको भए सायद जेन-जी आन्दोलनमा यो स्तरको विनाश नहुन सक्थ्यो। अर्कातर्फ, सरकारले रणनीतिक सूचनाको मुख्य अंग राष्ट्रिय अनुसन्धान विभागलाई राजनीतिक भर्तीकेन्द्र बनाई राष्ट्रिय सुरक्षाको अवस्था मूल्यांकन र सुझाव दिने राष्ट्रिय सुरक्षा परिषद्लाई निष्क्रिय बनाएको छ। कार्यकारी प्रमुखलाई सुरक्षा मामिलामा सरसल्लाह दिने राष्ट्रिय सुरक्षा सल्लाहकारको व्यवस्था पनि छैन। सरकारले विकसित घटनाक्रमबाट पाठ सिकेर युवाको निराशालाई सम्बोधन गर्नुको सट्टा उनीहरूलाई नजरअन्दाज गरी संवेदनशील र अत्यन्त महत्त्वपूर्ण सार्वजनिक संरचनानजिक प्रदर्शन गर्न अनुमति दिँदा अकल्पनीय क्षति हुन पुग्यो। यदि रिङरोडबाहिर प्रदर्शनकेन्द्रित भएको भए यो हदसम्मको क्षति हुने थिएन।

अब महत्त्वपूर्ण सार्वजनिक संरचना ध्वस्त हुनुपूर्व सेनालाई किन परिचालन गरिएन वा सेना आफैं परिचालन भएन भन्ने जिज्ञासालाई सम्बोधन गरौं। नेपालको संविधान भाग २८ धारा २६७ अनुसार नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकता रक्षाका लागि नेपाली सेनाको व्यवस्था भएको छ। सोही धाराको उपधारा ६ अनुसार "नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताका कारण गम्भीर संकट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद् को सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद् को निर्णयबमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालन हुनेछ। नेपाली सेना परिचालनको घोषणा भएको मितिले एक महिनाभित्र प्रतिनिधिसभाबाट अनुमोदन हुनुपर्नेछ" भनी व्याख्या गरेको छ।

संविधानले नै निश्चित संवैधानिक प्रक्रिया अपनाएर सेना परिचालन गर्नु भन्ने प्रस्ट दिशानिर्देश गरेको छ। सेना नागरिकबाट पालित, पोषित, समावेशी एवं संवेदनशील संगठन हो। नेपाली सेनाले सशस्त्र विद्रोह (जस्तै पूर्वमाओवादी विद्रोह)को अवस्थाबाहेक अन्य संकटमा आफ्ना नागरिकविरुद्ध शक्ति प्रयोग गर्दैन र गरेको इतिहास पनि छैन। सेना आफैं परिचालन हुँदैन, सरकारले संवैधानिक प्रक्रियामार्फत मात्र परिचालन गराउने हो। भाद्र २४ गते मुलुक नेतृत्वविहीन अवस्थामा रह्यो। संवैधानिक प्रक्रियाविनै सेना आफैं परिचालन भएको भए सेनाले 'कु' गऱ्यो भन्ने लाञ्छना आउन सक्थ्यो। धेरै नागरिक, कूटनीतिक नियोगका पदाधिकारी, वैदेशिक परियोजनामा कार्यरत विदेशी नागरिक (जस्तै एमसिसी, बिआरई, आदि) एवं पर्यटक मारिने वा घाइते हुने सम्भावना हुन्थ्यो। आफ्ना नागरिकहरू मारिँदा वा घाइते हुँदा मित्रराष्ट्रहरूसँगको सम्बन्ध बिग्रन सक्थ्यो। मित्रराष्ट्रहरूको अनुदान र ऋणबाट सञ्चालित विकास परियोजनामा नकारात्मक असर पुग्न सक्थ्यो। पूर्वसूचनाविना अनियन्त्रित भिडमा सैनिक शक्ति प्रयोग गर्दा एकप्रकारको आमनरसंहारजस्तै विषम परिस्थिति सिर्जना हुन सक्थ्यो। देशव्यापी रूपमा आन्दोलन चर्केर देश गृहयुद्धतर्फ धकेलिन सक्थ्यो। खुला सिमानाका कारण आन्दोलन वा सम्भावित गृहयुद्धको बाछिटा (स्पिल ओभर इफेक्ट)ले छिमेकी राष्ट्र र सार्क क्षेत्रकै सुरक्षामा असर पुगी मुलुक वैदेशिक सैनिक हस्तक्षेपको रणभूमि बन्न सक्ने सम्भावना पनि थियो। वैदेशिक सैनिक हस्तक्षेप नभए पनि गृहयुद्धका कारण दातृ राष्ट्रहरूको सहयोगबाट वञ्चित भई विविध प्रकारका बाध्यात्मक दबाब आउन सक्थे। छिमेकी राष्ट्रहरूबाट सुरक्षाका कारण देखाई अनिश्चितकालीन नाकाबन्दी लगाउन सक्ने सम्भावना पनि हुन्थ्यो। नेपालको विकास आयोजना र पर्यटन व्यवसाय ठप्प हुन सक्थ्यो। कमजोर सुरक्षा अवस्थाको फाइदा उठाएर नेपाल अन्तर्राष्ट्रिय आतंकवादको 'सेफ ह्याभेन'मा परिणत हुन सक्थ्यो। आन्तरिक एवं सीमावारपार अपराधमा वृद्धि भई सामाजिक अमनचैनमा ह्रास आउन सक्थ्यो। देश विखण्डनतर्फ धकेलिन सक्थ्यो। विगतको अनमिनजस्तै नेपालमा संयुक्तराष्ट्र संघीय शान्ति मिसन तैनाथ भई हाम्रो अन्तरिक एवं बाह्य मामिलामा हस्तक्षेप हुन सक्थ्यो। अन्तर्राष्ट्रिय जगत्मा नेपालको शिर ठाडो पार्ने हाम्रो शान्तिसेनाका मिसनसमेत बन्द हुन सक्ने प्रबल सम्भावना थियो।

> मुलुकको सुरक्षा अवस्था चुनौतीपूर्ण बन्दै गएपछि मानवीयताका आधारमा सेनाले 'ह्युमानिटरियन इन्टरभेन्सन'मार्फत शान्ति-सुरक्षा पुनर्वहाली एवं अन्तरिम सरकार गठनका लागि सहजीकरण गरेको हो, सैनिक हस्तक्षेप गरेको होइन

माथि उल्लेख भएझैं सेनाले संयमता गुमाई अनियन्त्रित भिडको बिचमा तैनाथ भएर शक्ति प्रयोग गरेको भए हजारौं नागरिक मारिन/घाइते हुन सक्थे, यसले नरसंहारको रूप लिन सक्थ्यो। यस्तो भएको भए सेनासँग आफ्ना जनता र अन्तर्राष्ट्रिय जगत्लाई दिन सक्ने उचित जवाफ हुने थिएन। जीवन अमूल्य छ। मारिएका नागरिकलाई पुनः ब्युँताउन सकिन्न। तर, शान्तिसुरक्षा र सुशासन कायम रहेमा भौतिक संरचना पुनर्निर्माण गर्न सकिन्छ। सेनाले देशको अति महत्त्वपूर्ण राष्ट्रिय हित र स्वार्थमाथि पर्न सक्ने गम्भीर असरको परिणामलाई धेरैपटक सोचविचार गरी यसप्रकारको संयमता अपनाएको र मुलुकमा सुरक्षा स्थिति थप जटिल नबनोस् भन्ने उद्देश्यले सार्वजनिक संरचना जलिरहँदासमेत सेना ब्यारेकभित्रै बस्न बाध्य भएको हो। तर, मुलुकको सुरक्षा अवस्था चुनौतीपूर्ण बन्दै गएपछि मानवीयताका आधारमा सेनाले 'ह्युमानिटरियन इन्टरभेन्सन'मार्फत शान्ति-सुरक्षा पुनर्बहाली एवम अन्तरिम सरकार गठनका लागि सहजीकरण गरेको हो, सैनिक हस्तक्षेप गरेको होइन। विगतका आन्दोलनमा पनि नेपाली सेनाले नेपाली जनताको चाहनालाई साथ दिएर आफ्नो गैरराजनीतिक चरित्र प्रदर्शन गरिसकेको छ। सेनाले नेपाली जनताको चाहनालाई सदैव कदर गर्नेछ भनी पटक-पटक आफ्नो धारणा प्रस्ट पारिसकेको छ, तर भ्रष्टाचारबाट लिप्त र जनआकांक्षालाई सम्बोधन गर्न अक्षम राजनीतिक नेतृत्वलाई साथ दिएको छैन। यस तथ्यलाई आमनागरिक एवं सेनाको संख्या घटाउनुपर्छ भन्ने मानसिकता बोकेका कथित विद्वान् वर्गसमेतले बुझ्न जरुरी छ।



सेनाले अनियन्त्रित भिडको बिचमा तैनाथ भएर शक्ति प्रयोग गरेको भए यसले नरसंहारको रूप लिन सक्थ्यो। यस्तो अवस्थामा सेनासँग आफ्ना जनता र अन्तर्राष्ट्रिय जगत्लाई दिन सक्ने उचित जवाफ हुने थिएन।

सरकारले सार्क क्षेत्रका श्रीलंका, पाकिस्तान र बंगलादेशको घटनाबाट पाठ सिकेर नेपालमा त्यस्ता घटना हुन नदिन भरमग्दुर प्रयास गर्नुपर्ने हो, तर आफूलाई सुधार्न सकेन। उदाहरणका लागि अहिले फ्रान्स, इन्डोनेसिया, फिलिपिन्सलगायत देशहरूमा महिनौंदेखि हजारौंको संख्यामा विरोध प्रदर्शन हुँदासमेत सरकारले अधिकतम संयमतासाथ प्रहरी परिचालन गरेकाले नेपालमा जस्तो मानवीय क्षति भएको देखिन्न र सेना परिचालन गर्नुपर्ने स्थिति पनि आएको देखिन्न। तर, नेपालमा दुई दिनको प्रदर्शनमै सेना परिचालन गर्नुपर्ने बाध्ययता आयो र कुनै हालतमा यो राम्रो संकेत होइन।

अर्को आश्चर्यजनक पक्ष भनेको यस आन्दोलनमा प्रदेश सरकारको कुनै भूमिका नदेखिनु हो। आन्दोलनमा भएको बल प्रयोगमा सिडिओलाई जवाफदेही बनाउन निवर्तमान सरकार प्रमुख र प्रदेश सरकार प्रमुखहरू लागिपरेको देखिन्छ। यो गैरजिम्मेवारीपूर्ण कदम हो। सम्पूर्ण जिम्मेवारी कार्यकारी प्रमुख र प्रदेश सरकार प्रमुखले नै लिनुपर्छ र यसको विकल्प पनि छैन। हाम्रो शासकीय प्रणालीमा कमजोरी छन्, तिनलाई सुधार गर्न आवश्यक छ।

अन्त्यमा, युवाहरूको रगतबाट भ्रष्ट सरकारको पतन भएको छ। अब शान्तिपूर्ण निर्वाचनमार्फत सक्षम नेतृत्व चयन गरी मुलुकको दीर्घकालीन विकाश गर्नु हामी सबै नेपालीको साझा दायित्व हो।

(बानियाँ नेपाली सेनाका पूर्वसहायक रथी हुन्)
db_baniya@yahoo.com

३ प्रश्न

जलवायु तथा विपत्विज्ञ **डा. धर्मराज उप्रेती**लाई



यसपालि मनसुन बाहिरिने वेला देशको पूर्वी भागमा किन ठुलो पानी पऱ्यो ?

प्रमुख त बंगालको खाडीको समुद्री भागमा भएको तापक्रम वृद्धिले निर्माण गरेको न्यूनचापीय अवस्थाले यो अवस्था निम्त्यायो। बढी वर्षामा हावाले कति जलवाष्प बोकेको छ, हावाको दिशा कता बगेको छ भन्ने कुराले पनि भूमिका खेल्छ। उडिसाको तट र उत्तरी बंगालको खाडीबाट उठेको वायु कहिले म्यानमार जान्छ, कहिले सीधै बंगलादेश जान्छ भने यसपटक यो नेपालतर्फ आयो। तर, भारतको उत्तराखण्ड क्षेत्रमा 'एन्टिसाइक्लोनिक कन्डिसन' सिर्जना भएकाले पश्चिततर्फ जान सकेन र पूर्वतर्फ धकेलियो। यदि यो वायु १५-२० दिनअघि आएको भए पश्चिमी भेग पनि प्रभावित हुने थियो।

यसपटक सरकारको ठुलो वर्षाका लागि पूर्वतयारीको अवस्था कस्तो पाउनुभयो ?

सरकारले विपत् व्यवस्थापनका लागि गरेको एकीकृत प्रयासले राम्रो प्रतिफल दिएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र जल तथा मौसम विज्ञान विभागले समन्वयका साथ सही सूचना प्रवाहमा प्रशंसनीय काम गरे। रिडटोन, टोलफ्री नम्बरको व्यवस्था गर्नेदेखि प्राधिरकणलाई राजमार्गसमेत बन्द गर्ने जुन अधिकार दिइयो, त्यो सम्भवतः पहिलोपटक भएको होला। यसले क्षति न्यूनीकरणमा उल्लेखनीय भूमिका खेल्यो।

ठुलो वर्षाले सधैं त्रास र क्षति निम्त्याउने गर्छ, यसलाई रोक्न भविष्यमा के गर्नुपर्ला ?

पूर्वसूचनामा अहिले अपनाइएको अभ्यासलाई थप प्रभावकारी बनाउनुपर्छ। त्यस्तै, जल तथा मौसम विज्ञान विभागको शाखा र विपत् न्यूनीकरण प्राधिकरणविचको समन्वयलाई अझ मजबुत बनाऔं। त्यसबाहेक हाम्रा सडक तथा पूर्वाधार बनाइँदा बाढीपहिरो थेग्ने गरी बनाउन ध्यान दिनुपर्छ। त्यसबाहेक बस्ती बसाउँदा माटोको पानी थेग्ने क्षमतालगायतका मापदण्ड तय गर्नुपर्छ। त्यस्तै, बाढी अहिले नै जोखिमपूर्ण क्षेत्रमा रहेका बस्ती सुरक्षित स्थानमा स्थानान्तरण गर्न ध्यान दिनुपर्छ।

प्रेरक प्रसंग

बेजोसको साहस

सन् १९९४ सम्म जेफ बेजोस वाल स्ट्रिटको एउटा इभेस्टमेन्ट फर्ममा काम गर्थे। सो कम्पनीमा बेजोस राम्रै पोजिसनमा काम गरिरहेका थिए। उनी कम्पनीमा सिनियर भाइस प्रेसिडेन्टका रूपमा कार्यरत थिए। उनको पद र जिम्मेवारी हेर्दा उनले निकै राम्रो तलब, सुविधा पाउँथे भन्ने निश्चित छ। सोही जागिरमा अडिन सकेको खण्डमा उनले वर्षौंवर्षसम्म निकै सानदार जागिरे जीवनको आनन्द उठाउन सक्ने थिए।



तर, जेफ बेजोस अलिक फरक स्वभावका थिए। त्यसैले, उनी त्यो बाटो हिँड्न तयार भएनन्, जुन उनका लागि सुरक्षित थियो। सन् १९९४ मा उनले त्यस्तो आकर्षक जागिर छाडिदिए, जुन जागिर पाउनेबारे मानिसले सपना मात्र देख्न सक्थे, विपनामा सो स्थान पाउन लगभग असम्भवजस्तै थियो। उनले कम्पनीको ठुलो आर्थिक सुरक्षालाई पलभरमै त्यागिदिए। जागिरबाट राजीनामा दिएर एकाएक त्यसरी हिँडेको देख्दा उनका सहकर्मी अत्यन्त अचम्मित भएका थिए।

जागिर छाडेपछि उनी सियाटल गए। त्यहाँ उनले लाखौं किताब अनलाइन बिक्री गर्ने कम्पनी बनाउने योजनामाथि काम सुरु गरे। उनको अथक मिहिनेतस्वरूप अन्ततः जुलाई, १९९५ मा अमेजन कम्पनीको विधिवत् शुभारम्भ भयो। अमेजनले बेजोसको दुनियाँ कहाँबाट कहाँ पुऱ्यायो, त्यसको साक्षी संसार छ।

आज जेफ बेजोस संसारकै सम्पन्नमध्ये एक व्यक्ति हुन्। उनको सम्पत्ति लगभग एक सय ३० अर्ब डलर हाराहारी छ। त्यतिखेर बेजोसले आफ्नो सुरक्षित जागिरे जीवनको मोहमा त्यो फरक बाटो हिँड्ने साहस नगरेको भए पनि आज पनि उनी कुनै कम्पनीको तलब, सुविधामुनि काम गरिरहेका कुनै आमकार्यकारी हुने थिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डुबान र सर्वोच्चको फैसला

हालैको अबिरल वर्षाले राजधानी काठमाडौंलगायत देशभर आतंक सिर्जना गऱ्यो। यस्तोमा वर्ष दिनअघिको सर्वोच्च अदालतले गरेको एक फैसलामाथि पुनः विचार गर्नु उपयुक्त हुन्छ। काठमाडौंमा बागमती र बिष्णुमतीजस्ता नदी-किनारबाट २० मिटर नभएर ४० मिटरसम्म संरचना बनाउन नपाइने भनेर सर्वोच्चले फैसला गरेको थियो। तत्काललाई धेरैलाई कठिनाइपर्ने देखिए पनि भविष्यमा यसले धेरै राजधानीवासीको उद्धार हुने निश्चित छ। राम्रोसँग कार्यान्वयन भए डुबान निकै घट्नेछ। तर, फैसलाविरुद्ध ठुला दल नै लागे। निवर्तमान ओली सरकार नै महान्यायाधिवक्ताको कार्यालयमार्फत उक्त आदेश खारेजीका लागि भ्याकेट निवेदन लिएर अदालत गएको थियो। पहिले नै नदी-किनार अतिक्रमण गरेर बसेकाहरू फैसलाविरुद्ध छन्। परमादेशमा विभिन्न विकल्पसहित मुख्य नदी-किनारको ४० मिटरमा कुनै स्थायी संरचना बनाउन नपाइने व्यवस्था गर्न आदेश दिइएको छ। जुन सुरक्षित राजधानीका लागि अपरिहार्य छ। मुख्यतः हामीले हाम्रो सहर, हाम्रो राजधानी भविष्यमा कस्तो बनाउने ? कति सुरक्षित राजधानी हाम्रो सन्ततिलाई छोडेर जाने ? भन्ने सवाल हो। अदालतले वर्तमान समस्यालाई मात्र विचार गर्दैन, देश र जनताको दीर्घकालीन हितलाई पनि सोच्ने गर्छ। तर, केही ठुला भनाउँदा पार्टीहरू दिगो हितभन्दा तत्कालीन स्वार्थ, भोटबैंक हेर्ने परिपाटीपछाडि लागे। यसले पछि झन् असर गर्छ कि ?

● गोपाल देवकोटा
जोरपाटी, गोकर्णेश्वर ८

भिजनविहीन जेन-जी नेता

यसपटक जेन-जी आन्दोलनपछि देखिएका नेताहरूमा स्पष्ट भिजन नै देखिएन। पहिले-पहिले आन्दोलनबाट वर्षौंको त्याग-तपस्याबाट खारिएका नेता आउँथे। तिनको दिमागमा परिवर्तनको एउटा स्पष्ट भिजन हुन्थ्यो। जस्तो पछिल्लोपटक प्रचण्ड गणतन्त्र र संविधानसभाका एजेन्डासहित आएका थिए। तर, जेन-जी नेताहरू भने खोइ फेसबुक तथा समाजिक सञ्जालको लाइक र पोस्टभन्दा बढी ज्ञान नभएको हो र ? यस्तोमा तिनलाई सहजै प्रभावित बनाउन सकिन्छ। र, अतः आन्दोलन सहजै हाइज्याक हुन सक्छ।

● डा. शिवशंकर यादव, छपकैया वीरगन्ज

विपत् कसरी घटाउने ?

पछिल्लो भारी वर्षामा ज्यान गुमाउनेको संख्या ५० बढी नाघेको खबरले दुःख लागेको छ। यसपटक मुख्यतः पूर्वी भागमा ठुलो असर पऱ्यो। इलाममा गएको पहिरोमा मात्र करिब ४० जनाको ज्यान गएको छ। सरकारले विगतमा भन्दा निकै प्रशंसनीय प्रयासका बाबजुद यति धेरै क्षति भएको छ। यसबाट हामीले हाम्रो पूर्वाधार र बस्तीको अवस्थितिमाथि नै ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड दिएको छ। नेपालका कतिपय पहाडी बस्ती र आवास क्षेत्रको जोखिमको अवस्था जाँच गनुपर्ने देखिन्छ। नत्र हरेक वर्ष मानिसले अनाहकमा ज्यान गुमाउनुपर्नेछ।

● आरजु घिमिरे, ज्यामिरे, ओखलढुंगा

कैदी फिर्ता

जेन-जी आन्दोलनको क्रममा भागेकामध्ये सबै कैदी पक्राउ परिसकेका छैनन्। भागेका भनिएका १४ हजारमध्ये आधाजति मात्र पुनः जेल फर्किएका छन्। गम्भीर प्रकृतिका अपराध गरेकासमेत जेलबाहिर रहँदा अपराध बढ्ने जोखिम उच्च हुन्छ। केही कैदी त जेलबाट बाहिरिएपछि अपराध गरेर पुनः पक्राउ परेका घटनाले नै यही कुरा पुष्टि गर्छ। यसले गर्दा यो दसैंमा केही असुरक्षाको भावना बढेको थियो। सरकारले जनतामा शान्ति-सुव्यवस्थाको भावना फिर्ता गर्ने हो भने कैदी पक्राउलाई अभियानको रूपमा दिनुपर्छ।

● अभिषेक अधिकारी, कटहरिया, रौतहट

ल्याटिन अमेरिकामा बढ्दै छ ट्रम्पको आक्रामकता

भेनेजुएलामाथि आक्रमण गर्ने राष्ट्रपति ट्रम्पको धम्की प्रतिगामी, खतरनाक र अमेरिकाकै लागि आत्मघाती हुन सक्छ



देश / विदेश

● साइमन टिस्डल

सन् २०२४ मा राष्ट्रपतिको उम्मेदवारी दिँदा डोनाल्ड ट्रम्पले इराक र अफगानिस्तानजस्ता महँगो र विनाशकारी सैन्य हस्तक्षेपबाट अमेरिकालाई टाढा राख्ने वाचा गरेका थिए। तर, ट्रम्पले राष्ट्रपतिको शपथ लिएको केही महिनामै अमेरिकी सेनाले यमन र इरानमा बमबारी गऱ्यो। त्यस्तै, ल्याटिन अमेरिकाको सन्दर्भमा ट्रम्पले पानामा नहर कब्जा गर्ने धम्की दिए। अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) कोलम्बिया र मेक्सिकोका 'आतंकवादी' लागुपदार्थ कार्टेलहरूमाथि आक्रमणको तयारी गरिरहेको छ। तर, त्यसअघि नै ह्वाइटहाउस भेनेजुएलाको सत्ता परिवर्तन प्रयासमा संलग्न भएको आशंका बढेको छ।

भेनेजुएलाका उग्रवामपन्थी अधिनायकवादी राष्ट्रपति निकोलस मदुरो त युद्ध सुरु भइरहेको बताउन थालेका छन्। उनका अनुसार अन्तर्राष्ट्रिय समुद्री क्षेत्रमा भेनेजुएलाका जहाजहरूमा एकपछि अर्को आक्रमणपछि अमेरिकाले उनको देशमा 'अघोषित युद्ध' सुरु गरिसकेको छ। ट्रम्पले भर्खरै कांग्रेस(संसद्)लाई अमेरिका लागुपदार्थ कार्टेलसँग 'सशस्त्र द्वन्द्व'मा संलग्न रहेको सूचित गरे। उनले कुनै प्रमाण नदिई लक्षित डुंगाहरूले अमेरिकातर्फ लागुऔषध बोकेका र यसमा मदुरो जिम्मेवार रहेको दाबी गरेका छन्। ट्रम्पले मदुरोको टाउकोको मूल्य पाँच करोड डलरसमेत तोकेका छन्।

ल्याटिन अमेरिकी सरकार भेनेजुएलाविरुद्ध ठुलो स्तरमा बढ्दो अमेरिकी सैन्य परिचालनलाई चिन्ताका साथ हेरिरहेका छन्। स्रोतका अनुसार भेनेजुएलाननजिकको समुद्री भागमा अमेरिकाले युद्धपोत, एफ-३५ लडाकु विमान, आक्रमणकारी पनडुब्बी र २२०० नौसेना खटाइसकेको छ। यति ठुलो सैन्य परिचालन सामान्यता लागुऔषध नियन्त्रणमा प्रयोग हुँदैनन्। आखिर, ट्रम्प के गर्न खोज्दै छन् ?

संयुक्तराष्ट्र संघका अनुसार अमेरिकामा प्रवेश गर्ने अधिकांश लागुऔषध कोकेन कोलम्बिया, पेरु र इक्वेडरबाट आउँछ। अर्थात्, ट्रम्पले हाल निसाना बनाएको भेनेजुएला अमेरिका भित्रिने लागुऔषधको मूल स्रोत देश होइन। ट्रम्पको आँखा भेनेजुएलाको ठुलो परिमाणको तेल, ग्यास र खनिज स्रोत रहेको केही विश्लेषकहरूको अनुमान छ। ट्रम्प र उनका तत्कालीन राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले सन् २०१९ मा पनि मदुरोलाई सत्ताच्युत गर्ने प्रयास गरेका थिए। त्यस्तै, यो पनि सत्य हो कि सन् २०२४ मा पुनः निर्वाचित भएका मादुरोले त्यो समय व्यापक धाँधली गरेका थिए। स्वतन्त्र रूपमा निर्वाचन हुने हो भने भेनेजुएलावासीले उनलाई जिताउने थिएन।

अमेरिका र भेनेजुएलाबिचको टकरावपछाडि विचारधारात्मक कारणले पनि भूमिका खेलेको छ। ह्युगो चाभेज नेतृत्वको बोलिभारियन क्रान्तिको अयोग्य उत्तराधिकारी मदुरोले पश्चिमी गोलार्द्धमा अमेरिकी प्रभुत्व रहनुपर्छ भन्ने ट्रम्पको साम्राज्यवादी विचारलाई चुनौती दिँदै आएका छन्। 'सन् १८२३ को मोनरो सिद्धान्त'ले पहिलोपटक अघि ल्याएको यो विचार सम्पूर्ण ल्याटिन अमेकिामा नवउदारवादी, स्वतन्त्र बजार पुँजीवादले विना रोकटोक सञ्चालन गर्न पाउनुपर्ने जोड दिन्छ।

अहिले नै भेनेजुएलामा पूर्णस्तरीय सैन्य हस्तक्षेप असम्भव देखिन्छ। अस्थिरता, प्रतिबन्ध, समुद्री हमला र हवाई तथा कमान्डो परिचालनमार्फत तीव्र दबाब अभियान चलाइएको हुन सक्छ। तर, मदुरोको शासनलाई कमजोर बनाउने वा एक्ल्याउने ट्रम्पको यी प्रयासले ठिक विपरीत परिणाम दिन सक्छ। मदुरोले



फोटो स्रोत : फेडेरिको/एएफपी/गेट्टी इमेजेज

पहिले नै अमेरिकी आक्रमणलाई देखाएर तानाशाही 'विशेष शक्तिहरू' लिइसकेका छन्। साथै, उनले पछिल्लो संकटलाई राष्ट्रमाथिको संकट बताउँदै देशका लागि एक हुन आह्वान गरिसके।

ट्रम्पले कोलम्बियाजस्ता वामपन्थी सरकार भएका ल्याटिन अमेरिकी देशहरूलाई डरधम्की दिने र दक्षिणपन्थी सरकार रहेका अर्जेन्टिना तथा एल साल्भाडोरको खुला समर्थन गरिरहेका छन्। उग्र दक्षिणपन्थी विचार राख्ने पूर्वराष्ट्रपति जेयर बोल्सोनारोलाई दन्डित गरेबापत ट्रम्पले ब्राजिलमाथि उच्च भन्सार शुल्क र प्रतिबन्ध लगाएका छन्। तर, ट्रम्पको यस प्रयासले ब्राजिलमा ठुलो आक्रोश निम्त्यायो। ठुलो संख्यामा ब्राजिलियन देशको सार्वभौमिकता र कानुनको शासनमाथिको आक्रमणको विरोधमा सडकमा उत्रिए। अमेरिकी कदमले उल्टो बोल्सोनारोका प्रतद्वन्द्वी वर्तमान राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाको लोकप्रियता बढाएको छ।

अमेरिका-ल्याटिन अमेरिका सम्बन्धमा देखिएको उल्टो छलाङमा मुख्यतः ट्रम्पका उग्र सल्लाहकार बढी जिम्मेबार देखिन्छन्। विशेष गरी, ह्वाइट हाउसका डेपुटी चिफ अफ स्टाफ स्टिफन मिलर र फ्लोरिडाका पूर्वरिपब्लिकन सिनेटर तथा वर्तमान विदेशमन्त्री मार्को रुबियोले कठोर नीतिमा ट्रम्पलाई अघि बढाएको मानिन्छ। क्युबा र निकारागुआमा वामपन्थी शासकहरूका पहिलेदेखिका आलोचक रहेका रुबियोका लागि मदुरो हटाइनुपर्ने शासक हुन्। रुबियोले डुंगामाथि भएका अमेरिकी आक्रमणको बचाउ गर्दै भनेका थिए 'प्रतिबन्धले काम गरेन। अब उनीहरूलाई रोक्न ध्वस्त पार्ने गरी अघि बढ्नुपर्छ ... र यो फेरि हुनेछ।'

ल्याटिन अमेरिकी देशहरूमा अमेरिकालाई 'प्रहरीको भूमिका' पुनः स्थापित गर्ने ट्रम्पको प्रयासमा पूर्व राष्ट्रपति थियोडोर रुजवेल्टको शृंखलावादी हस्तक्षेपवादी नीतिको छाया देखिन्छ। तर, यो एक प्रतिगामी, खतरनाक र आत्मघाती नीति हुनेछन्। दीर्घकालीन रूपमा, यस नीतिले सम्भवतः बेइजिङलाई फाइदा गर्नेछ। पछिल्लो समय चीन सो क्षेत्रमा प्रभावशाली पक्षका रूपमा लगानीकर्ता र ब्रिक्स राष्ट्रहरूको समूहको अग्रणी सदस्यका रूपमा आइरहेको छ। अमेरिकाले विश्वभर आफ्ना सम्बन्ध सेतु जलाउँदै गर्दा ट्रम्पले अमेरिकालाई चाहिँ होइन चीनलाई 'फेरि महान्'(ग्रेट अगेन) बनाउँदै छन्।

साइमन टिस्डल गार्जियनका विदेश मामिला टिप्पणीकार हुन्।

द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जलवायु परिवर्तनको जोखिममा रहेका मध्यपूर्वी देशमा मिडिया कभरेज किन कम ?

विश्वमा जलवायु परिवर्तनको असरबारे आममानिसलाई बुझाउन मिडियाले खेल्न सक्छ महत्त्वपूर्ण भूमिका

● मारियाना पोबेरेजस्काया
● इमाद एल-अनिस
● मारवा मुस्तफा

मारियाना पोबेरेजस्काया र इमाद एल-अनिस नटिंघम ट्रेन्ट विश्वविद्यालयकी अन्तर्राष्ट्रिय सम्बन्ध विषयकी सहप्राध्यापक हुन् भने मारवा मुस्तफा सोही विश्वविद्यालयका साहित्य, भाषाविज्ञान र संस्कृतिमा अनुसन्धान केन्द्रकी पिएचडी विद्यार्थी हुन् ।



विशेषतः जलवायु परिवर्तन र यसको व्यक्तिगत, साम्प्रदायिक र राष्ट्रिय सुरक्षासँगको सम्बन्धबारे आममानिसलाई बुझाउन मिडियाले ठुलो भूमिका खेल्न सक्छ । तर, विगत दुई दशक वा सोभन्दा बढी समयको मिडिया कभरेज हेर्ने हो भने मध्यपूर्वको जलवायु परिवर्तनको विषय निकै कम उठ्ने गरेको छ ।

द्वन्द्वग्रस्त मध्यपूर्वमा अहिले फेरि राजनीतिक र आर्थिक अशान्ति थप सघन बनेको छ । र, धेरैको नजर नगए पनि यो क्षेत्र जलवायु संकटमा फस्दै गएको छ । सन् २०२३ मा 'कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिस'को विश्वव्यापी थिंकट्यांकले निकालेको निष्कर्षअनुसार मध्यपूर्वी देशहरू 'मानवनिर्मित जलवायु परिवर्तनको द्रुत प्रभावको हिसाबमा विश्वको सबैभन्दा बढी जोखिममा रहेका राज्यमध्ये पर्छन् । त्यस भेगले तापलहर, घट्दो वर्षा, लामो खडेरी, बाढी र तीव्र बालुवाको आँधी र बढ्दो समुद्री सतह सबैको असर भोगिरहेको छ ।'

जलवायु परिवर्तनविरुद्ध प्रभावकारी प्रतिक्रियामा जलवायु परिवर्तनसम्बन्धी जानकारी प्राप्त गर्ने, प्रशोधन गर्ने र कदम चाल्ने क्षमता पर्छन् । यसमा मिडियाले महत्त्वपूर्ण भूमिका खेल्ने गर्छ । विशेषतः जलवायु परिवर्तन र यसको व्यक्तिगत, साम्प्रदायिक र राष्ट्रिय सुरक्षासँगको सम्बन्धबारे आममानिसलाई बुझाउन मिडियाले ठुलो भूमिका खेल्न सक्छ । तर, विगत दुई दशक वा सोभन्दा बढी समयको मिडिया कभरेज हेर्ने हो भने मध्यपूर्वको जलवायु परिवर्तनको विषय निकै कम उठ्ने गरेको छ । कोलोराडो विश्वविद्यालयअन्तर्गतको 'बोल्डर्स मिडिया एन्ड क्लाइमेट चेन्स अर्भरभेटरी'का अनुसार, मध्यपूर्वका मिडिया संस्थाले अगस्ट २०२५ मा जलवायु परिवर्तनको बारेमा औसतमा लगभग एक लेख दिए । जबकि, सोही अवधिमा उत्तर अमेरिकी मिडियाका उही विषयमा लगभग ६६ लेख छापिएका थिए ।

आखिर, मध्यपूर्वमा जलवायु परिवर्तनको विषयमाथि मिडिया कभरेज किन यति कम छ त ? यसको जवाफ त्यहाँको मिडिया आउटलेटहरूले सामना गर्नुपर्ने धेरै संरचनात्मक समस्यामा भेटिन्छ । सशस्त्र द्वन्द्व नियन्त्रणबाहिर जाने सम्भावनाबिच जलवायु परिवर्तनको विषयमा कसरी कुरा गर्ने ? जब तत्कालीन महत्त्वपूर्ण मुद्दाले एकाधिकार पाउँछ बिस्तारै आइरहेको समस्या छायामा पर्दा रहेछ । यो चुनौतीबारे बुझ्न यसको समाधान कसरी गर्ने भनेर बुझ्न जोर्डन एक उपयोगी उदाहरण प्रस्तुत गर्दछ ।

जोर्डनका मिडिया

अस्थिर मध्यपूर्वमा जोर्डन लामो समयदेखि स्थिर शक्ति मानिँदै आएको छ । यसैले छिमेकी देशका द्वन्द्वबाट भागेका ठुलो संख्यामा शरणार्थीहरूको गन्तव्य सोही देश हुने गर्छन्, जसलाई उसले स्वीकार पनि गर्छ । त्यस्तै, शीर्ष तहमा पनि जोर्डनले मध्यपूर्वीका प्रतिद्वन्द्वी शक्तिबिच मध्यस्थकर्ता गरेर शान्ति स्थापनाको प्रयास गर्ने गर्छ । तथापि, जलवायु परिवर्तनले जोर्डनको स्थिरतालाई खतरामा पारिरहेको छ । जोर्डनका पानी तथा सिँचाइमन्त्री रैद अबु साउदले गत मे २०२५ मा भनेका यसै विषयमा जोड दिँदै भनेका थिए : 'जोर्डन विश्वको सबैभन्दा गम्भीर पानी संकटसँग जुधिरहेको छ । प्रतिव्यक्ति पानीको उपलब्धता वर्षको केवल ६० घन मिटरमा झरेको छ ।'

परिस्थिति बिगार्न धेरै कारकहरू जिम्मेवार छन् । जोर्डनको आर्थिक अविकासितले निरन्तर बेरोजगारी र सार्वजनिक अशान्ति निम्त्याइरहेको छ भने क्षेत्रीय द्वन्द्वले सामाजिक एकता कमजोर बनाइरहेको छ । जलवायु परिवर्तनले निम्त्याएको जोखिमलाई जोर्डनले कसरी प्रतिक्रिया दिन्छ भन्ने विषय यसको भावी स्थिरतासँग प्रत्यक्ष जोडिएको छ । र, यसको प्रभाव मध्यपूर्व र अन्त पनि अत्यन्त महत्त्वपूर्ण छ । प्रभावकारी प्रतिक्रियाका लागि यस चुनौतीबारे सार्वजनिक बुझाइ निर्णायक हुनेछ । र, यहींनेर मिडियाको भूमिकामा प्रवेश गर्छ ।

हामीले जोर्डनको जलवायु परिवर्तन विषयमा अनुसन्धान गरेका थियौं । अनुसन्धानका लागि देशका प्रमुख छापा मिडियामा छापिएका २५०० भन्दा बढी समाचार र विश्लेषण तथा स्थानीय मानिससँग व्यापक अन्तर्वार्ता लिइएको थियो । यसक्रममा, जोर्डनमा जलवायु परिवर्तन एक महत्त्वपूर्ण विषय बन्दै गइरहेको पाइयो । तर, त्यहाँ अझै जलवायु परिवर्तनसम्बन्धी व्यवस्थित छलफलले विभिन्न बाधा सामना गरिरहेका छन् । द्वन्द्वबाट प्रभावित अन्य धेरै देशमा जस्तै, जोर्डनमा पनि तत्कालीन संकटसामु जलवायु परिवर्तनसँग सम्बन्धित विषय छायामा पर्नु स्वाभाविक हो । सन् २०२३ देखि यता गाजामा इजरायले आक्रमण सुरु गरेदेखि जोर्डनका मिडियाले जलवायु परिवर्तनको विषयलाई घटाएर मानवीय संकटलाई बढी महत्त्व दिन थालेका छन् ।

यसमाथि जोर्डनमा जलवायुको मुद्दामा निरन्तर काम गर्ने र सही तथा समयमै तथ्य प्रदान गर्ने पत्रकारको संख्या धेरै कम छ । उसो त जलवायु पत्रकारको कमी मध्यपूर्वमा एक आमसमस्या हो । त्यस्तै, जोर्डनका मिडियाले जलवायु परिवर्तनलाई कभर गर्दासमेत यसलाई आफैंमा चुनौतीभन्दा प्रायः भूराजनीतिक परिणतीका रूपमा व्यक्त गरिन्छ । ठुलो संख्यामा शरणार्थीलाई शरण दिने देशको नीतिका कारण पनि हुन सक्छ जोर्डनका मिडियाले प्रायः आफ्नो देशलाई सिरियाको गृहयुद्ध र असहज इजरायल-प्यालेस्टाइन द्वन्द्वको 'पीडित'को रूपमा चित्रण गरेका छन् । शरणार्थीलाई पहिले नै दुर्लभ स्रोतमाथि भारका रूपमा देखाइन्छ ।

विश्वासको क्षय

जोर्डनमा हुने जलवायु परिवर्तनसम्बन्धी बहस प्रायः विदेशी सरकार, परोपकारी संस्था र वित्तीय निकायजस्ता अन्तर्राष्ट्रिय साझेदारबाट धेरै प्रभावित हुने गर्छ । जोर्डनमा जलवायु परिवर्तनमा केन्द्रित असंख्य बाह्य लगानी भएका शैक्षिक र व्यावसायिक पाठ्यक्रम उपलब्ध छन्, जुन मिडिया पेसाकर्मीसहित विभिन्न दर्शकलक्षित छन् । यसले जलवायु परिवर्तनसम्बन्धी छलफल अगाडि बढाउन सहज त बनाउँछ, साथै यसले जलवायु विषयको कभरेजमा स्थानीय सन्दर्भ र ज्ञानलाई टाढा राख्ने जोखिम हुन्छ । बाह्य साझेदारहरूले जोर्डनले सामना गर्ने विशिष्ट चुनौतीलाई राम्ररी नबुझी साझेदारलाई जोर्डनवासीहरूलाई आवश्यक ठानेको कुरा मात्र 'सिकाउँदा' यो कुरा झन् सत्य साबित हुन्छ ।

यस्तो हर्कतले जोर्डनवासीहरू र विदेशी साझेदारहरूबिचको विश्वास कमजोर बन्न सक्छ । यसैले होला अध्ययनमा केही जोर्डनी पत्रकारहरूले जलवायु परिवर्तनको विषय पश्चिमले विकासशील देशलाई नियन्त्रण गर्ने उद्देश्यले लागू गर्न खाजेको एजेन्डाको हिस्सा ठानेको देखियो । जोर्डन मध्यपूर्व, युरोप र बाहिरका लागि अत्यन्त महत्त्वपूर्ण देश हो । जलवायु अनुकूलनको प्रभावकारीविना, यो देशले शरणार्थी आश्रय र क्षेत्रीय स्थिरीकरणकर्ताको आफ्नो भूमिका गुमाउने जोखिम छ ।

सरकारलाई जवाफदेही बनाउनेदेखि जलवायु मुद्दाहरूको बारेमा आमजागरुकता बढाएर मिडियाले मध्यपूर्वमा जलवायु परिवर्तनको बहसलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । अध्ययनले सार्वजनिक चासो प्रत्यक्ष रूपमा मिडिया कभरेजको संख्यासँग जोडिएको देखाएको छ । त्यसैले राजनीतिक र आर्थिक अशान्तिको समयमा पनि जलवायु कदमबारेमा दीर्घकालीन जनसहभागिता सुनिश्चित गर्न दिगो, समावेशी मिडिया कभरेज आवश्यक हुन्छ ।

द कन्भर्सेसनबाट

इतिहासमा आज

अक्टोबर ६



सन् १९५१ : सोभियत नेता जोसेफ स्टालिनले आफ्नो देशसँग आणविक हतियार भएको घोषणा गरे । यसअघि अमेरिकासँग मात्र रहेको सो हतियार रहेकोमा प्रतिस्पर्धी मुलुकसँग भएको घोषणाले विश्वको शक्ति सन्तुलनमा ठुलो परिवर्तन ल्यायो ।

सन् १७८९ : महिलाहरूको प्रदर्शनीपछि फ्रान्सेली राजा लुई १६औं भर्साइलिजबाट पेरिस सरे ।

सन् १९०८ : अस्ट्रियाली मूलका हंगेरीका सम्राट फ्रान्ज जोसेफले बोसनिया एन्ड हर्जगोभिना कब्जामा लिएको घोषणा गरेका थिए । नियन्त्रणमा लिएसँगै युरोपको बाल्कन क्षेत्रमा तनाब बढेको थियो ।

सन् १९६५ : प्याट्रिसिया ह्यारिस बेल्जियमका लागि अमेरिकी राजदूत घोषित भएसँगै उनी अमेरिकी इतिहासको पहिलो अश्वेत राजदूत बने ।

सन् १९७३ : इजरायलले देशकै ठुलोमध्ये एक चाड योम किप्पुर मनाइरहेको समयमा इजिप्ट, सिरिया, इराक र जोर्डनले विनाकुनै चेतावनी आक्रमण गरे । यसलाई योम किप्पुर युद्ध भनेर चिनिन्छ ।

सन् १९७६ : सेनी प्रमोजले नेतृत्व गरेको नागरिक सरकारलाइ थाई सेनाले अपदस्थ गरेको थियो ।

सन् १९८१ : इजिप्टका तेस्रो राष्ट्रपति अनबर एल सदातलाई तकफिर वाल हिजरा नामको अतिवादी समूहका सदस्यले हत्या गरेका थिए । सन् १९७८ मा भएको क्याम्प डेभिड सम्झौतापछि इजिप्टमा शान्ति कायम गर्न सदतले गरेको प्रयासबाट आत्तिएका लडाकुले उनको हत्या गरेका थिए ।

सन् १९९५ : स्विट्जरल्यान्डका अन्तरिक्ष यात्री डिडिर क्युलोज र माइकल मेयरले सूर्यजस्तै तारा ५१ पेगासी बी पत्ता लगाएका थिए ।

सन् २००७ : बेलायतका ज्यासन लिविसले विश्वको परिक्रमा पूरा गरेका थिए । एक्सपिडिसन ३६० नाम दिइएको सो यात्रा उनले १२ जुलाई १९९४ मा लन्डनको ग्रिनविचबाट सुरु गरेका थिए । ४६ हजार माइल दूरी एक्सपिडिसन पूरा गर्न उनलाई चार हजार आठ सय ३३ दिन लागेको थियो । यात्राका लागि उनले रोलर ब्लेड, साइकल र डुंगा प्रयोग गरेका थिए ।

युद्धले जर्जर गाजाको भविष्य दयनीय

वर्षौंसम्म गाजा क्षेत्र दाताहरूको दयामा निर्भर रहनेछ, पुनर्निर्माणका लागि मात्र ५३ अर्ब डलर आवश्यक पर्नेछ



सहायताको बाढीले क्षतिलाई पूर्ववत् अवस्थामा लैजान सक्दैन, तर अवस्था अझ खराब हुनबाट रोक्न सक्छ । तसर्थ, सहायतालाई निरन्तरता दिनुपर्छ । इजरायलको युद्धले निम्त्याएको विनाशले गाजावासीहरूलाई सहायतामाथि भर पर्नुबाहेक अरू कुनै विकल्प बाँकी राखेको छैन ।

हप्तौंदेखि संसारले गाजामा विद्यमान व्यापक भोकमरी अन्त्य गर्न काम गरिरहेको दाबी गर्दै आएको छ । संयुक्त राष्ट्रसंघले इजरायललाई सहयोगका थप लरीहरू गाजामा प्रवेशमा अनुमति दिन आग्रह गरिरहेको छ । अरब र पश्चिमा राज्यहरूले हवाईमार्गबाट खाना खसालिरहेका छन् । अमेरिकाले सहायता वितरणमा ठुलो भूमिका खेल्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका थिए । 'मलाई थाहा छ, इजरायलले वितरण र पैसाको सन्दर्भमा हामीलाई त्यसमा मद्दत गर्नेछ,' उनले भने ।

तर, व्यावहारिक दृष्टिले खासै परिवर्तन नभएको गाजावासी बताउँछन् । गाजामा पर्याप्त खाना पुगेको छैन, न त यसको वितरणलाई अनुमति दिन कानुन र व्यवस्था छ । हवाईमार्गबाट सामान पुग्न गाह्रो छ । सीमापार गर्नेबित्तिकै राहत सामग्री बोकेका सवारीसाधन लुटिन्छन् । खाना खोज्न प्रायः सहायता केन्द्रमा जोखिमपूर्ण यात्रा गर्नुपर्छ, जहाँ हालैका महिनामा सयौं प्यालेस्टिनी मारिएका छन्, वा कालो बजारमा अत्यधिक रकम तिर्नुपर्छ । यो आफैंमा एउटा विपत्ति हो, जसले धेरै गाजावासी, विशेषगरी बालबालिकाका लागि दीर्घकालीन परिणाम निम्त्याउनेछ । तर, यो गाजाको भविष्यको झलक पनि हो । युद्ध समाप्त भएपछि पनि गाजा वर्षौंसम्म अरूको दयामा रहनेछ ।

इजरायल र इजिप्टको बिचमा रहेको यो सानो क्षेत्र कहिल्यै आत्मनिर्भर भएन । सन् २००७ मा एक आतंकवादी समूह हमासले सत्ता लिएपछि यसका छिमेकीहरूले प्रतिबन्ध लगाए । अर्थतन्त्र ठप्प भयो । गाजापट्टीमा आधा कार्यबल बेरोजगार थियो र जनसंख्याको ६० प्रतिशतभन्दा बढी बाँच्नका लागि कुनै न कुनै प्रकारको विदेशी सहायतामा निर्भर थियो । नगद सहयोगविना क्लिनिकहरूको सञ्जाल चलाइएको थियो जसले परामर्श प्रदान गर्थ्यो र लगभग तीन लाख बालबालिकालाई शिक्षित गर्ने विद्यालय सञ्चालन गर्थ्यो ।

तैपनि, गाजाले कम्तीमा केही आधारभूत आवश्यकता आफैं पूरा गर्न सक्थ्यो । यसको क्षेत्रफलको पाँच भागको दुई भाग कृषि भूमि थियो जसले धेरैजसो स्थानीय माग पूरा गर्न पर्याप्त दुध, कुखुरा, अन्डा र फलफूल र तरकारी आपूर्ति गर्थ्यो । साना कारखानाले प्याकेज गरिएको खानादेखि फर्निचरसम्म सबै उत्पादन गर्थे । हमासद्वारा सञ्चालित सरकार अयोग्य र दमनकारी थियो, तर यसले कानुन र व्यवस्था प्रदान गर्‍यो । लगभग दुई वर्षको युद्धपछि लगभग कुनै पनि बाँकी छैन ।

संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले गाजाका २० लाख मानिसलाई प्रतिमहिना ६२ हजार टन खाना चाहिने बताएको छ । त्यो एउटा सामान्य गणना होः यसले पर्याप्त मुख्य खाना प्रदान गर्ला, तर मासु, फलफूल र तरकारी वा अन्य वस्तु प्रदान गर्नेछैन । आफ्नै हिसाबले इजरायलले धेरै कम सामग्रीलाई भित्र जान अनुमति दिएको छ । यसले मार्च २ देखि मे १९ सम्म गाजालाई पूर्ण घेराबन्दी लगाएको थियो, कुनै पनि खाद्य पदार्थ प्रवेश गर्न अनुमति दिइएको थिएन ।

त्यसपछि इजरायलले संयुक्त राष्ट्रसंघलाई उत्तरी गाजामा सीमित सहायता वितरण पुनः सुरु गर्न अनुमति दियो । यसले गाजा मानवीय फाउन्डेसन (जिएचएफ) स्थापना गर्न पनि मद्दत गर्‍यो । फाउन्डेसन एक छायादार संगठन हो, जसले दक्षिणी र मध्य गाजामा चार क्षेत्रमा खाना वितरण गर्दछ । दुई महिनामा यसले गाजावासीलाई नगन्य खाना वितरण गरेको छ । समग्रमा, इजरायलले जुलाईसम्मको पाँच महिनामा ९८ हजार ६७४ टन खाद्य सहायता सीमा पार गर्न अनुमति दियो, जुन प्रतिमहिना औसत १९ हजार ७३४ टन हो । यो आफैंमा पर्याप्त छैन ।

हालैका दिनमा सहायताको मात्रा बढेको भए पनि यो अझै पनि अपर्याप्त छ । 'हामी हरेक दिन ८० देखि १०० ट्रक भित्र्याउने प्रयास गरिरहेका छौं,' डब्लुएफपीकी भ्यालेरी गुआर्निएरी भन्छिन्, 'यो उच्चस्तर होइन, तर हामीले के हासिल गर्न सक्छौं भन्ने यथार्थपरक स्तर हो ।' यद्यपि, अगस्ट ४ मा इजरायलले एजेन्सीका ४१ वटा लरीलाई गाजा सीमाको स्टेजिङ क्षेत्रमा प्रवेश गर्न अनुमति दियो र यसले चालकलाई तीमध्ये केवल २९ वटा मात्र संकलन गर्न दियो ।

गाजामा प्रवेश गर्नु पहिलो चुनौती मात्र हो । वितरण एउटा दुःस्वप्न हो । मे १९ देखि संयुक्त राष्ट्रसंघले गाजाको सिमानाबाट दुई हजार ६ सय चार लरी लोड संकलन गरेको छ । केवल तीन सय लरी आफ्नो लक्षित गन्तव्यमा पुगे । बाँकीलाई हतास नागरिक वा सशस्त्र मानिसले बाटोमा रोकेका थिए । सहायताकर्मी सहायता लरीहरूमा छापा मार्ने नागरिकका बारेमा बेवास्ता गर्छन् । 'त्यहाँ निराशाको वास्तविक उत्कर्ष छ,' ग्वार्नेरी भन्छिन्, 'भोलि खानेकुरा आउँछ भन्नेमा मानिसलाई विश्वास छैन ।'

तर, पसलमा फैलिएको कालोबजारले यसको धेरैजसो भाग चोरी भएको देखाउँछ । गाजाको चेम्बर अफ कमर्सले खाद्यान्नको मूल्यको नियमित सर्वेक्षण प्रकाशित गर्छ । युद्धअघि ३५ सेकेल (१० डलर) पर्ने २५ किलोग्रामको एक बोरा पिठोको मूल्य अगस्ट ५ मा ६२५ सेकेलमा कारोबार भयो । एक किलो गोलभेडाको मूल्य १०० सेकेल छ, जुन युद्धअघिको मूल्यभन्दा ५० गुणा बढी हो । यस्ता मूल्य धेरैजसो गाजावासीहरूको पहुँचभन्दा धेरै टाढा छन् ।

सहायताको आपूर्तिलाई नियन्त्रणमा राख्नुमा इजरायलको लक्ष्य हमासलाई यसको कुनै पनि भाग चोर्नबाट रोक्नु थियो । यस महिनाको सुरुमा समूहले गाजामा अझै पनि बन्दी बनाइएका इजरायली बन्धक एभ्यातार डेभिडको प्रचार भिडियो जारी गर्‍यो । उनी कमजोर देखिन्थे र भिडियोमा उनले थोरै खानेकुरा खानुपरेको अवस्थाको वर्णन गरेका थिए । गाजाको धेरैजसो भाग भोकले ग्रस्त भए पनि हमासले अझै पनि आफ्ना लडाकुहरूलाई खुवाउन व्यवस्थापन गरिरहेको देखिन्छ ।

इजरायलको नीतिको परिणामको असर सबैभन्दा बढी बच्चाहरूमा पर्छ । कहिलेकाहीं जन्मनुभन्दा पहिले नै यस्तो असर देखिन्छ । 'तीन गर्भावस्थामध्ये एक उच्च जोखिममा छ । हामीले देखेका पाँचमध्ये एक बच्चा समयभन्दा पहिले वा कम तौलको जन्म हुन्छ,' संयुक्त राष्ट्रसंघको परिवार नियोजन एजेन्सीकी लीला बेकर भन्छिन् । युद्धअघिको तुलनामा गाजाका ८ प्रतिशत बच्चा कम तौलका (२.५ किलोग्रामभन्दा कम) जन्मिएका थिए । जनवरी र जुन महिनाको बिचमा २२२ मृत जन्मिएका थिए, जुन युद्धअघि देखिएको स्तरभन्दा दस गुणा बढी हो ।

भोकमरी ट्र्याक गर्ने संस्था एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आइपिसी)ले गत महिना अप्रिल र जुलाईको बिचमा २० हजार बालबालिकालाई तीव्र कुपोषणका लागि अस्पतालमा भर्ना गरिएको बताएको थियो । त्यो विन्दुमा पुग्नुअघि नै उनीहरूको प्रतिरक्षा प्रणाली क्षय हुन्छ । मध्यम कुपोषित बच्चा राम्रोसँग खुवाइएका बच्चाभन्दा धेरै सजिलै संक्रमित हुन्छन् । उनीहरू गम्भीर रूपमा बिरामी हुन्छन् र छिटो शरीरको तौल गुमाउँछन् ।

'खानाको सेवन ७०-८० प्रतिशत मात्र घट्दा शरीरलाई ठुलो धक्का लाग्छ,' अनिकालग्रस्त ठाउँहरूमा बालबालिकाको उपचार गर्ने लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनका बालरोग विशेषज्ञ मार्को केराक भन्छन् । गाजाका धेरैजसो बालबालिकाले त्योभन्दा धेरै कम खाना खाइरहेका छन् । जुलाईमा विश्व स्वास्थ्य संगठनले गुइलेन-ब्यारे सिन्ड्रोमको प्रकोपको रिपोर्ट गरेको थियो । यो एक दुर्लभ अटो इम्युन रोग हो जसको भोकमरीसँग सम्बन्ध हुन सक्छ ।

क्यालोरी सेवन मात्र चिन्ताको विषय होइन । गाजामा पीठो र नुन आयोडिनजस्ता केही भिटामिन र खनिजहरूले भरिपूर्ण भए तापनि, तिनीहरू सीमित मात्रामा खपत हुन्छन् । विशेष गरी, अहिले धेरै बेकरी महिनौंदेखि पीठो र इन्धनको अभावका कारण बन्द छन् । फेब्रुअरीमा युद्धविरामको समयमा, इजरायलले गाजामा १५ हजार टन फलफूल तथा तरकारी र ११ हजार टन मासु र माछा लैजान अनुमति दियो । मार्चदेखि यसले केवल १३६ टन मासुलाई अनुमति दिएको छ । यी सबैको अर्थ बालबालिकाको दिमाग विकासका लागि आवश्यक पोषक तत्त्वको व्यापक अभाव छ ।

अर्को शब्दमा भन्नुपर्दा गाजामा प्रत्येक बच्चा आजको कुपोषणको कारणले जीवनभर खराब स्वास्थ्यको जोखिममा रहनेछ । अनिकालबाट गुज्रिएका जनसंख्याको अध्ययनबाट हामीले कुपोषणका धेरै प्रमाण देखेका छौं : दोस्रो विश्वयुद्धको समयमा चीनमा १९६० को दसकको हालसालै इथियोपियाजस्ता ठाउँको अनिकाल । तीव्र कुपोषणको सामना गर्ने बालबालिकामा वयस्कको रूपमा हृदयरोग, मधुमेह र अन्य दीर्घकालीन रोगको उच्च दर हुन्छ । तिनीहरू खराब संज्ञानात्मक विकासको जोखिममा पनि छन् ।

सहायताको बाढीले क्षतिलाई पूर्ववत् अवस्थामा लैजान सक्दैन, तर अवस्था अझ खराब हुनबाट रोक्न सक्छ । तसर्थ, सहायतालाई निरन्तरता दिनुपर्छ । इजरायलको युद्धले निम्त्याएको विनाशले गाजावासीहरूलाई सहायतामाथि भरपर्नुबाहेक अरू कुनै विकल्प बाँकी राखेको छैन ।

युद्धले ३० अर्ब डलरको भौतिक क्षति र १९ अर्ब डलरको आर्थिक अवरोध पुऱ्याएको फेब्रुअरीमा संयुक्त राष्ट्रसंघले अनुमान गरेको थियो । क्षतिमा रोजागारी ठप्प, गुमेको आम्दानी र बढेको लागत समावेश छ । पुनर्निर्माणका लागि ५३ अर्ब डलर आवश्यक पर्नेछ । यस विन्दुमा, त्यो अनुमानभन्दा अलि बढी हो । अझ वास्तविक लागत गणना गर्न असम्भव छ । तर, यो ठुलो हुनेछ ।

गाजामा अहिलेको पहिलो काम केवल भग्नावशेष हटाउनु हुनेछ । अप्रिलमा गरिएको संयुक्त राष्ट्रसंघको भूउपग्रह तस्बिरका आधारमा गाजामा पाँच करोड ३० लाख टन भग्नावशेष छरिएको अनुमान गरिएको थियो, जुन सेप्टेम्बर ११ को आक्रमणपछि म्यानहट्टनबाट हटाइएको भग्नावशेषको ३० गुणा बढी हो । यसलाई हटाउन दसकौंको काम हुन सक्छ । सन् २०१४ मा इजरायल र हमासबिचको सात हप्ताको युद्ध (जुन हालको भन्दा लामो र घातक थियो)ले २५ लाख टन भग्नावशेष उत्पादन गर्‍यो । यसलाई हटाउन मात्र दुई वर्ष लाग्यो ।

उत्पादक अर्थतन्त्रको पुनर्निर्माण गर्नु पनि कम गाह्रो हुनेछैन । उदाहरणका लागि कृषिलाई लिनुहोस् । संयुक्त राष्ट्रसंघको कृषि एजेन्सीले भनेको छ कि गाजाको ८४ प्रतिशत कृषि भूमि र यसको ७१ प्रतिशत हरितगृह युद्धमा क्षतिग्रस्त भएका छन् । पशुधन लगभग नष्ट भइसकेको छ ।

गत गर्मीयाममा गरिएको एक भूउपग्रह मूल्यांकनले गाजाको ६८ प्रतिशत सडक क्षतिग्रस्त भएको पत्ता लगायो (त्यो संख्या आज निःसन्देह बढी छ) । युद्धपछि किसानले बाली लगाउन थाले पनि उनीहरूको उत्पादन बजारमा ल्याउन गाह्रो हुनेछ । अन्य क्षेत्रहरूमा पनि तस्बिर उत्तिकै निराशाजनक छ : विद्यालय, अस्पताल र कारखाना सबै ठुलो मात्रामा भग्नावशेषमा परिणत भएका छन् ।

द इकोनोमिस्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २० असोज ०८२


बाढीपहिरोले पूर्वका १०५.४ मेगावाटका १३ आयोजना बन्द



बाढीले बगाएको इलामको जोगमाई खोला हाइड्रोपावर

आयोजनाको नाम	कम्पनीको नाम	क्षमता (मे.वा.)	फेज	जिल्ला	क्षति भएका संरचना	उत्पादन स्थिति
माईखोला हाइड्रोपावर	हिमाल दोलखा हाइड्रोपावर	४.५	अपरेसन	इलाम	हेडवर्क्स, पावरहाउस, सबस्टेसन	उत्पादन बन्द
माईखोला क्यासकेड	हिमाल दोलखा हाइड्रोपावर	८	अपरेसन	इलाम	पावरहाउस, सबस्टेसन	उत्पादन बन्द
माईखोला	सानिमा माई हाइड्रोपावर	२२	अपरेसन	इलाम	कलभर्टमा क्षति	उत्पादन बन्द
माईखोला क्यासकेड	सानिमा माई हाइड्रोपावर	७	अपरेसन	इलाम		उत्पादन बन्द
सुपरमाई हाइड्रोपावर	सुपरमाई हाइड्रोपावर कम्पनी	७.८	अपरेसन	इलाम	हेडवर्क्स, एरियल गेट	उत्पादन बन्द
सुपरमाई ए	सगरमाथा जलविद्युत् कम्पनी	९.६	अपरेसन	इलाम	प्रोटेक्सन वाल, टेलरेस, प्रसारणलाइन	उत्पादन बन्द
सुपरमाई ए क्यासकेड	माईखोला हाइड्रोपावर	३	अपरेसन	इलाम	पावरहाउस र प्रसारणलाईनमा क्षति	उत्पादन बन्द
जोगमाई खोला	सानभी इनर्जी	७.६	अपरेसन	इलाम	हेडवर्क्स, पावरहाउस	उत्पादन बन्द
जोगमाई क्यासकेड	सानभी इनर्जी	५.२	अपरेसन	इलाम	हेडवर्क्स, डिसेन्डर	उत्पादन बन्द
तल्लो जोगमाई	एसियन हाइड्रोपावर	६.२	अपरेसन	इलाम	हेडवर्क्स	उत्पादन बन्द
माइबेनी हाइड्रोपावर	सामलिङ पावर कम्पनी	९.५	अपरेसन	इलाम	हेडवर्क्स, इन्टेक, पाइपलाइन, टेलरेस र पावरहाउस	उत्पादन बन्द
माथिल्लो माईखोला	पञ्चकन्या माई हाइड्रोपावर	९.९	अपरेसन	इलाम	हेडवर्क्स	उत्पादन बन्द
माई सी क्यासकेड	माई भ्याली हाइड्रोपावर	५.१	अपरेसन	इलाम	पावरहाउसमा पानी छिरेको	उत्पादन बन्द
निर्माणाधीन						
सभा खोला बी	अर्बिट एनर्जी	२१.५	निर्माणाधीन	पाँचथर	एक्सेस रोडमा क्षति, निर्माण सामग्री बगाएको	उत्पादन हुने क्रम
हेवाखोला	ह्याबिटाट पावर कम्पनी	९.९	निर्माणाधीन	पाँचथर	हेडवर्क्स, एक्सेस रोड	उत्पादन हुने क्रम
सिद्धि खोला	सिद्धि हाइड्रोपावर	१०	निर्माणाधीन	इलाम	हेडवर्क्स, पावरहाउस, क्याम्प, अलाइनमेन्ट रोड	उत्पादन हुने क्रम
ब्रह्मायणी हाइड्रोपावर	ब्रह्मायणी हाइड्रोपावर कम्पनी	३६.५१	निर्माणाधीन	सिन्धुपाल्चोक	एक्सेस रोड क्षति, निर्माण सामग्री क्षति	उत्पादन हुने क्रम
अपर ब्रह्मायणी हाइड्रोपावर	इन्टिग्रेटेड हाइड्रो फन्ड	१५.१५	निर्माणाधीन	सिन्धुपाल्चोक	एक्सेस रोड क्षति, निर्माण सामग्री क्षति	उत्पादन हुने क्रम

विद्युत् आपूर्तिमा ठुलो समस्या आउँदैन



● **कुलमान घिसिङ**, ऊर्जामन्त्री

अहिले हाम्रो विद्युत् आपूर्तिमा केही ठाउँमा समस्या आएको छ। केही स्थानमा डुबानका कारण वितरण अवरुद्ध भएको छ र केही ठाउँमा पोल ढलेका छन्। हामीले बिहानैदेखि सबै टोलीलाई परिचालन गरेका छौं। दैनिक रूपमा लोडसेडिङ हुने अवस्था छैन। अहिले हाम्रो विद्युत् उत्पादन क्षमता करिब चार हजार मेगावाट छ। त्यसमध्ये करिब १२ सयदेखि १३ सय मेगावाट निर्यात गर्न सकिन्छ। अहिलेको अवस्थाअनुसार धेरैजसो पावर प्लान्टहरू सञ्चालनमा छन्। केही प्लान्टहरूमा साना समस्या आएका भए पनि ती अस्थायी हुन्। ठुलो अवरोध हुने सम्भावना छैन। अहिले खपत पनि कम भएकाले समस्या ठुलो छैन। कहिलेकाहीं मौसम र लाइन मर्मतका कारण आपूर्ति आउजाउ हुन सक्छ, तर त्यो सामान्य प्रक्रिया हो। हामीले अधिकांश स्थानमा क्षति पुगेका पोल र लाइनहरूको पहिचान गरिरहेका छौं। कतै पोल ढलेका छन्, कतै लाइन चुँडिएका छन्। ती सबै स्थानमा हाम्रो प्राविधिक टोलीले मर्मतकार्य जारी राखेको छ र शीघ्र रूपमा विद्युत् आपूर्ति पूर्ण रूपमा पुनर्स्थापित हुनेछ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

बाढीपहिरोले पूर्वी पहाडी जिल्लाका १३ जलविद्युत् आयोजनामा क्षति पुगेको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का अनुसार १९ असोजसम्मको प्रारम्भिक तथ्यांकअनुसार हालसम्म सञ्चालित १०५.४ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना बाढीका कारण उत्पादन बन्द भएका छन्। त्यस्तै, ९३ मेगावाट क्षमताका पाँच निर्माणाधीन आयोजना पनि क्षतिग्रस्त भएका छन्। इप्पानका अनुसार प्रभावित आयोजना मुख्यतः पूर्वी पहाडी जिल्लाहरू इलाम, पाँचथर र सिन्धुपाल्चोकमा रहेका छन्। तीमध्ये इलाममा मात्रै ११ वटा सञ्चालनमा रहेका आयोजना पूर्ण रूपमा बन्द भएका छन्। विद्युत् आयोजनाहरू बन्द भए पनि विद्युत् आपूर्तिमा ठुलो समस्या नआउने ऊर्जामन्त्री कुलमान घिसिङले बताए। उनले भने, 'अहिले हाम्रो विद्युत् आपूर्तिमा केही ठाउँमा समस्या आएको छ। कतै डुबानका कारण वितरण अवरुद्ध भएको छ भने कतै पोल ढलेका छन्। त्यसले केही क्षेत्रमा सेवा प्रभावित गरेको हो, तर ठुलो समस्या छैन।' आइतबार बिहानैदेखि प्राविधिक टोलीहरू मर्मतकार्यमा परिचालित भइरहेको उनले बताए। केही टावरहरूमा क्षति पुगेको भए पनि त्यसले ठुलो अवरोध सिर्जना नगरेको उनले स्पष्ट पारे। 'मुख्य समस्या केही स्थानमा पोल ढलेका कारण भएको हो। ती सबै ठाउँमा आजभित्र (आइतबार) मर्मतकार्य सम्पन्न गर्ने योजना छ,' घिसिङले भने।

उनका अनुसार अहिले नेपालको विद्युत् उत्पादन क्षमता करिब चार हजार मेगावाट पुगेको छ। यसमा करिब एक हजार दुई सयदेखि एक हजार तीन सय मेगावाट निर्यात गर्न सकिने अवस्था छ। 'धेरैजसो पावर प्लान्ट सञ्चालनमा छन्। केहीमा साना समस्या आएका भए पनि ती अस्थायी हुन्। दैनिक लोडसेडिङ हुने अवस्था छैन,' उनले स्पष्ट पारे। घिसिङले हालको खपत पनि तुलनात्मक रूपमा कम भएकाले आपूर्तिमा ठुलो असर नपर्ने बताए। 'कतिपय स्थानमा मौसम र लाइन मर्मतका कारण आपूर्ति आउजाउ हुन सक्छ, तर त्यो सामान्य प्रक्रिया हो,' उनले भने।

> ०८२ असोज १९ गते दुई बजेसम्म स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानलाई प्राप्त प्रारम्भिक तथ्यांकअनुसार हालसम्म सञ्चालनमा रहेका १०५.४ मेगावाटका १३ आयोजनाको उत्पादन बन्द छ भने निर्माणाधीन अवस्थाका ९३ मेगावाटका पाँच आयोजनामा बाढीले क्षति पुऱ्याएको छ।

मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणका प्राविधिक टोलीले क्षति भएका पोल र लाइनको पहिचान गरेर शीघ्र रूपमा मर्मतकार्य अघि बढाइरहेको उनले जनाए। उनका अनुसार तीव्र रूपमा सबै प्रभावित क्षेत्रमा विद्युत् आपूर्ति पूर्ण रूपमा पुनर्स्थापित गरिने योजना छ।

सञ्चालनमा रहेका आयोजनामध्ये माईखोला, माईखोला क्यासकेड, माईखोला, सुपरमाई, सुपरमाई ए, जोगमाई, तल्लो जोगमाई, माइबेनी र माथिल्लो माईखोलालगायतका आयोजना बाढीपहिरो र संरचनागत क्षतिका कारण रोकिएका छन्। यी आयोजनामा हेडवर्क्स, पावरहाउस, प्रसारणलाइन, सबस्टेसन, टेलरेस र इन्टेकजस्ता संरचनाहरूमा ठुलो क्षति पुगेको इप्पानले जनाएको छ। हिमाल दोलखा हाइड्रोपावरद्वारा सञ्चालित माईखोला र माईखोला क्यासकेड, सानिमा माई हाइड्रोपावरको माईखोला, सुपरमाई हाइड्रोपावर कम्पनीको सुपरमाई, सगरमाथा जलविद्युत् कम्पनीको सुपरमाई ए, सानभी इनर्जीको जोगमाई र तल्लो जोगमाई, सामलिङ पावर कम्पनीको माइबेनी, पञ्चकन्या माई हाइड्रोपावरको माथिल्लो माईखोला र माईभ्याली हाइड्रोपावरको माई सी क्यासकेडजस्ता आयोजना अहिले पूर्ण रूपमा बन्द छन्।

त्यस्तै, निर्माणाधीन अवस्थामा रहेका पाँच आयोजनामध्ये पाँचथरको सभाखोला बी र हेवाँखोला, इलामको सिद्धिखोला र सिन्धुपाल्चोकका ब्रह्मायणी तथा अपर ब्रह्मायणी हाइड्रोपावर बाढीले क्षतिग्रस्त भएका छन्। यी आयोजनामा एक्सेस रोड, हेडवर्क्स, पावरहाउस, निर्माण क्याम्प र सामग्री बगाएको इप्पानले जनाएको छ।

इप्पानका अनुसार ती आयोजनामा क्षतिको विस्तृत विवरण संकलन भइरहेको छ। निरन्तर वर्षाका कारण सडक तथा विद्युत् प्रसारण पूर्वाधारसमेत क्षतिग्रस्त भएकाले मर्मत र पुनः सञ्चालनमा केही समय लाग्ने अनुमान गरिएको छ। ऊर्जा उत्पादनमा आएको अवरोधले राष्ट्रिय ग्रिडमा आपूर्ति हुने विद्युत् परिमाण घट्ने र यसले आगामी दिनमा लोड म्यानेजमेन्टमा असर पार्न सक्ने इप्पानले जनाएको छ।

देशका प्रमुख राजमार्गमा क्षति

अधिकांश राजमार्ग सञ्चालनमा आएपछि दसैं मनाउन घर गएकाहरू गन्तव्यतर्फ फर्किँदै, तर विभिन्न जिल्लाका ४४ प्रमुख सडक अझै अवरुद्ध



शिवहरि घिमिरे/नयाँ पत्रिका

दसैंलगत्तैको भारी बर्सातले अवरुद्ध बनेका मुख्य राजमार्ग सञ्चालनमा आउन थालेसँगै दसैं मनाउन घर गएकाहरूको फर्किने क्रम बढ्न थालेको छ। आइतबार अधिकांश भूभागमा वर्षा हुन छाडेपछि लामो दूरीका यातायात सञ्चालनमा आएका छन्। तर, विभिन्न जिल्लाका प्रमुख ४४ सडक भने अझै अवरुद्ध छन्। सम्बन्धित सडक आयोजनाहरूले अवरुद्ध मार्ग खोल्न लगातार प्रयास भइरहेको बताएका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अधिकांश राजमार्गहरू सञ्चालमा आइसकेको र यात्रा सहज बनाउने प्रयास भइरहेको जनाएको छ। मन्त्रालयले अवरुद्ध र जोखिम नभएका राजमार्गहरूमा यातायात सञ्चालन गर्न आइतबार नै यातायात व्यवसायीलाई अनुरोध गरिसकेको छ। दुईदिने झरी र त्यसको क्षतिबारे जानकारी दिन ऊर्जा, भौतिक एवं सहरी विकासमन्त्री कुलमान घिसिङले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा बाढीका कारण सडकमा ठुलो क्षति नभएको र हाललाई जोखिम टरेको बताए। 'हामीले धेरै क्षतिको आकलन गरेका थियौं, धेरै जनशक्ति परिचालन गरेका थियौं, त्यसकारण हाम्रो संरचनामा क्षति भए पनि मानवीय रूपमा अति क्षति भएको छैन, केही बस्तीहरू बगाएर मानवीय क्षति भएको छ, नदीको नजिकको बस्ती र सडक बगाएर कुनै पनि क्षति भएको छैन, अब आइतबारदेखि नै सडक खोल्नेतर्फ हामी अघि बढिसकेका छौं,' मन्त्री घिसिङले भने।

अधिकांश राजमार्ग सञ्चालनमा, केहीमा अवरोध

नागढुंगा-मुग्लिन सडक आइतबार बिहानदेखि नै दुईतर्फी सञ्चालनमा आइसकेको छ। मुग्लिन-नारायणघाट-दाउन्ने-बुटबल खण्ड पनि दुईतर्फी नै सञ्चालनमा आइसकेको सडक विभागका महानिर्देशक विजय जैसीले जानकारी दिए। उनका अनुसार सिद्धार्थ हाइवे पनि आइतबारदेखि नै सञ्चालनमा आइसकेको छ भने बिपी राजमार्गको भकुन्डेबँसी-नेपालथोक खण्डमा भने सडक संरचना क्षतिग्रस्त अवस्थामा छ। यो सडक गत वर्षकै बाढीले जति क्षति गरेको थियो, अहिले पनि उही अवस्थामा क्षति भएको महानिर्देशक जैसीले बताए। उनका अनुसार बिपी राजमार्गको १२ स्थानमा क्षति भएको छ। जसमा चौकीडाँडा, चरङफेदी, घुमाउने, डालाबँसी, पिप्ले, माम्ती, बोक्सेकुनालगायत ठाउँमा सडक क्षतिग्रस्त छ। 'अहिले यहाँ पानीको मात्रा धेरै छ, पानीको मात्रा घटेपछि त्यहाँ काम सुरु हुन्छ र एक साताजतिमा सडक सञ्चालनमा आउँछ,' महानिर्देशक जैसीले भने, 'सम्भवतः सोमबारदेखि त्यस क्षेत्रमा अवरोध हटाउने काम थाल्छौं।' उनका अनुसार मुग्लिन-पोखरा खण्डको साखर भन्ने स्थानमा एकतर्फी सञ्चालनमा छ। अरनिको हाइवेको बाह्रबिसेसम्म कुनै अवरोध छैन भने खावाँ क्षेत्रमा एकतर्फी छ। त्यस्तै, सोही सडकको कोदारी क्षेत्रमा भने पहिरो खसेर भएको अवरोध आइतबारै हटाइसकिएको छ। त्यस्तै, कालीगण्डकी कोरिडोर सडकमा कुनै अवरोध छैन भने हुलाकी राजमार्गको वीरगन्ज क्षेत्रमा डुबान भएको छ। कोशी राजमार्गको धरान र धनकुटा खण्डमा पहिरो खसे पनि हटाएर आइतबारदेखि नै सञ्चालनमा आइसकेको छ। मध्यपहाडी राजमार्गको फुर्कोट घुर्मी क्षेत्रमा पहिरो खसेका कारण अवरोध भए पनि आइतबारै हटाइसकिएको छ।

त्यस्तै, कान्तिलोकपथ पनि आइतबार साँझदेखि सञ्चालनमा आइसकेको छ। काठमाडौं-फर्पिङ खण्डमा पहिरो गएका कारण सोमबारसम्म यो सडक पनि सञ्चालन ल्याइनेछ। थानकोट-चित्लाङ सडकखण्ड सञ्चालनमै छ। मेची हाइवेको जोडकलश भन्ने स्थानमा पहिरो खसेको छ भने पुलमा समेत समस्या देखिएको छ। उक्त पुल मर्मतमा सडक विभागले प्राविधिकहरू खटाइसकेको महानिर्देशक जैसीले बताए। मेची राजमार्गको माईखोला सञ्चालनमा आइसकेको छ भने त्यहाँबाट इलाम बजार र धोबीधारा क्षेत्रमा पहिरो पन्छाउन सोमबारसम्म लाग्नेछ। त्यस्तै, तमोर करिडोरमा कुनै क्षति नभएकाले वैकल्पिक रूपमा उक्त सडक प्रयोग गर्न विभागले अनुरोध गरेको छ। विभागले समस्या भएका हाइवेमा आइतबारदेखि नै सवारीसाधन सञ्चालन गर्न अनुरोध गरेको छ।

कहाँ-कहाँ छ राजमार्गमा सवारी अवरोध ?

देशभरि भारी वर्षा र पहिरोका कारण विभिन्न जिल्लाका प्रमुख ४४ सडक अवरुद्ध भएका छन्। ताप्लेजुङको फक्ताङलुङ वडा नम्बर ५ र ६ जोड्ने रानीपुल बेलिब्रिज अविरल बर्सातको बाढीले बगाएपछि अवरुद्ध भएको छ। मूलघाट-दोभान-ओलाङचुङगोला सडक योजनाले रेमिट हाइड्रोको सहयोगमा पुल पुनर्निर्माणको पहल गरिरहेको छ। रसुवाको तातोपानी-टिमुरे खण्डमा ठुलो बाढीले नदी कटान हुँदा ठोरी-भण्डारा-मलेखु मार्ग अवरुद्ध भएको छ र उपकरण परिचालन भइरहेको छ।

संखुवासभामा अल्फटे र कोशी राजमार्गअन्तर्गत रानी-विराटनगर-इटहरी-धरान-धनकुटा-हिले खण्ड अवरुद्ध भएको छ। उत्तर-दक्षिण कोशी सडक आयोजनाले विभागीय ब्याकहोल्डर र एक्स्काभेटर परिचालित गरेको छ।

अरनिको राजमार्गअन्तर्गत काठमाडौं-धुलिखेल-दोलालघाट-खाडीचौर-कोदारी खण्ड सिन्धुपाल्चोकमा अवरुद्ध भएको छ। सडक डिभिजन चरिकोटले उपकरण परिचालन गरेको छ। सिन्धुलीको अकरे भिरमा पुष्पलाल (मध्य पहाडी) राजमार्गमा लेदो र पहिरोका कारण सडक अवरुद्ध छ।

ललितपुरको लाँकुरी भन्ज्याङमा ग्वार्को-लुभु-कुशादेवी-पनौती-दाहालटार मार्ग १० स्थानमा पहिरोले अवरुद्ध भएको छ। काभ्रेपलाञ्चोकका मन्तीदेखि भकुन्डेबँसी खण्डमा बिपी राजमार्ग अवरुद्ध भएको छ।

सुनसरीको चतरा-वराह क्षेत्र मार्ग अवरुद्ध भएको छ। विभागीय एक्स्काभेटर परिचालन गरिए पनि निरन्तर ढुंगा खस्दा सफा गर्न समस्या भइरहेको छ।

केचना-चन्द्रगढी-चारआली-इलाम-फिदिम खण्ड (मेची राजमार्ग)मा ३० भन्दा बढी स्थानमा बाटो अवरुद्ध भएको छ। फिदिम र इलामबाट मेसिन परिचालित गरेर मार्ग खोल्ने प्रयास जारी छ।

मकवानपुरको हेटौंडा-बागमती-टीकाभैरव-भैंसेपाटी-एकान्तकुना मार्गमा लेदो र पहिरोले सडक अवरुद्ध भएको छ। झापाको पूर्व-पश्चिम (महेन्द्र) राजमार्गका भालुखोला र कालीखोला क्षेत्रमा डाइभर्सन पुनर्स्थापना कार्य सुरु गरिएको छ। धनकुटाका थुम्की, कुइभिर र लुम्फाजुङ खण्डमा निर्माण व्यवसायीले एक्स्काभेटर परिचालन गरी पहिरो सफा गर्ने काम गरिरहेका छन्।

काभ्रेपलान्चोकको बिपी राजमार्गस्थित पिप्ले सिरानदेखि दाप्चा ब्रिजसम्मका विभिन्न खण्ड अवरुद्ध छन्। पाँचथरको फिदिम-राँके खण्ड पनि मेची राजमार्गअन्तर्गत अवरुद्ध छ।

विराटनगर भन्सारमा मूल्यांकन डेटाबेस प्रणालीको परीक्षण सफल



उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल भन्छन्– हाल पाइलट प्रोजेक्टका रूपमा विराटनगरबाट सुरु भएको मूल्यांकन प्रक्रिया उपयोग गर्न उद्यमी-व्यवसायीलाई आग्रह गर्दछु, साथै सबै भन्सार विन्दुमा उक्त सेवा सुरु गर्न पनि सरकारसँग माग गर्दछु।

काठमाडौं/ सरकारले विराटनगर भन्सार कार्यालयबाट मूल्यांकन डेटाबेस प्रणालीको सफल परीक्षण गरेको छ। प्रचलित सन्दर्भपुस्तिकालाई विस्थापित गरी विश्व व्यापार संगठनअन्तर्गतको ग्याट सम्झौतामा उल्लिखित र अधिकांश देशले प्रचलनमा ल्याएको मूल्यांकन विधि नेपालमा पनि सुरु भएको हो।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले हाल पाइलट प्रोजेक्टका रूपमा विराटनगरबाट सुरु भएको मूल्यांकन प्रक्रिया उपयोग गर्न उद्यमी व्यवसायीलाई आग्रह गरेका छन्। साथै, सबै भन्सार विन्दुमा उक्त सेवा सुरु गर्न पनि सरकारसँग आग्रह गरे। अनलाइन डेटाबेस प्रणालीलाई विश्व व्यापार संगठनले मान्यता दिएको हुँदा पनि यो वैज्ञानिक विधि भएको र यसले नेपालमा अनौपचारिक अर्थतन्त्रको एउटा पाटो न्यून बिजकीकरण र अधिक बिजकीकरणको समस्यासमेत धेरै हदसम्म सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

१६ असोजमा अर्थमन्त्री रामेश्वर खनालले उद्घाटन गरेको डेटाबेस प्रणालीले हरेक ६ महिनामा परिमार्जन हुने सन्दर्भपुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा सरकारको छ। यस विधिमा जाँचपास भएका सबै वस्तुको मूल्य विवरण संग्रह गरिनेछ। सरकारका अनुसार यो भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो, जसले कारोबार मूल्य पहिचान गर्न सघाउँछ।

व्यवसायीले कारोबार मूल्यलाई मान्यता दिन आग्रह गरिरहेको सन्दर्भमा डेटाबेस प्रणाली त्यसतर्फ सुरुवातको डिजिटल प्रक्रिया हो। नेपाल उद्योग वाणिज्य महासंघले ग्याट भ्यालुएसनअनुसार अनलाइन मूल्यांकन गर्न सकिने सम्भावना केही वर्षदेखि सरकारलाई देखाउँदै आएको थियो। मूल्य निर्धारण डब्ल्युटिओग्याट भ्यालुएसन आर्टिकल ७ मा उल्लिखित विधिहरूको पूर्ण पालना गरी सोअनुरूप कारोबार मूल्य निर्धारण गर्नुपर्ने माग महासंघको छ।



बाँकेमा कालिजको माग धान्न मुस्किल

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बोटबिरुवा, झारपात, किरा-फट्यांग्रा खाएर हुर्किने कालिजलाई बाँकेको बेजनाथ गाउँपालिका- १, चिसापानीका तुला बुढाले व्यावसायिक पालन गरेका छन्। गत वर्ष करिब डेढ सयवटा कालिज पालेर सुरु गरेको उनको फार्ममा अहिले तीन सयभन्दा बढी कालिज देख्न सकिन्छ। स्वादिलो र स्वास्थ्यकर पनि हुने कारण बजारमा माग बढ्न थालेपछि कालिजको संख्या पनि बढाएको उनले बताए। 'मागअनुसार कालिज पुऱ्याउन नसकेपछि यस वर्ष बढाएर तीन सय पुऱ्याएका हौं,' उनले भने।

उनले उत्पादन गरेका कालिज कैलाली, सुर्खेत, बर्दियासँगै काठमाडौंसम्म जाने गरेको छ। 'काजिल किन्न ठाउँ-ठाउँबाट आउँछन्। फोन गरेर मगाउँछन्। यसको माग धान्न गाह्रो छ,' उनले भने।

करिब १० लाख रुपैयाँ लगानीमा उनले कालिजका लागि खोर बनाएका छन्। चारैतर्फ जालीले घेरबार गरेका उनले माथि पनि धागोको जाली लगाएका छन्। 'कालिज उड्ने भएकाले भाग्न नदिन माथि पनि जाली लगाइएको छ,' तुलाले भने। कालिजलाई कुखुराको दानासँगै घाँस र विभिन्न जातका बिरुवाको पात खुवाउने गरेको छ। उनले बारीमा किमु, सलिफा, इपिल, कटहर, बोकाइनो, निमलगायतका बिरुवा रोपेका छन्। 'कालिज जंगलमा बस्ने पक्षी हो। यसले जंगलमा पाइने विभिन्न जातका बिरुवा, जडीबुटी खान्छ,' उनले भने, 'जंगलमा दाना, पानी दिने कुरा आउँदैन। जंगलमा पाइने झारपात खाएर हुर्किने हुन्। त्यसैले बारीमा विभिन्न जातका बिरुवा रोपेका छौं।'



नले कालिजले बोटबिरुवाको बोक्रासमेत खाईदिएको उनले बताए। 'बोक्रासमेत खाएपछि सुकेको बिरुवा देखाउँदै उनले भने, 'यिनीहरूले केही बाँकी राख्दैन। बोटबिरुवाको पात र फल खान रुखको टुप्पासम्म जान्छन्।' एउटा भाले कालिजलाई कम्तीमा तीन हजार र पोथीलाई दुई हजार पाँच सय रुपैयाँमा बिक्री गर्दै आएको उनले बताए। पोथीभन्दा भालेको माग बढी भएको बताउँदै उनले तौलमा समेत फरक हुने बताए। 'खानेहरूले पोथीभन्दा भालेको मासु मन पराउँछन्,' उनले भने।

गत वर्ष नाफा नभए पनि लगानी उठेको उनको भनाइ छ। 'तारबार गर्ने र खोर तयार गर्न लागेको लागत उठ्यो। यस वर्ष फाइदा हुने आशा छ,' उनले भने।

तुला बुढाले अन्डाबाट चल्ला निकाल्ने मेसिनसमेत ल्याएका छन्। अन्डासमेत बिक्री गर्दै आएका उनले गत वर्षदेखि कालिजका चल्ला पनि बिक्री गर्न थालेका छन्।

चाडपर्व र जाडोका सामग्री बोकेका एक हजार कन्टेनर चिनियाँ क्षेत्रमै

तीन सय चिनियाँ कन्टेनर फलफूल खरिद गरेर ल्याइएकोमा ३० कन्टेनर मात्रै नेपाल भित्रिए

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

उत्तरी नाका हुँदै दसैँ र जाडोका लागि नेपाल ल्याइँदै गरेका झन्डै एक हजार कन्टेनर सामान चीनतर्फ नै रोकिएका छन् । नेपाल- चीन सीमाको भूबनोट र प्राकृतिक विपत्तिजन्य अवरोधले चिनियाँ क्षेत्रमै सामानहरू रोकिएका हुन् । खासगरी दसैँ, तिहार र जाडो मौसमका लागि आवश्यक रेडिमेड, इलेक्ट्रोनिक्स र फलफूलजन्य सामग्रीहरू ७५ प्रतिशत चिनियाँ क्षेत्रमै अड्किएको व्यवसायीले बताएका छन् । आयात गरिएकामध्ये २० प्रतिशत फलफूल नेपाल भित्रिएका छन् । करिब १० प्रतिशत फलफूल कन्टेनरभित्र कुहिएकाले मिल्काइएको छ । तीन सय चिनियाँ कन्टेनर फलफूल खरिद गरेर ल्याइएकोमा ३० कन्टेनर मात्रै नेपाल भित्रिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका कार्यकारिणी सदस्यसमेत रहेका स्याउ व्यापारी शारदाप्रसाद पराजुलीले बताए । खासाबाट कम गाडी छाडेकाले फलफूलमा आँप लगभग सबै कुहिएको उनको भनाइ छ ।

दसैँका लागि ल्याइएका कपडा र जुत्ता-चप्पलजन्य रेडिमेड, तिहारमा प्रयोग हुने इलेक्ट्रोनिक्स र जाडो मौसमका लागि खरिद गरिएको ज्याकेट, कम्बल र ब्ल्यांकेट बोकेका एक हजार कन्टेनर चिनियाँ क्षेत्रमै



रोकिएका छन् । यसरी सामग्री रोकिनुमा नेपालतर्फ रसुवा र तातोपानी नाकाको भौगोलिक कठिनाइ मुख्य अवरोध हो । त्यसैगरी, नेपालतर्फ समस्या देखाएर चिनियाँ क्षेत्रमा भन्सारले गरेको ढिलाइ सहायक कारण हो । २४ असारदेखि रसुवा नाका बन्द छ । यता तातोपानी नाका पनि साउन पहिलो साताबाट पहिरोले करिब दुई महिना अवरुद्ध हुँदा चाडपर्वलक्षित सामग्री आयात हुन सकेन । पहिरो पन्छाउँदै पास भएका केही कन्टेनर रेडिमेड सामग्री राजधानी ल्याइएको छ । कोदारी सडक सञ्चालनमा रहे तापनि यसको जीर्ण अवस्थाले सवारीसाधन आवतजावत नियमित छैन । दिनहुँ भइरहेको वर्षाले कोदारीको डाक्लाङमा फेरि पहिरो गएकाले सवारीसाधन आवतजावत रोकिएको तातोपानी भन्सारका सूचना अधिकृत रमेशबहादुर शाहले जानकारी दिए । चाडबाडलक्षित सामग्री आयात बढाउन चिनियाँ पक्षसँग कुरा भएर दैनिक २० कन्टेनर तातोपानी आइरहेको उनले बताए । 'खासामा भन्सार, अध्यागमन र स्थानीय सरकारबिच छलफल गरेपछि केही दिनदेखि कन्टेनर संख्या बढाइएको हो,' उनले भने ।

चिनियाँ सहरबाट नेपालका लागि खरिद गरिएका सामग्री ल्हासा, सिँगात्से, मिम्बु, न्यालम र खासामा जाम भएका छन् । मुसा, राखेमा, आरके, आडो र सिल्क ट्रान्सपोर्ट कम्पनीका गोदाम भरिएकाले राख्ने ठाउँ छैन ।

खासाबाट २० किलोमिटरमाथि न्यालम, सय किलोमिटर टाढा मिम्बु र चार सय ५० किलोमिटर दूरीमा रहेको सिँगात्से सहरका सबै गोदाम भरिभराउ भएका छन् । अक्टोबर एक तारिखबाट लागू हुने गरी चिनियाँ कस्टमले नेपाल निर्यात हुने सामग्रीमा दुई प्रतिशत कर लिन सुरु गरेकाले पनि ट्रान्सपोर्ट कम्पनीहरू सामग्री ढुवानी गर्न द्विविधामा परेका छन् । करको भार कसले व्यहोर्ने भन्ने विषयमा व्यापारी र ट्रान्सपोर्ट कम्पनीबिच समझदारी बनेको छैन ।

चिनियाँ पक्षले मौखिक दुई प्रतिशत र कागजी रूपमा २५ प्रतिशत कर बढाएको भनेर भन्सार डकुमेन्टमा लेखेकाले ट्रान्सपोर्ट कम्पनीहरू अलमलमा परेको आडो ट्रान्सपोर्ट कम्पनीले नयाँ पत्रिकालाई जानकारी दिएको छ ।

अलपत्र र बेखर्ची पर्यटकलाई पोखरामा निःशुल्क खान-बस्न सुविधा



कास्कीमा **रोहितराज पराजुली**

अविरल वर्षासँगैको मौसमजन्य विपत्तिका कारण अलपत्र परेका र बेखर्ची पर्यटकलाई पोखरामा निःशुल्क खान-बस्नको व्यवस्था गरिएको छ । अन्य पर्यटकलाई होटेलको प्रचलित दररेटमा २५ प्रतिशत छुट दिएको छ ।

होटेल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै विपत्तिको जोखिमलाई मध्यनजर गर्दै पोखरा र वरपरको क्षेत्रको भ्रमणका क्रममा बाढीपहिरो र मौसमजन्य विपत्ति तथा कठिनाइले अलपत्र भएका पर्यटक तथा यात्रुलाई निःशुल्क खान-बस्नको व्यवस्था गरेको जनाएका हुन् । साथै, अहिलेको मौसममा पोखरा भ्रमणमा आएका पर्यटकलाई होटेलको प्रचलित दररेटमा २५ प्रतिशत छुट प्रदान गरिने घोषणा विज्ञप्तिमार्फत गरिएको छ । देशका विभिन्न क्षेत्रमा बाढीपहिरो, जनधनको क्षति, विभिन्न सडक र राजमार्गहरू अवरुद्ध र आधा दर्जनभन्दा बढी नदी जलस्तर जोखिमको तहसम्म बढेका छन् । सोही जोखिमलाई मध्यनजर गर्दै नेपाल सरकारले असोज १९ र २० गतेका लागि सार्वजनिक बिदाको समेत घोषणा गरिसकेको छ ।


पर्यटकलाई आजसम्म पदयात्रामा रोक

कास्की/ पर्यटकलाई २० गतेसम्म पदयात्रामा नपठाउन, भाडादरभन्दा बढी मूल्यमा हवाई टिकट नबेच्न सरोकारवालालाई अनुरोध गरेको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा आइतबार बसेको विपत् समन्वय बैठकले यस्तो निर्णय गरेको हो । यातायात व्यवस्थापन, पर्यटन व्यवस्थापनलगायतका समसामयिक विषयमा सरोकारवाला निकायहरू (निजी क्षेत्र, पर्यटन व्यवसायी, यातायात व्यवसायी, होटेल व्यवसायी, रेस्टुरेन्ट व्यवसायी, रेडक्रस, नागरिक समाज आदि) सहभागी बैठकले गरेको निर्णय सार्वजनिक गर्दै यस्तो अनुरोध गरिएको हो ।

बैठकले विभिन्न १० वटा निर्णय गरेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी शिव लम्सालले जानकारी दिए । बैठकले हवाईसेवा उपलब्ध गराउने कम्पनीहरूले सरकारले तोकेको हवाई भाडादरभन्दा बढी मूल्यमा टिकट नबेच्ने, यथासम्भव उडानहरू थप गरी यात्रालाई सहजीकरण गर्ने र वैदेशिक यात्राका लागि जाने हवाई टिकट भएका यात्रुलाई विशेष प्राथमिकताका साथ टिकट उपलब्ध गराउन अनुरोध गरेको लम्सालले जानकारी दिए ।

बैठकले सवारीसाधनको आवतजावतमा रोक लगाइएका कारण राजमार्गमा एम्बुलेन्स, गर्भवती तथा अशक्त व्यक्तिहरू बोकेका सवारीसाधन रोकिएको भए यात्रामा आवश्यक सहजीकरण गर्ने, वैदेशिक यात्राको हवाई टिकट बोकेका यात्रु र बिरामी बोकेका साना सवारीसाधनलगायतका अत्यावश्यक सवारीसाधनलाई प्रहरी तथा ट्राफिक प्रहरीले अन्तरजिल्ला समन्वय गरी आवतजावतमा आवश्यक सहजीकरण गर्ने निर्णय गरेको छ ।

विपत्मा अलपत्र यात्रुको उद्धार गर्न चार्टर उडान गर्दै नेपाल एयरलाइन्स



नयाँ पत्रिका

नेपाल वायुसेवा निगमले बाढीपहिरोका कारण अलपत्र यात्रुको उद्धार गर्न चार्टर उडान सञ्चालन गर्ने भएको छ । सोमबार काठमाडौंबाट दिउँसो एक बजे प्रस्थान गरी भैरहवाबाट २:४५ बजे फर्किने गरी उडान सञ्चालन गर्ने निगमले जनाएको छ । आइतबार राति नौ बजेका लागि तय गरिएको भैरहवा-काठमाडौं चार्टर उडान प्राविधिक कारणले रि-सेड्युल गरिएको जनाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्देशनअनुसार निगमले काठमाडौं-भैरहवा-काठमाडौं उद्धार उडानको नयाँ तालिका सार्वजनिक गरेको छ । नयाँ तालिकाअनुसार फ्लाइट नम्बर आरए-१७३१ अन्तर्गत काठमाडौंबाट भैरहवा जाने उडान दिउँसो १:०० बजे प्रस्थान गरी १:४५ बजे अवतरण गर्नेछ । यस उडानको भाडादर पाँच हजार रुपैयाँ निर्धारण गरिएको छ । यात्रुहरूले अनलाइन प्रणाली, निगमको कार्यालय वा आधिकारिक एजेन्सीमार्फत समयमै आफ्नो सिट सुनिश्चित (टिकट जारी) गराउन सक्ने निगमले जानकारी दिएको छ ।

त्यस्तै, फ्लाइट नम्बर आरए-१७३२ अन्तर्गत भैरहवाबाट काठमाडौं फर्कने उडान दिउँसो २:४५ बजे उडेर ३:३० बजे काठमाडौं आइपुग्नेछ । यसको भाडादर सात हजार रुपैयाँ तय गरिएको छ भने हरेक यात्रुको लगेज सीमा ३० केजी रहेको छ । दुवै उडान एयरबस ए३२० जहाजबाट सञ्चालन गरिने भएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले आइतबार स्वीकृति दिएसँगै उडान सञ्चालन हुने भएको हो । वर्तमान विपत्को अवस्थाका कारण टिकट नपाएर अड्किएका बिरामी, अशक्त, विदेश जानुपर्ने तथा अत्यावश्यक यात्रुहरूको आवश्यकतालाई मध्यनजर गर्दै यो विशेष उडान आयोजना गरिएको निगमले जनाएको छ । निगमले ठुलो क्षमताको एयरबस ३२० प्रयोग गरी काठमाडौं-भैरहवा-काठमाडौं उडान सञ्चालन गरेको जनाएको छ ।

सुन तोलाकै दुई लाख ३० हजारमाथि

काठमाडौं/ दसैँपछि खुलेको बजारमा आइतबार सुन र चाँदीको मूल्यले ऐतिहासिक रेकर्ड बनाएको छ । नेपाली बजारमा सुन एकैपटक प्रतितोला सात हजार चार सय रुपैयाँ बढेको छ । त्यस्तै, चाँदीको मूल्य पनि तोलामा एक सय २० रुपैयाँले बढेको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आइतबार छापावाल सुन प्रतितोला दुई लाख ३० हजार ६ सय रुपैयाँमा कारोबार भएको छ । अघिल्लो कारोबार दिन गत १२ असोजमा छापावाला सुन प्रतितोला दुई लाख २३ हजार दुई सय रुपैयाँमा कारोबार भएको थियो । यसैगरी, यस दिन चाँदीको मूल्यले पनि नयाँ उचाइ बनाएको छ । आइतबार बजारमा चाँदी तोलामा एक सय २० रुपैयाँ बढेर दुई हजार नौ सय ३० रुपैयाँमा कारोबार भएको छ । गत असोज १२ गते चाँदी दुई हजार आठ सय १० रुपैयाँमा खरिद-बिक्री भएको थियो ।

हिमजल हाइड्रोपावर प्राइभेट लिमिटेड

बुढानिलकण्ठ, काठमाडौंको

विशेष साधारण सभाको सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/०५/२१ गते बसेको सचालक समितिको बैठकको निर्णायानुसार कम्पनीको यही मिति २०८२/०६/१२ गतेका लागि बोलाइएको विशेष साधारण सभामा निर्णय गर्नका लागि आवश्यक उपस्थिति नपुगेको र मिति २०८२/०६/२२ मा बस्ने भनिएकोमा सो मितिमा विशेष (प्राकृतिक प्रकोप) कारणवस साधारणसभा बस्न नसक्ने भएकाले देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा विशेष साधारणसभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(६) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा बस्ने मिति, समय र स्थान

१) मिति : २०८२/०६/२७ गते सोमवार (१३ नोभेम्बर २०२५)
२) समय : दिनको १:०० बजे
३) स्थान : मदर्स बैक्वेट खरिबोट बनस्थली, काठमाडौं ।

छलफलका विषयहरू:

क) विशेष प्रस्ताव :
१) कम्पनीको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धी गरी सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा ।
२) विविध ।

आज्ञाले,
प्रबन्ध सञ्चालक

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौं
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email: middletamor@sanimahydro.com, Website: www.middletamor.com

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/३१ गते (आर्थिक राष्ट्रिय दैनिक)

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको मिति २०८२ भाद्र ३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ आश्विन २९ गते बुधबार (१५ अक्टोबर, २०२५) ।

समय : बिहान ११:०० बजे ।

स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, का.म.न.पा.-४, चण्डोल, काठमाण्डौं ।

छलफलका प्रस्तावहरु:

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत दशौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।
४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।
५. विविध

वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु:

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०६/१० गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०६/०९ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेवसाइट www.middletamor.com मा पनि हेर्न सक्नु हुनेछ ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्बाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
७. सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्बाराही, काठमाण्डौ वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी ऐन, २०६३ को दफा ८४ (४) को प्रयोजनका निमित्त प्रकाशित संक्षिप्त वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण :-

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको दशौं वार्षिक साधारण सभाको प्रायोजनार्थ कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत कम्पनीको कारोबारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०८१/०८२ को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तीय विवरण तयार गरी सोही बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ ।

आ.व. २०८१/०८२ को कारोबारको सिंहावलोकन

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको आम्दानीको प्रमुख स्रोतका रूपमा रहेको ताप्लेजुङ जिल्ला अवस्थित ७३ मेगावाट क्षमताको "मध्य तमोर जलविद्युत आयोजना" प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ मा समेत दक्षतापूर्वक सञ्चालन गरी विद्युतीय उर्जा उत्पादनलाई अधिकतम बनाउने प्रयास गरिएको छ । यथापी आयोजनाले वैकल्पिक व्यवस्थाका अनुरुप विद्युत प्रवाह गर्दै आएको हुँदा ने.वि.प्रा.सँगको सहमति बमोजिम ने.वि.प्रा., भार प्रेषण केन्द्रको Non-dispatch Instruction परिपालना गर्नु पर्ने बाध्यता तथा अतिवृष्टिका कारण उत्पन्न बाढीले ठूलो परिमाणमा बालुवा तथा Floating Debris आयोजनाको Intake तथा Conveyance Tank मा थुप्रिने समस्याका कारण गत वर्षायाममा आयोजना पूर्ण क्षमतामा सञ्चालन गरी विद्युत बिक्रि मार्फत अपेक्षित आम्दानी प्राप्त हुन सकेन । प्रस्तुत आर्थिक वर्षको कम्पनीको आर्थिक कारोबारको संक्षिप्त झलक तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

STATEMENT OF FINANCIAL POSITION
As at Ashad 32, 2082

Particulars	As on 32/03/2082	Amount in NPR As on 31/03/2081 (Restated)
Assets		
Non Current Assets		
Property, Plant & Equipment	61,651,016	58,219,996
Intangible Assets	13,186,825,922	12,983,187,415
Capital WIP	-	1,146,222
Right of Use Assets	10,462,303	-
Total Non Current Assets	**13,258,939,241**	**13,042,553,633**
Current Assets		
Inventories	21,051,782	-
Advance and Receivables	615,731,054	483,272,645
Cash and Cash Equivalents	123,438,669	127,330,771
Other Financial Assets	159,033,747	50,551,429
Other Current Assets	36,522,327	38,005,694
Current tax assets	4,462,646	3,917,503
Total Current Assets	**960,240,225**	**703,078,042**
Total Assets	**14,219,179,466**	**13,745,631,675**
Equity and Liabilities		
Equity		
Share Capital	3,332,497,000	3,332,497,000
Other Equity		
Retained Earnings	333,580,077	(73,036,722)
Other Reserves	4,293,946	485,004
Total Equity	**3,670,371,023**	**3,259,945,282**
Liabilities		
Non Current Liabilities		
Financial Liabilities		
Non current Borrowings	9,281,658,349	8,990,761,774
Other financial liabilities	156,639,388	643,272,358
Provisions	1,762,470	2,400,412
Lease Liability	10,874,621	-
Total Non- Current Liabilities	**9,450,934,828**	**9,636,434,544**
Current Liabilities		
Trade Payables		
Other Financial Liabilities		
Current Borrowings	374,360,000	737,000,000
Other Financial Liabilities	720,896,185	87,624,852
Other Current Liabilities	2,252,468	24,626,995
Lease Current Liability	364,962	
Total Current Liabilities	**1,097,873,615**	**849,251,847**
Total Liabilities	**10,548,808,443**	**10,485,686,391**
Total Liabilities and Equity	**14,219,179,466**	**13,745,631,675**

STATEMENT OF PROFIT OR LOSS
For the period ended Asadh, 2082

Particulars	Amount in NPR FY 2081/82	FY 2080/81 (Restated)
Revenue(Construction)	661,492,448	2,956,483,363
Cost of Sales(Construction)	(661,492,448)	(2,956,483,363)
Revenue from sale of electricity	1,972,586,276	352,470,471
Plant Operating Expenses	(261,297,007)	(46,398,386)
Gross profit	**1,711,289,269**	**306,072,085**
Other Income	544,136	5,080,530
Administrative and Other Operating Expenses	(40,926,956)	(30,553,373)
Amortization and Depreciation	(469,092,353)	(99,538,488)
Profit From Operation	**1,201,814,095**	**181,060,754**
Financial Income	3,634,034	3,962,987
Financial Costs	(778,070,349)	(175,342,512)
Foreign Exchange Gain/(Loss)	(9,679,142)	(6,948,313)
Profit before staff bonus & tax	**417,698,639**	**2,732,915**
Provision for staff bonus	(8,353,973)	(54,643)
Profit before Tax	**409,344,666**	**2,678,273**
Income Tax Expense		
Current Tax	-	-
Deferred Tax Income/(Expense)	-	(575,133)
Profit For the Year	**409,344,666**	**2,103,140**
Earnings per Equity share of Rs.100 each		
Basic Earnings Per Share	12.28	0.06
Diluted Earnings Per Share	12.28	0.06

STATEMENT OF CASH FLOW
For the period ended Asadh, 2082

Particulars	Amount in NPR FY 2081/82	FY 2080/81 (Restated)
Cash Flow from Operating Activities		
Net Profit	409,344,666	2,103,140
Adjustment for:		
Amortisation	457,853,942	88,622,440
Depreciation	11,238,412	11,733,067
Actural Reserve	1,030,836	(480,041)
Deferred Tax	-	575,133
Depreciation of Right of Use Assets	931,372	-
Prior Period Adjustment	50,239	-
Cash Flow from Operating Activities Before Changes in Working Capital	**880,449,466**	**102,553,738**
Cash Flow from Changes in Working Capital		
(Increase)/ Decrease in Current Assets	(261,054,285)	(212,468,489)
Increase/(Decrease) in Current & Non Current Liabilities	(227,774,525)	728,367,209
Cash Flow from Operating Activities	**391,620,656**	**618,452,459**
Cash Flow from Investing Activities		
(Increase)/Decrease in Work in Progress	1,146,222	(1,146,222)
(Increase)/Decrease in Intangible Assets	(661,492,448)	(2,956,483,363)
(Capitalisation)/(Purchase) of Fixed Assets	(26,063,107)	(3,908,289)
(Increase)/Decrease in Investments	-	-
Cash Flow on Investing Activities	**(686,409,333)**	**(2,961,537,874)**
Cash Flow from Financial Activities		
Increase/(Decrease) in Borrowings	290,896,575	1,865,609,210
Share Related Expenses	-	-
Surplus from Issuance of Share Capital	-	-
Cash Flow from Financial Activities	**290,896,575**	**1,865,609,210**
Total Cash Generated in the Year	**(3,892,102)**	**(477,476,206)**
Opening Cash and Bank Balances	**127,330,771**	**604,806,976**
Cash and cash equivalent at The End of The Year	**123,438,669**	**127,330,771**

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
सोमबार २० असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाललाई पहिलोपटक अन्तर्राष्ट्रिय मोटर स्पोर्टस्मा स्वर्ण

श्रीलंकाको कोलम्बोमा भएको एसिया प्यासिफिक मोटर स्पोर्टस् च्याम्पियनसिपमा नेपालका आशिष भारतीले अटो जिमखानामा १८ राष्ट्रका २०४ प्रतिस्पर्धीलाई पछि पार्दै स्वर्ण जिते

नयाँ पत्रिका

नेपालका आशिष भारतीले पहिलोपटक अन्तर्राष्ट्रिय मोटर स्पोर्टस्को अफिसियल इभेन्टमा स्वर्ण पदक जितेका छन् । श्रीलंकाको कोलम्बोमा कार्टिङ सर्किटमा भएको प्रतिस्पर्धाअन्तर्गत एसिया प्यासिफिक मोटर स्पोर्टस् च्याम्पियनसिप २०२५ मा ऐतिहासिक प्रदर्शन गरी भारतीले नेपाललाई स्वर्ण दिलाएका हुन् । नेपालले अन्तर्राष्ट्रिय मोटर स्पोर्टस्मा च्याम्पियनसिप उपाधि जितेको यो नै पहिलोपटक हो ।

प्रतिस्पर्धामा १८ राष्ट्रका दुई सय चार खेलाडीबिच भएको प्रतिस्पर्धामा भारतीले अटो जिमखाना (पुरुष एकल) विधामा शीर्ष स्थानमाथि कब्जा जमाए । ललितपुरका ३१ वर्षीय आशिष पहिलो दिनको अभ्यासमा १६औँ स्थानमा सीमित भएका थिए । तर, दोस्रो दिन भएको अर्को इभेन्ट एसिया अटो जिमखाना च्याम्पियनसिपमा उनी पाँचौँ स्थानमा रहे । त्यसपछि आत्मविश्वाससहित भारती मुख्य प्रतियोगितामा प्रवेश गरेका थिए । अन्तिम दिनको मुख्य प्रतिस्पर्धाको छनोट चरणमा उनी दोस्रो स्थानमा रहेका थिए ।

शीर्ष आठबिचको फाइनलमा उनले सबै प्रतिस्पर्धीलाई पछि पार्दै स्वर्ण जित्न सफल भए । नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा नेपाल) मार्सल एन्ड ट्रेनिङ कमिसनका सचिव तथा च्याम्पियनसिपका नेपाली टिम म्यानेजर आशिष रौनियारले सबैको मिहिनेतले नेपाली खेलाडीले श्रीलंकामा ऐतिहासिक प्रदर्शन गरेको बताए । 'समग्रमा यो उपलब्धि साझा मिहिनेतको परिणाम हो,' रौनियारले भने ।

नेपाललाई स्वर्ण दिलाएका भारतीले सामूहिक संघर्षको परिणामका रूपमा बताए । 'यो जित मेरो मात्र होइन, सम्पूर्ण टिम र नेपाली मोटर स्पोर्टस्को सामूहिक संघर्षको परिणाम हो,' उनले भने, 'म एक दशकभन्दा बढी समयदेखि यसकै लागि मिहिनेत गरिरहेको थिएँ, अब नेपालमा मोटर स्पोर्टस्लाई अझै व्यवस्थित र व्यावसायिक बनाउनुपर्ने वेला आएको छ ।' भारतीले नेपाली मोटर स्पोर्टस् खेल्न र हेर्न मात्र नभएर जित्नका लागि सन्देश दिएको बताए ।

नेपाल, अस्ट्रेलिया र जापान सातौँ स्थानमा

च्याम्पियनसिपमा नेपालले अस्ट्रेलिया र जापानसँगै समान एक स्वर्ण जित्दै सातौँ स्थान संयुक्त रूपमा बाँडेको छ । पदक तालिकामा फिलिपिन्स शीर्ष स्थानमा छ । फिलिपिन्सले समान दुई स्वर्ण, रजत र कांस्य जितेको थियो । आयोजक श्रीलंका र हङकङले पनि दुई-दुई स्वर्ण हात पारे । तर, रजत तथा कांस्य पदक बढी जितेको श्रीलंका दोस्रो र हङकङ तेस्रो स्थानमा रहेको छ । मलेसिया, भारत र किर्गिस्तानले एक स्वर्ण जिते । मलेसियन चौथो, भारत पाँचौँ र किर्गिस्तान छैटौँ रहेका छन् । चाइनिज ताइपेई, पाकिस्तान, उज्वेकिस्तान र दक्षिण कोरिया रजत र कांस्यमै सीमित भए । चीन, सिंगापुर, माल्दिभ्स र बंगलादेश पदकविहीन भए ।



एसिया प्यासिफिक मोटर स्पोर्टस् च्याम्पियनसिप २०२५ मा स्वर्ण पदकका साथ आशिष भारती (बिचमा)



एक दशकदेखिको प्रयास हो

● **आशिष भारती**, स्वर्ण विजेता

यो जित मेरो मात्र होइन । सम्पूर्ण टिम र नेपाली मोटर स्पोर्टस्को सामूहिक संघर्षको परिणाम हो । मैले एक दशकभन्दा बढी समयदेखि यसकै लागि मिहिनेत गरिरहेको थिएँ, पदक जितेपछि अब नेपालमा मोटर स्पोर्टस्लाई अझै व्यवस्थित र व्यावसायिक बनाउनुपर्ने वेला आएको छ । नेपाली मोटर स्पोर्टस् खेल्न र हेर्न मात्र नभएर जित्नका लागि सन्देश दिएको छ ।

नेपालबाट ६ खेलाडी सहभागी

नेपालबाट अटो जिमखानामा तीन, कार्टिङ स्प्रिन्ट, कार्टिङ एन्डुरेन्स, कार्टिङ स्लालम, अटो जिमखाना, क्रस-कार अटोक्स र ई-स्पोर्टस् गरी ६ विधासँगै थप १२ विधागत वर्गमा प्रतिस्पर्धा भएको थियो ।

१६ वर्षदेखि अन्तर्राष्ट्रिय मञ्चमा नासा

सन् २००८ मा नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा नेपाल) स्थापना भएको थियो । मोटर स्पोर्टस् विश्वकै सबैभन्दा लोकप्रिय र व्यावसायिक खेलमध्ये एक मानिन्छ । अन्तर्राष्ट्रिय अटोमोबाइल महासंघ (एफआइए) र अन्तर्राष्ट्रिय मोटरसाइकल महासंघ (एफआइएम)अन्तर्गत हुने यस किसिमको खेलमा नेपालले १६ वर्षअघि मात्रै संस्थागत रूपमा प्रवेश गरेको टिम म्यानेजर रौनियारले बताए । 'नासा स्थापना भएपछि विभिन्न राष्ट्रिय प्रतियोगिता, तालिम, पूर्वाधार विकास र युवा आकर्षणका कार्यक्रममार्फत मोटर स्पोर्टस्मा सहभागिता जनाइरहेको छ,' उनले भने, 'निरन्तर प्रयासपछि नेपालमा अत्याधुनिक मोटर स्पोर्टस् ट्र्याक वा विश्वस्तरको सुविधा नभएको अवस्थामा ऐतिहासिक सफलता प्राप्त गर्न सफल भयौँ ।' मोटर स्पोर्टस्को माध्यमबाट साहसिक पर्यटनसँग जोड्न सकेमा खेलाडीलगायत देशकै पहिचान र पर्यटन उद्यमलाई नयाँ उचाइमा पुऱ्याउन सक्ने उनले बताए ।

राष्ट्रिय फुटबल टोलीमा ६ खेलाडीको पुनरागमन

गोलरक्षक विशाल सुनार, डिफेन्डरत्रय विमल पाण्डे, सनिश श्रेष्ठ, सुमित श्रेष्ठ, मिडफिल्डरद्वय कृतिशरत्न छुन्जू र आयुष घलानले भियतनामविरुद्धको खेलका लागि स्थान बनाए

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आइतबार भियतनामविरुद्धको दुई खेलका लागि राष्ट्रिय फुटबल पुरुष टोली घोषणा गरेको छ । टोलीमा ६ खेलाडीले पुनरागमन गरेका छन् । गोलरक्षक विशाल सुनार, डिफेन्डर विमल पाण्डे, सनिश श्रेष्ठ र सुमित श्रेष्ठ, मिडफिल्डरद्वय कृतिशरत्न छुन्जू र आयुष घलानले टोलीमा पुनः स्थान बनाएका हुन् । एन्फाले एएफसी एसियन कप छनोटअन्तर्गत तेस्रो चरणमा भियतनामविरुद्धको खेलका लागि टोली घोषणा गरेको हो ।

दक्षिण एसियाली प्रतिद्वन्द्वी बंगलादेशविरुद्ध दशरथ रंगशालामा भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा यी ६ खेलाडीले प्रतिस्पर्धा गरेका थिएनन् । तर, यी सबै खेलाडी एसियन कप छनोटको तेस्रो चरणअन्तर्गत लाओसविरुद्धको खेलमा टोलीमा थिए । घाइते भएका सनिश बंगलादेशसँग खेलेका थिएनन् । सुमित, कृतिश र आयुष भने यू-२३ एसियन कप छनोट प्रतियोगिताका लागि ताजकिस्तानमा थिए । राष्ट्रिय यू-२३ टोलीका मिडफिल्डर सन्तोष खत्री र स्ट्राइकर नीराजन धामी भने सिनियर टोलीमा अटाएका छैनन् ।

अस्ट्रेलियाली मुख्य प्रशिक्षक म्याट रसले प्रारम्भिक छनोट टोलीबाट १० खेलाडीलाई बाहिर राखेका छन् । रोसले घोषणा गरेको टोलीमा अमित लामा, आदित्य शाक्य, रन्दीप पौडेल, समीर तामाङ, सृजनराज गौतम र टिकेन्द्र थापा बाहिरिएका छन् । रन्दीप र सृजनराजले प्रारम्भिक छनोट चरणमै स्थान बनाउन सकेका थिएनन् । टोलीमा नअटेका खेलाडीले गत २३ भदौमा बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलमा थिए । मुख्य प्रशिक्षक रोसले आधिकारिक २३ खेलाडी समावेश गरेका छन् । उनले २३ सेप्टेम्बरमा ३३ खेलाडीलाई पहिलो चरणको प्रशिक्षणमा बोलाएका थिए ।

प्रतियोगिताको समूह 'एफ'मा रहेको नेपालले ९ र १४ अक्टोबरमा भियतनामसँग पहिलो र दोस्रो लेग खेल्ने तालिका छ । यसअघि छनोटमा नेपालले लाओसविरुद्ध २-१ को हार व्यहोरेको थियो ।

इतिहासमै नेपाल पहिलोपटक लाओससँग पराजित भएको थियो । यसअघिका प्रतिस्पर्धामा नेपाल लाओससँग पराजित भएको थिएन । मलेसियाले नेपाललाई २-० ले हराएको थियो । लगातार दोस्रो हारसँगै नेपाल हाल अंकतालिकाको पुछारमा छ । समूहको शीर्ष स्थानमा रहने टोलीले २०२७ मा साउदी अरेबियामा हुने एसियन कपमा स्थान बनाउनेछ ।

नेपालले भियतनामको मैदानमा 'होम म्याच' खेल्ने

नेपालले एएफसी एसियन कप छनोटअन्तर्गत भियतनामसँगको घरेलु खेल भियतनामकै मैदानमा खेल्नेछ । दुई राष्ट्रबिचको पहिलो लेग १४ अक्टोबरमा होची मिन्ह सिटीस्थित थोङ नहात रंगशालामा हुनेछ । नेपालले भियतनामसँगको 'होम म्याच' भियतनामकै मैदानमा खेल्ने भएको हो । निर्धारित तालिकाअनुसार नेपालले घरेलु मैदानका रूपमा दशरथ रंगशालमा खेल्नुपर्ने थियो । एएफसीले दशरथ रंगशालालाई अन्तर्राष्ट्रिय खेल खेलाउन अयोग्य भनेपछि नयाँ न्युट्रल मैदान खोज्न एन्फालाई भनेको थियो ।

एन्फाले भियतनामसँग उसैको मैदान रोजेको हो । नेपालले ९ अक्टोबरमा भियतानामविरुद्ध बिन दुंग रंगशालामा 'अवे' खेल खेल्नेछ । यसअघि एसियन कप छनोटको दोस्रो चरणमा बहराइनविरुद्ध पनि नेपालले होम र अवे दुवै खेल बहराइनमै गएर खेलेको थियो । रंगशाला अयोग्य भइहँदा नेपालले एसियन कप छनोट, विश्वकप छनोटका खेलहरू घरेलु मैदानमा खेल्न पाएको छैन । यद्यपि, गत भदौमा नेपाल र बंगलादेशबिचको फिफाको आधिकारिक खेल भने रंगशालामै भएको थियो ।

नेपाली टोली

अभिषेक लिम्बू, अनन्त तामाङ, अञ्जन बिष्ट, एरिक बिष्ट, आयुष घलान, विमल पाण्डे, विशाल सुनार, दीप कार्की, दिनेश हेम्जन, जिलेस्पीजंग कार्की, किरणकुमार लिम्बू (कप्तान), कृतिशरत्न छुन्जू, कुशल देउवा, लाकेन लिम्बू, मणिकुमार लामा, मनीष डाँगी, रोहित चन्द, रोहन कार्की, सनिश श्रेष्ठ, सुवास ठकुरी बम, सुमित श्रेष्ठ, सुमन श्रेष्ठ, योगेश गुरुङ

■ टी-२० अन्तर्राष्ट्रिय शृंखला

मलेसियासँग नेपाल १३ रनले पराजित



नयाँ पत्रिका

नेपाल दोस्रो महिला टी-२० अन्तर्राष्ट्रिय शृंखलाको तेस्रो खेलमा पनि घरेलु टोली मलेसियासँग पराजित भएको छ । मलेसियाको क्वालालम्पुरस्थित बायुमास मैदानमा आइतबार मलेसियाले नेपाललाई १३ रनले हराएको हो । पाँच खेलको शृंखलामा नेपाल २-१ ले पछाडि परेको छ । टस जितेर ब्याटिङ गरेको मलेसियाले नेपाललाई एक सय २१ रनको सामान्य लक्ष्य दिएको थियो । ब्याटिङ चल्न नसकेपछि नेपालले २० ओभरमा आठ विकेट गुमाएर एक सय सात रनको योगफल बनायो । पहिलो खेलमा तीन रनले पराजित भएको नेपालले दोस्रो खेलमा मलेसियामाथि ६ विकेटको जित निकालेको थियो । नेपालले आगामी जनवरीमा घरेलु मैदानमै हुने आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट खेल्दै छ । त्यसैको तयारीका लागि नेपाली महिला टोली मलेसिया पुगेको हो ।

नेपालकी रुबी पोद्दारले ३७ बलमा सर्वाधिक ३१ रनको योगदान दिइन् । कप्तान इन्दु बर्मा २२ रनमा अविजित रहिन् । सम्झना खड्काले १८ रन जोडिन् । मलेसियाका लागि अइस्या एलिसा फिर्दोउज र नुर डानिया स्युहदाले समान एक विकेट लिए । मलेसियाका लागि एना हमिजाह हासिमले ५८ बलमा ६१ रनको अर्धशतकीय इनिङ्स खेलेकी थिइन् । मास एलेसाले ३० रन बनाउँदा वान जुलियाले १६ रनको योगदान गरे । नेपालका लागि कविता कुँवर र कविता जोशीले समान दुई विकेट लिए ।

ब्याटिङ र बलिङमा कमजोर प्रदर्शन

नेपाले मलेसियाविरुद्ध तीन खेल खेलिसकेको छ । तर, नेपालले ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गर्न सकेको छैन । पहिलो खेलमा मलेसियासँग तीन रनले पराजित हुँदा नेपालको कमजोर ब्याटिङ प्रदर्शन भयो । यस खेलमा ब्याटिङ, बलिङ र फिल्डिङमा नेपाल चुकेको थियो । पहिलो खेलमा नेपाललाई अन्तिम ओभरमा सात रन चाहिएको थियो । तर, नेपाली खेलाडीले केवल तीन रन मात्र बनाए । मलेसियाले २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय पाँच रनको लक्ष्य प्रस्तुत गरेको थियो । नेपालले २० ओभरमा सात विकेट गुमाएर एक सय एक रन बनाएको थियो । नेपालका लागि पूजा महतोले २९ बलमा सर्वाधिक ३० रन बनाउँदा सम्झना खड्काले १६ बलमा १८ रन जोडिन् । कविता जोशीको नाममा १३ रन रह्यो । मलेसियाका लागि नुर डानियाले सर्वाधिक तीन विकेट लिइन् ।

पहिलो खेलदमा मलेसियाकी कप्तान विनिफ्रेड दुरैसिंगमले सर्वाधिक २६ रन बनाइन् । उनले ४१ बलको सामना गर्दा एकै चौका लगाइन् । ओपनर ऐना हमिजा हसिमाले २६ रन र मास ऐसाले २५ रन बनाएका थिए । नेपालीले मलेसियालाई ११ अतिरिक्त रन दिएको थियो । नेपालकी सुमन विष्टले सर्वाधिक दुई विकेट लिइन् । उनले चार ओभरमा एक मेडनसहित २१ रन खर्चिन् । पूर्वकप्तान रुबिना क्षेत्रीले एक विकेट लिएकी थिइन् ।

■ ब्याटिङ प्रशिक्षण गर्दै



आइसिसी टी-२० पुरुष विश्वकपअन्तर्गत एसियन छनोटको तयारी क्रममा नेपाली टोलीका कप्तान रोहित पौडेल आइतबार ओमानको इमरेट मैदानमा ब्याटिङ प्रशिक्षण गर्दै । तस्बिर : सौजन्य क्यान

अञ्जिलाले पुनः सेथुबाट खेल्ने

काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी पूर्वकप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बा भारतीय क्लब सेथु एफसीमा फेरि आबद्ध भएकी छिन् । क्लब र अञ्जिलाबिच आधा सिजनका लागि सम्झौता भएको हो । अञ्जिलाले सेथुबाट प्रशिक्षण सुरु गरिसकेकी छिन् । उनी तेस्रोपटक भारतीय लिग खेल्दै छिन् । यसअघि पनि उनले सेथुबाट खेलेकी हुन् । सन् २०२३-०२४ को सिजनमा अञ्जिला टोलीको कप्तान नै थिइन् ।



पछिल्लो सिजन भने उनले युरोपेली लिग खेलेकी थिइन् । युरोपेली लिग खेल्ने दोस्रो नेपाली खेलाडी बनेकी उनले ग्रिसको निस अट्रोमिटौबाट एक सिजन खेलेकी हुन् । यसपटक विभागीय टोली एपिएफ क्लबबाट एएफसी महिला च्याम्पियन्स लिगको छनोट खेल पनि खेलेकी थिइन् । ताजकिस्तानमै रहँदा सम्झौता गर्न नपाएपछि उनी आधा सिजनपछि मात्रै युरोपेली लिगका लागि आबद्ध हुने तरखरमा छिन् ।

'युरोपबाटै खेल्ने अवसर पनि आएको थियो । तर, ताजकिस्तानमा हुँदा सम्झौता गर्न पाइनँ,' अञ्जिलाले भनिन्, 'तत्काललाई सेथुबाट भारतीय लिग खेल्छु । मध्य सिजनमा पुनः युरोपेली क्लबसँग नै जोडिन्छु ।' यसअघि अञ्जिलाले पाकिस्तानी टिम मासा युनाइटेडबाट पनि खेलेकी थिइन् । उनले राष्ट्रिय टोलीबाट ५७ अन्तर्राष्ट्रिय खेल खेलिसकेकी छिन् । अञ्जिला नेपालबाट सर्वाधिक खेलमा आर्म ब्यान्ड लगाउने खेलाडीमा पनि पर्छिन् । नोभेम्बरबाट सुरु हुने भारतीय महिला लिगमा पूर्वविजेता इस्ट बंगालसहित आठ टिम सहभागी हुँदै छन् । भारतीय लिग हालसम्म गोकुलम केरेलाले सर्वाधिक तीनपटक जितेको छ ।

शीर्ष स्थानमा उक्लियो रियल म्याड्रिड

एजेन्सी

रियल म्याड्रिड स्पेनिस ला लिगाको शीर्ष स्थानमा उक्लिएको छ । रियलले भिल्ला रियललाई शनिबार राति ३-१ ले हराउँदै पुनः अंकतालिकाको शीर्ष स्थानमा पुगेको हो । गत साता म्याड्रिड 'डर्बी'मा एट्लेटिको म्याड्रिडसँग रियल ५-१ ले लजास्पद हारको सामना गरेको थियो । सन् १९५० पछि एट्लेटिकोले रियलमाथि पाँच गोल गरेको थियो । भिल्ला रियलमाथि जित निकाल्ने क्रममा रियलका लागि भिनिसियस जुनियरले दुई गोल गरेका थिए । पहिलो हाफमा दुवै टोलीबिच गोलरहित बराबरी भएको थियो ।

खेलको ४६औँ मिनेटमा रियलले १-० को अग्रता लियो । जुनियरले रियललाई खेलमा पहिलोपटक अग्रता दिलायो । उनले केलियन एम्बाप्पेको सटीक पासमा गोल गरेका थिए ।

खेलको ६९औँ मिनेटमा रियलले पेनाल्टी पायो । राफा मारिनले डी-बक्सभित्र रियलका खेलाडीलाई फल गरेका थिए । भिनिसियसले सहजै गोल गरी रियललाई २-० को अग्रता दिलाए ।

खेलको ७३औँ मिनेटमा भिल्ला रियलले खेललाई २-१ को गोलअन्तरमा ल्याएको थियो । जर्ज मिकाउताले रियलका गोलरक्षक थिबाउटलाई मौका नदिई गोल गरेका थिए । भिल्ला रियलका सान्तियागोले भिनिसियसलाई फल गरेपछि दोस्रो पहेँलो कार्डसँगै मैदानबाट बाहिरिए । खेलको ८१औँ मिनेटमा एम्बाप्पेले रियललाई ३-१ को स्थितिमा राखे । जितसँगै रियलले आठ खेलबाट २१ अंक जोडेको छ । साबिक विजेता बार्सिलोना रियलभन्दा दुई अंकले पछाडि छ । भिल्ला रियल १६ अंकसहित तेस्रो स्थानमा छ ।



इन्जुरी समयमा चेल्सीको जित

इंग्लिस प्रिमियर लिगमा चेल्सीले खेलको अन्तिम इन्जुरी समयमा साबिक विजेता लिभरपुललाई २-१ ले निराश बनाएको छ । विलियन एस्टेभाओले अन्तिम इन्जुरी समयमा निर्णायक गोल गरेका थिए । जितसँगै चेल्सी प्रिमियर लिगको अंकतालिकामा छैटौँ स्थानमा उक्लिएको छ । लगातार तीन खेल हारेको लिभरपुल दोस्रो स्थानमा सीमित भएको छ । प्रिमियर लिगमा आर्सनलले वेस्ट हम युनाइटेडलाई २-० ले हराउँदै लिगको शीर्ष स्थानमाथि कब्जा जमाएको थियो । शीर्ष स्थानमा पुग्न लिभरपुलले चेल्सीलाई हराउनैपर्ने थियो । तर, निर्णायक खेलमा लिभरपुल पराजित भयो ।

चेल्सीका मोसेसले खेलको १४औँ मिनेटमा १-० को गोल गरे । पहिलो हाफमा लिभरपुलले बराबरी गोल फर्काउन सकेन । खेलको ६३औँ मिनेटमा लिभरपुलले १-१ का लागि गोल गऱ्यो । कोडी गाक्पोले डी-बक्सभित्र सहजै गोल गरेका थिए । खेलको अन्तिम इन्जुरी समयको पाँचौँ मिनेटमा चेल्सीले बाजी मार्‍यो । लिभरपुल प्रिमियर लिगमा गत साता क्रिस्टल प्यालेससँग पराजित भएको थियो । म्यानचेस्टर युनाइटेडले सन्डरल्यान्डलाई २-० ले हरायो । म्यानचेस्टरको जितमा मासोन माउन्ट र बेन्जामिन सास्कोले समान एक गोल गरे । यसैगरी, टोटनह्यामले लिड्स युनाइटेडलाई २-१ ले पराजित गरेको छ ।

एस्टोन भिल्लाले बर्नलीलाई हरायो

प्रिमियर लिगको आइतबार भएको खेलमा एस्टोन भिल्लाले बर्नलीमाथि २-१ को कठिन जित निकालेको छ । अर्को खेलमा एभर्टनले क्रिस्टिल प्यालेसलाई २-१ ले निराश बनायो । वल्भेरह्याम्पटन र ब्राइटनबिचको खेलमा १-१ को बराबरीमा सकिएको छ । अंकतालिकामा क्रिस्टल प्यालेस १२ अंकका साथ पाँचौँ स्थानमा छ । टोटनह्याम तेस्रो स्थानमा छ । शीर्ष स्थानमा रहेको आर्सनल र लिभरपुलबिच एक अंकको अन्तर रहेको छ । आर्सनलले १६ तथा लिभरपुलले १५ अंक जोडेको छ । लिभरपुललाई पाखा लगाएको चेल्सी ११ अंकका साथ सातौँ स्थानमा छ । चेल्सीले चालू लिगमा तीन जित निकालेको छ । चेल्सीले समान दुई हार र बराबरी खेलेको छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com